# अनुसन्धान परिचय

नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग स्नातकोत्तर तहको दशौं पत्रको पाठ्यांश परिपूर्तिको लागि शोधपत्र लेखनको लागि "राष्ट्रिय संग्रहालयका प्रस्तर वैष्णव मूर्तिहरू" शीर्षकमा प्रस्ताव पेश गरेको छु ।

**१. अनुसन्धान परिचय**

प्रस्तावनामा उल्लेख भएको शीर्षकलाई केही परिवर्तन गरी "राष्ट्रिय संग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू" मा शोध पत्र तयार गर्नेछु । संग्रहालयको परिभाषा तथा नेपालमा संग्रहालयको स्थापना, भूमिका साथै राष्ट्रिय संग्रहालयको परिचय, विकासक्रमको बारेमा छोटो जानकारी दिनेछु । मूर्तिकलाको परिचय र विकासक्रमको बारेमा उल्लेख गरेकी छु । वैष्णव धर्म र मूर्तिकलाको संक्षिप्त वर्णन गरेकी छु । नेपालमा वैष्णव धर्मको शुरुवात तथा मूर्ति निर्माणको बारेमा छोटो जानकारी दिएकी छु । राष्ट्रिय संग्रहालय भित्र रहेका प्रदर्शित तथा अप्रदर्शित केही प्रमुख मूर्तिहरूको बारेमा उल्लेख गरेकी छु । ती मूर्तिहरूको फोटो पनि समावेश गरेकी छु । तुलनात्मक अध्ययन यसमा समावेश गरिएको छैन । यस अध्ययनमा मूर्तिहरूको इन्भेन्टरी, सि.नं., मिति, प्राप्त ठाउँको बारेमा लेखेकी छु ।

**२. अनुसन्धानको उद्देश्य**

(क) संग्रहालय र राष्ट्रिय संग्रहालयको बारेमा परिचय दिने ।

(ख) मूर्तिकलाको विषयमा छोटो चर्चा गर्ने ।

(ग) वैष्णव धर्म र नेपालमा यसको शुरुवातको सम्बन्धमा चर्चा गर्ने ।

(घ) संग्रहालयमा अप्रदर्शित मूर्तिहरूको बारेमा विस्तृत जानकारी लिने ।

**४. पूर्वकार्यको समीक्षा:**

(क) **"राष्ट्रिय संग्रहालयका केही मूर्तिहरू"** शीर्षकमा वीणा घिमिरेज्यूको शोधग्रन्थमा राष्ट्रिय संग्रहालय भित्र प्रर्दशनीमा राखिएका प्रस्तर, धातु र काठका मूर्तिहरू तथा चित्रकलाको बारेमा पनि लेखिएको छ ।

(ख) **"काठमाडौं उपत्यकाका वैष्णव मूर्तिकला"** शंकर श्रेष्ठज्यूको शोध ग्रन्थमा उपत्यकामा रहेका प्राय सबै मूर्तिकलाहरूको उल्लेख गरिएको छ ।

(ग) गोविन्द भट्टराईको पुस्तक **"नेपाली मूर्तिकला"** मा मूर्तिका प्रतिमा लक्षण बारे वर्णन गरिएको छ तर त्यसमा राष्ट्रिय संग्रहालयका सम्पूर्ण वैष्णव मूर्तिहरूको बारेमा लेखिएको छैन । यस पुस्तकले शोध ग्रन्थ लेखनमा मद्दत पुग्नेछ ।

(घ) वृज भूषण श्रीवास्तवज्यूको **"प्रतिमा विज्ञान एवं मूर्तिकला"** विश्वविद्यालय प्रकाशन, चौक, वाराणसी २२१००१ यस पुस्तकमा विष्णुका प्रतिमा लक्षणका बारेमा विस्तृत वर्णन गरिएको छ । शोध ग्रन्थ लेखनमा यो पुस्तक निकै उपयोगी हुनेछ ।

(ङ) वीणा पौड्याल ज्यूको पुस्तक **"काठमाडौं उपत्यकाका विष्णु विभवका मूर्तिहरू"** मा उपत्यका भरका विष्णु विभवका मूर्तिहरूको प्रतिमा लक्षणका बारेमा विस्तृत जानकारी दिइएको छ । यस शोध ग्रन्थ लेखनमा यो पुस्तक उपयोगी साबित भएको छ ।

## ५. समस्याको कथन

(क) राष्ट्रिय संग्रहालय नेपालको ठूलो संग्रहालय भएपनि यहाँका मूर्तिहरूको विस्तृत जानकारी नभएकोले ।

(ख) यस संग्रहालयको प्रस्तर वैष्णव मूर्तिको मात्र उल्लेख भएको लेख, ग्रन्थ नभएकोले ।

(ग) यस संग्रहालयको भण्डार शाखामा रहेको वैष्णवका प्रस्तर मूर्तिहरूको तथ्य कुरा जानकारी नभएकोले ।

## ६. परिकल्पना

"राष्ट्रिय संग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू" यस शीर्षकमा शोध ग्रन्थ तयार भएपछि मूर्ति प्रेमीहरूलाई केही हदसम्म मद्दत पुग्ने छ । यस शोध ग्रन्थको अध्ययन पछि राष्ट्रिय संग्रहालयमा रहेका प्रदर्शित मात्र नभई अप्रदर्शित मूर्तिहरूका बारेमा पनि राम्रो तथ्य जानकारी हुनेछ । प्रदर्शित वस्तुहरूको जानकारी सजिलै हासिल गर्न सकिन्छ तर भण्डारमा रहेका मूर्तिहरूको जानकारी पाउन अलि गाह्रो हुने हुंदा यस शोधग्रन्थले यो समस्याको समाधान गर्नेछ । हालसम्म तिथि मिति भएको विष्णु विक्रान्तको मूर्तिलाई पहिलो मूर्ति मानिएको छ । भण्डारमा रहेका मूर्तिहरूको अध्ययन अनुसन्धान पछि यस भन्दा पहिलेको

मूर्तिहरू पनि भेटिने छ । लिच्छवीकालीन वैष्णव मूर्ति त्रिविक्रम वामन मूर्तिको समकालीन अरु मूर्तिहरू पनि  भेटिनेछ ।

## ७. शोध विधि

(क) पुस्तकालय प्रयोगविधि

पुस्तक, लेख, शोध ग्रन्थ अध्ययन ।

प्रकाशित अप्रकाशित लेखहरूको अध्ययन ।

(ख) स्थलगत अध्ययन विधि

अवलोकन, अध्ययन, चित्र, रेखाचित्र, अन्तरवार्ता, प्रश्नावली

यस शोधग्रन्थ तयार गर्न उपरोक्त सबै विधिहरू अपनाइएको छ ।

## ८. अध्ययनको सीमा

राष्ट्रिय संग्रहालयमा प्रस्तर वैष्णव मूर्तिहरू थुप्रै संख्यामा रहेका छन् । त्यसमा पनि प्रदर्शित तथा अप्रदर्शित गरी प्रस्तरका कलाकृति लगभग पाँचसयको संख्यामा छ । यस शोध ग्रन्थमा प्रदर्शित अप्रदर्शित रुपमा रहेका प्रस्तरका वैष्णव मूर्तिहरूको मात्र अध्ययन गरिएको छ । राष्ट्रिय संग्रहालय परिसर भन्दा बाहिरका कुनै पनि मूर्तिको उल्लेख तथा अध्ययन गरिएको छैन । वैष्णव मूर्ति अन्तर्गत शोधग्रन्थको शीर्षक अनुरुप नारायण, विष्णु, श्रीधर विष्णु, लक्ष्मी नारायण, विष्णुको वाहन गरुड, शक्ति लक्ष्मी, आयुधहरूको पनि वर्णन गरिएको छ, साथै मूर्तिहरूको फोटो पनि समावेश गरिएको छ । तुलनात्मक अध्ययन अनुसन्धान गर्दा संग्रहालय बाहिरका मूर्तिहरूको  उल्लेख पनि गरिएको छैन । शैव, शाक्त, सौर्य र बौद्ध धर्मसँग सम्बन्धित मूर्तिहरूको अध्ययन अनुसन्धान गरिएको छैन । तुलनात्मक अध्ययनको क्रममा भित्ते चित्र, ग्रन्थ चित्र आदि चित्रहरूको उल्लेख गरिएको छैन ।

# संग्रहालयको परिचय

**अर्थ**

संग्रह + आलय = संग्रहालय जसको अर्थ संग्रह गर्ने घर भन्ने बुझिन्छ । प्रारम्भमा संग्रहालय शब्दको परिभाषा विभिन्न वस्तुहरू थुपार्ने भण्डार घर वा आमोद प्रमोद गर्ने स्थलको रुपमा गरिन्थ्यो । हाम्रो जस्तो देशमा त अझै संग्रहालय शब्दलाई यसै अनुरुप परिभाषित गरेको देखिन्छ । अहिले पनि नेपाली समाजमा प्रचलित उखान "काम नपाए संग्रहालय र हुलाक जानु" भनिन्छ । समाजका चेतनशील व्यक्ति मात्र संग्रहालयद्वारा गरिने गहन जिम्मेवारकिो जानकारी राख्दछन् । तर समयको साथसाथै संग्रहालय प्रति मानिसको सोचाईमा परिवर्तन हुँदैछ ।

ल्याटिन शब्द 'म्युजियम' ग्रीक शब्द "म्युज" बाट आएको हो । जसले ग्रीक भाषामा कला र विज्ञानको देवीहरूको मन्दिर भन्ने बुझाउँछ । प्राचीन ग्रीकमा कला र संगीतका नौ वटी देवीहरू राख्न बनाएको स्थललाई म्यूजियम भनिन्थे ।

जर्ज ब्राउन गुडका अनुसार संग्रहालय भनेको प्रकृतिका अद्भुत पदार्थहरूको र मानिसका कृतिहरूको संरक्षण गर्ने एउटा अनुपम स्थान हो, जसको सदुपयोगबाट मनुष्यले आफ्नो संस्कृति संरक्षण र बौद्धिक विकासको निम्ति आफ्नो ज्ञानको विकास गर्न सक्दछ ।[1]

'अक्सफोर्ड शब्दकोष' अनुसार प्राकृतिक, ऐतिहासिक तथा कलासँग सम्बन्धित वस्तुहरू संकलन तथा प्रदर्शन गर्ने भवनलाई संग्रहालय भनिएको छ ।

कुनैपनि राष्ट्रको चौतर्फी विकासमा संग्रहालयको आफ्नै ढंगको उत्तरदायित्व छ । संग्रहालयले समाजमा विभिन्न व्यक्तिहरूको अभिरुचि हेरी सो अनुसार कार्यक्रम प्रस्तुत गरी समाजको ठूलो सेवा गरिरहेको हुन्छ । जसरी शिक्षा मानिसको चौतर्फी विकासको लागि आवश्यक छ । शिक्षाले मानिसको जीवनबाट अध्यारो हटाई उज्यालो प्रदान गर्दछ । यस्तै प्रकारले संग्रहालयले आफ्नो संग्रहित वस्तुहरू मार्फत राष्ट्रिय स्तरमा मात्र होइन अन्तराष्ट्रिय स्तरमा समेत अत्यन्त प्रभावकारी भूमिका प्रस्तुत गरिराखेको हुन्छ ।संग्रहालयका कार्यहरू अध्ययन, विशलेषण एवं चिन्तन गर्ने हो भने संग्रहालय शिक्षा विलासीको माध्यम नभई समाजको लागि एक अपरिहार्य क्षेत्र तथा नभई नहुने संस्था हो । संग्रहालय एउटा लाभ उन्मुख नभई सेवा उन्मुख संस्था हो ।

---

[1] Encyclopedia Britanica, vol 15, W Benton (USA 1969), P. 1033

भनिन्छ, कुनै देश पुरा घुम्न नसके त्यस देशको संग्रहालय घुम्नु पर्दछ । जसले त्यस देशको विगत देखि वर्तमान सम्मका घटना तथा कला, संस्कृति बारेमा पूर्ण जानकारी गराउँदछ ।

संग्रहालय राष्ट्र कै धरोहर हुन् । सम्पूर्ण समाजले त्यसमा गर्व गर्नु पर्दछ र सदैव आफ्नो ठान्नु पर्दछ । एउटा प्रजातान्त्रिक समाजका मानिसहरू कला र संस्कृतिका वास्तविक संरक्षक हुन् । आजको परिवेशमा संग्रहालय कला र शिक्षाको केन्द्रको रुपमा हुनु पर्दछ । संग्रहालयलाई मनोरञ्जन गर्ने एउटा केन्द्र, निरन्तर ज्ञान फैलाउने थलोको रुपमा विकसित गराउनु पर्दछ ।

संग्रहालयमा वस्तुको प्रदर्शनी राम्रो तरिकाले गर्नु पर्दछ । शिक्षित अशिक्षित दुवै वर्गले राम्रो ज्ञान हासिल गर्न सक्ने हुनु पर्दछ । संग्रहालय जस्तो पवित्र ठाउँमा राखिएका कलात्मक वस्तुहरूको अवलोकनबाट आफ्नो दायित्व र राष्ट्रको बहुमूल्य सम्पत्ति महशुस हुन्छ ।

## संग्रहालयको भूमिका

संग्रहालय आफ्नो विविध क्रियाकलापद्वारा शिक्षा र संस्कृतिको महान केन्द्र बन्न पुगेको छ । आजको परिप्रेक्ष्यमा संग्रहालयलाई सामान्य मनोरञ्जनको केन्द्रस्थलको रुपमा लिइदैछ । संग्रहालय ईतिहास, संस्कृति, कला, विविध जातजाति, राष्ट्रिय शिक्षाको प्रचार प्रसार, अध्ययन तथा अनुसन्धानको एउटा केन्द्र पनि हो । राष्ट्रिय ईतिहासको गौरवमय विश्लेषणात्मक अध्ययन अनुसन्धानमा संग्रहालयको प्रमुख भूमिका हुन्छ । यसले विभिन्न कालको राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक एवं आर्थिक क्षेत्रमा एउटा महत्वपूर्ण योगदान पुऱ्याउँदछ । विभिन्न वस्तुहरूको संरक्षण, सम्बर्द्धन, स्थायी प्रचार प्रसारको लागि नै संग्रहालयको स्थापना भएको हुन्छ । संग्रहालय एउटा अत्यन्त जिम्मेवार तथा गतिशिल संस्था हो । देशका अन्य संस्थाहरूको जस्तै समाज प्रति यसको गहन जिम्मेवारी छ । समाजमा विभिन्न वर्गहरूको अभिरुचि हेरी सबैको इच्छा अनुरुप विषय वस्तुलाई सरल, प्रभावकारी तथा उपयोगी बनाउनमा यसको अरु संस्थाहरू सरह नै भूमिका देखिन्छ । यसै दृष्टिले संग्रहालयको स्थान स्कूल, कलेज, विश्वविद्यालय, पुस्तकालय भन्दा भिन्न छ किनकी यी संस्थाहरूमा शिक्षितहरूका लागि मात्र स्थान छ । तर संग्रहालयमा शिक्षित अशिक्षित,

बालक, बृद्ध, महिला सबैको लागि आ-आफ्नो ढंगको स्थान छ । यस दृष्टिकोणले संग्रहालय अरु संस्थाहरू भन्दा बढी सक्षम गतिशिल तथा उद्यमी संस्था हो । यस प्रकारले संग्रहालय संस्कृतिको पनि केन्द्र मानिएको छ । अझ भन्ने हो भने सांस्कृतिक पर्यटनको मुख्य स्थल पनि हो । जनताको जानकारीको लागि खोलिएको कुनै पनि स्थान जहाँ कलात्मक ऐतिहासिक र वैज्ञानिक महत्वका वस्तुहरू अध्ययन र प्रदर्शनको लागि संकलन र संरक्षण गर्ने लक्ष्य हुन्छ, त्यसलाई साधारण रुपमा संग्रहालय वा म्यूजियम भनिन्छ ।

संग्रहालय सम्बन्धी अन्तराष्ट्रिय संगठन 'आइकम' ले आफ्नो विधानमा 'संग्रहालय' शब्दको व्याख्या यसरी गरेको छ, "कुनै स्थायी निर्माणशाला जसको मूलभूत उद्देश्य, संरक्षण विभिनन प्रकरणहरूको माध्यमद्वारा अध्ययन र खास गरेर दर्शक वर्गको अभिरुचि हेरी कलात्मक, ऐतिहासिक, वैज्ञानिक एवं शिल्पकला सम्बन्धी वस्तुहरू संकलन गरी प्रदर्शन गर्ने स्थल"[२] ।

## संग्रहालयको विकास

विभिन्न वस्तुहरूको संग्रह गर्ने क्रममा संग्रहालयको विकास भएको हो । मानिसहरूको संग्रह गर्ने प्रवृत्ति मानव सम्यताको विकास कालदेखि नै अप्रत्यक्ष रुपमा भएको थियो । प्रागऐतिहासिक कालमा मानिसहरूले आफ्नो मनको भावना व्यक्त गर्न गुफाका भित्ताहरूमा विभिन्न आकृतिहरू कोर्न गर्दथे । जसलाई हामी प्रागऐतिहासिक कलात्मक संग्रहको रुपमा लिन सक्छौं । यस्ता संग्रह युक्त गुफाहरूमा अल्टामिरा, काष्टिलो, दोरदोग्ने, फन्टेगन, अजन्ता अलोरा आदि बहुचर्चित छ । मानिसहरूले आफ्नो सौख अनुसार विभिन्न वस्तुहरूका साथै उपहार स्वरुप पाएका वस्तुहरू पनि संग्रह गर्न थाले ।

संग्रहालयको विकासको क्रममा सर्वप्राचीन संग्रहालयको अवशेष तथा त्यहाँ संग्रहित केही वस्तुहरू एक पेट्रीले वि.सं. १९५५(ई.१८९८) मा मिश्रमा उत्खनन् गर्दा प्राप्त गरको थियो । जसको स्थापना रामाशेस द्वितीयले ईशापूर्व तेह्रौ शताब्दीमा गरेको थिए । जुन संग्रहालयको स्थापना यिनले आफ्नो व्यक्तिगत रुचिका विभिन्न स्थानबाट प्राप्त प्राचीन वस्तुहरू संग्रह गर्ने क्रममा भएको थियो । रामशेस पछि नवोनिदशले ई. पूर्व छैठौं

---

२ P.K. Dwidedi, 'Museum in Nepal', S.K. Dwevedi (Kathmandu) 15 Dec. 1976, P. 57

शताब्दीमा बेबिलोनमा एक संग्रहालयको स्थापना गरे । जहाँ यिनले प्राचीन भग्नावशेष उत्नन् गर्ने क्रममा प्राप्त भएका वस्तुहरू संग्रह गरेका थिए ।

पन्ध्रौं शताब्दीमा इटालीमा फ्लोरेन्स नामक प्रथम संगठित कला तथा विज्ञान संग्रहालयको स्थापना गरियो । जसमा प्राकृतिक वस्तुहरूबाट बनाइएको औषधी, साबुन, स्याम्पु आदि संकलन गरिएको थियो । यि सबै वस्तुहरू व्यवस्थित ढंगबाट संग्रह गरिएको थियो । यस पछि संग्रहालयको सिद्धान्तले विश्वव्यापी रुप लियो । सोह्रौ शताब्दी देखि संग्रहालय संगिठत रुपमा विकास भयो सत्रौ शताब्दीमा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा आधुनिक संग्रहालयको स्थापना भयो । जुन वि.सं. १७४० (ई. १६८३) मा औपचारिक रुपमा सर्वसाधारणका लागि खुल्ला गरियो । यस संग्रहालयको नाम अस्मोलियन थियो । वि.सं. १८१० (सन् १७५३) मा विश्व प्रसिद्ध ब्रिटिस संग्रहालयमा ह्यान्स स्लोअन नामक चिकित्सकले वस्तुहरू संग्रह गर्ने उद्देश्यले खोलियो । जुन व्यक्तिगत संग्रहालय थियो । वि.सं. १९२६ (ई. १८६९) अमेरिकन म्यूजियम अफ नेचुरल हिस्ट्रि, वि.सं. १९२७ (ई. १८७०) मा मेट्रोपोलिटन अफ आर्ट, १८७९ ए.डी.मा आर्ट इन्स्टिच्युट अफ शिकागों जस्ता संग्रहालयहरूको स्थापनाले संग्रहालयको विकासमा ठूलो योगदान मिल्यो । वि.सं. २००७ ( सन् १९५०) देखि संग्रहालयको विकास पृथक ढंगबाट भयो । आईकम (इन्टरनेशल काउन्सिल अफ म्यूजियम) आई.आई.सी. (ईन्टरनेशनल इन्स्टिच्युट अफ कन्जरभेशन) आदि जस्ता संग्रहालयसँग प्रत्यक्ष सम्पर्क राख्न संघ संस्थाले संग्रहालयको विकासमा ठूलो योगदान पुऱ्यायो । क्रमशः अर्थ उपार्जन, समुद्री यात्रा तथा हवाई यात्रा जस्ता तत्वले पनि व्यक्तिवादी संग्रहालयको सोचमा तिब्रता दिन सक्यो । यसै समयमा जेम्स स्मियसन नाम गरेको व्यक्ति सरकारी क्षेत्रको मात्र दायित्व नभई व्यक्ति तथा समुदायको पनि संग्रहालयमा संलग्नता हुनु पर्छ भन्ने धारणालाई आर्थिक सहयोग तथा सरसल्लाह दिई सग्रहालयको विकासलाई थप योगदान पुऱ्यायो । उनले स्मिथ्सन नामक संस्था स्थापना गऱ्यो । उनको उद्देश्य संग्रहालय सम्बन्धित ज्ञान मानव समक्ष पुऱ्याउनु थियो । यसपछि युरोपियन मुलुकको विश्वविद्यालयहरूमा स्नातकोत्तर आदिको लागि संग्रहालय शास्त्रलाई पाठ्यक्रममा समावेश गरियो । बीसौं शताब्दीमा आएर संग्रहालयको क्षेत्र अझ बढी विकास भयो ।

# विश्वमा संग्रहालयको विकास

प्राचीन साहित्यको अध्ययनबाट हामीलाई यो ज्ञान हुन्छ कि विश्व विजेता सिकन्दरले आफ्नो एसियाको विजय गर्ने क्रममा आफ्नो साथमा वैज्ञानिकहरूको एक टोली पनि लैजान्थे जसले प्राकृतिक इतिहाससँग सम्बन्धित सामग्रीहरू संकलन गर्दथे । ती सामग्रीहरू पछि अरस्तुलाई पठाउँथे । अरस्तु ती सामग्रीहरूको संग्रह गर्दथे तर उनको संग्रह धेरै समयसम्म टिक्न सकेन । विश्वको पहिलो मोसियो (म्युजियमको लैटिन रुपान्तर) मिश्रको अलेक्जेण्ड्रिया नामक स्थानमा ई.पू. २९० को आसपास स्थापना गरियो । यसको स्थापनाको श्रेय हाल्मी सोटरलाई दिइन्छ । यसको उद्देश्य विद्वानहरूद्वारा अध्ययन एवं शोध कार्यको गरिएको थियो  किनकी अलेक्जेण्ड्रिया शिक्षाको प्रमुख केन्द्रको रुपमा चर्चित थियो । यस संग्रहालयमा विभिन्न प्रकारको दानमा दिएको वस्तुहरू सम्मिलित थियो । जसमा दार्शनिकहरूको मूर्तिहरू नक्षत्र विद्या एवं शल्य चिकित्सा सम्बन्धी उपकरण र शारिरिक संरचना, हात्ती दाँत, पशुहरूको छाला आदिको संग्रहको साथै प्रयोगशाला तथा वनस्पति एवं प्राणी उद्यान र एक महत्वपूर्ण ठूलो पुस्तकालय पनि थियो । यहाँ विभिन्न विषयका विद्वानहरू रहन्थे जो ज्ञानबर्द्धक शोध कार्य गर्दथे । यी विद्वानहरूमा टाल्मी, प्लिनी, हेरो आर्कमिडिज र युक्लिडको नाम उल्लेखनीय छ । जसले यसै स्थानमा बसेर महत्वपूर्ण वैज्ञानिक अन्वेषण गरे । दुर्भाग्यवश यो संग्रहालय तेस्रो शताब्दी ई.को राजनैतिक उथलपुथलको कारण नष्ट भयो । ३००० वर्ष ई.पू. मा मेसोपोटामियामा निर्मित जिगुरतलाई पनि एक प्रकारको संग्रहालय मानिन्छ किनकी यहाँ पनि धार्मिक सामग्रीहरू संग्रह गरिन्थ्यो । असिरियाको पुस्तकालय पनि संग्रहालयको एक रुप थियो ।

प्राचीन साहित्यको अलेक्जेण्ड्रियाको संग्रहालय पछि वर्षौसम्म कुनै दोश्रो संग्रहालयको उल्लेख पाइदैन । तर विभिन्न प्रकारका संग्रहको उल्लेख पाइन्छ । युनानी मन्दिरहरूमा भेट स्वरुप प्रदान गरिएका सुन चाँदी एवं कास्य आदि बहुमुल्य धातुबाट निर्मित मूर्तिहरू, चित्रहरू तथा सुन चाँदीका भण्डार भएको उल्लेख पाइन्छ । जसको उपयोग संकटकालमा हुन्थ्यो । चित्रहरूको संग्रहलाई “पिनाकोटोक” भनिन्थ्यो । रोम शहरमा मूर्तिहरू, चित्र एवं आक्रमणको बेला लुटिएका सम्पत्ति आदिको सार्वजनिक स्थान, बजार, उद्यान, मन्दिर, नाट्यशाला, स्नानागार आदि स्थानहरूमा जनसामान्यको अवलोकनको लागि

प्रदर्शित गर्ने परम्परा प्रचलित थियो र रोमन सेनाहरूको सेनापति तथा सामन्त वर्गका व्यक्तिहरू यस्ता वस्तुहरू आफ्नो निजी संग्रहका लागि लिन्थ्ये ।

इटालीमा प्राचीन यूनानी वस्तुहरूका संग्रह विशेष गरेर पुनर्जागर सम्बन्धी साहित्य, संस्कृति, कला एवं स्थापत्यको क्षेत्रमा अत्यन्त प्रभावशाली रह्यो । यस्तै आश्चर्यजनक वस्तुहरूको संग्रहको प्रवृत्ति पनि मानिसहरूमा थियो । प्रकृतिमा पाइने असाधारण वस्तुहरू तथा लक्षित कलाको नमूनाहरू विदेशबाट ल्याएर संग्रह गर्ने परम्परा युरोपबीच देशहरूमा प्रचलित थियो । संग्रहहरूको व्यापकताको प्रदर्शित गर्नको लागि पन्धौं शताब्दी ई. मा इटालीमा म्युजियमको प्रयोग फ्लोरेंसमा “लोरेंजो द मेडिसी” को संग्रहको सन्दर्भको प्रयुक्त भयो । प्राचीन रोम युनानमा व्यक्तिगत संग्रहको भावना अत्यन्त प्रचलित थियो । यी कुराहरू होमर देखि प्लुटार्क सम्मको रचनाहरूमा प्राप्त हुन्छ । आगस्टस सीजर प्रचीन एवं विचित्र वस्तुहरूको संग्रह गर्नेमा शौकिन थिए । ओलम्पिया तथा डेल्फीको युनानी मन्दिरहरूमा विजयको सामग्रीहरू एवं मूर्तिहरू संग्रहित थियो ।

मध्ययुगीन यूरोपवासी यस विश्वासबाट सून-चाँदीको सिक्का, आभूषण, वर्तन तथा मूर्तिहरू बेकिमती कपडा आदि एकत्रित गर्दथे कि यसो गरेमा हाम्रो मालिक आधि व्याधबिाट मुक्त हुन्छ । यस्तो उद्देश्य पूर्तिको लागि राजा, सामन्त, धनी वर्ग तथा चर्चका उच्च पदस्थ अधिकारीहरू उत्खनन् गर्न लगाउँथे । तैपनि व्यक्तिगत संग्रहकर्ताहरूको संख्या अत्यन्त कमै थियो । व्यक्तिगत संग्रहका सौखिनहरू आफ्नो साथ रुख, विरुवा, हात्ति दाँत, पशुहरूको छाला आदि ल्याउथे र गोथिक समुदायको चर्चहरूमा यि वस्तुहरूको संग्रहालयमा जस्तो संग्रह गरेर राखिन्थ्यो । यी चर्चहरूमा हस्त लिखित ग्रन्थहरु जसमा इतिहास एवं धार्मिक कुराहरूको उल्लेख पाठहरू हुन्थ्यो । सामन्त वर्गहरू आर्थिक गौरव प्रदर्शित गर्नको लागि दुई प्रकारका वस्तुहरूको संग्रह गर्दथे ।

१) प्राकृतिक २) कृत्रिम

त्यसबेला संग्रहालय एक प्रकारको भण्डार गृह मात्र हुन्थ्यो । त्यसलाई रुची राख्ने व्यक्तिहरूलाई मात्र देखाउने गर्दथे । यस प्रकारका संग्रहालय राजमहलहरूमा राखिन्थ्यो । अर्को शब्दमा केही राज महलहरूलाई संग्रहालयमा परिवर्तित गरियो र विभिन्न राजाहरूले गरिएका अभूतपूर्व वस्तुहरूको संग्रहलाई संग्रहालयको एक मुख्य भाग बनाइ दियो ।

दृष्टिकोण परिवर्तनको कारण पुनर्जागरणकालमा प्राचीन एवं आकर्षक वस्तुहरूको संग्रह वैभव प्रदर्शनको सट्टा ज्ञान तथा आनन्दको लागि प्रदर्शन गरिन थाल्यो । फलस्वरुप संग्रहालयलाई अव शोधार्थीहरूले अनुसन्धान गर्न सक्ने विशिष्ट कक्षहरूमा परिवर्तन गरियो । संग्रहको बृद्धिको कारण विद्वानहरलाई त्यसमा टिप्पणी लेख्न र अध्ययन गर्नको लागि आमन्त्रित गरिन थाल्यो । संग्रहहरू प्राप्त गर्ने उद्देश्यले रोममा खण्डहरहरूको उत्खनन् कार्य शुरु भयो । संग्रहको संख्याको वृद्धिको कारण वस्तुहरूलाई सजाएर विशिष्ट यात्रीहरू तथा मित्रहरूलाई देखाउन थालियो । त्यसबेलासम्म पनि त्यस्ता स्थानहरूमा जन सामान्यले प्रवेश पाएका थिएनन् । विशिष्ट कोठाहरूमा धेरै मात्रामा संग्रहित वस्तुहरू सजाएर राख्न असम्भव हुन थाल्यो । त्यसकारण महलको लामो, पातलो र प्रकाशयुक्त कोठाहरू समेत प्रयोग गरिन थाल्यो । जहाँ संग्रहित वस्तुहरू ठिक तरिकाबाट प्रदर्शित गर्न सकियोस् यी स्थानहरूलाई “विथिका” भनियो ।

१७ औं शताब्दीको मध्यसम्म मानव निर्मित एवं प्राकृतिक विचित्र तथा विलक्षण वस्तुहरूको संग्रहको लागि (Museaum) म्युजियम शब्दको उपयोग सम्पूर्ण यूरोप भरि प्रचलित भयो । त्यसबेलाको प्रसिद्ध संग्रहालयमा कोपेन हेगेन ओल्फ वर्म र लेभ बेथमा ट्रेडस्काण्ट आर्कम्युजियम हुन् । ती संग्रहित सामग्रीहरू प्रायः विशिष्ट व्यक्तिहरूको लागि मात्र थियो । दर्शकहरूलाई वस्तुहरूलाई हेर्ने सुविधा भए तापनि संग्रहको बारेमा कुनै सुझाव दिन र आलोचना गर्न पाउदैनथे ।

संग्रहहरूको लागि म्यूजियम शब्द सर्वप्रथम ई. १६८ मा इलियास आशमोलको संग्रहको लागि प्रयोग भयो । यसबाट यो स्पष्ट हुन्छ कि म्युजियम अब संग्रहको साथसाथै संग्रहस्थलको लागि पनि हुन थाल्यो । सत्रौ शताब्दीको उत्तरार्द्धसम्म संग्रहालय मुख्य गरेर व्यक्तिगत वा निजी स्थल थियो जुन पछि सार्वजनिक हुन थाल्यो । विश्वको सर्वप्रथम जनसंग्रहालयमा इ. १६७१ मा स्वीटजरलैण्डमा बासेल नामक नगरमा स्थापित विश्वविद्यालय संग्रहालय थियो । सन् १६८३ (1683) मा इंग्लैण्डको अक्सफोर्ड नामक शहरमा असमोलियन संग्रहालयलाई जनसाधारणको लागि दर्शनार्थ खोलियो । त्यस्तै सर हंस स्लोनेद्वारा संग्रहित सामग्रीहरूलाई उनको वसियतको आधारमा ग्रेट ब्रिट्रेनको

पार्लियामेन्टद्वारा अधिग्रहण गरियो र सन् १७५३ (1753) मा त्यसैबाट ब्रिटिश म्युजियमको स्थापना गरियो ।

अठारौं शताब्दीमा सार्वजनिक संग्रहालयको संख्यामा बृद्धि भयो । यसै शताब्दीको सर्वाधिक महत्वपूर्ण घटना सन् १७९२ (1792) मा फ्रान्सिसी राजाहरूद्वारा शाही महलमा एक संग्रहालय खोल्ने निर्णय गरियो । फ्रान्समा भएको क्रान्तिबाट त्यहाँ प्रजातन्त्रको आदर्श, स्वतन्त्रता, निष्पक्षता एवं भातृत्वबाट एउटा नयाँ समाजको स्थापना भयो । राष्ट्रको कला सम्पदा माथि समाजको हरेक वर्ग एवं प्रत्येक व्यक्तिको समान अधिकार छ । फलस्वरुप १० अगष्ट १७९३ मा म्युजे फ्रान्से जुन अव लुन्व संग्रहालयको नामले चिनिन्छ, त्यसलाई जनसाधारणको लागि खोलि दियो । यसमा शाही महल, गिरिजाघर र यूरोपको विभिन्न भागहरूबाट लुटिएका कलाकृतिहरू प्रदर्शित गरिएका थिए । यस संग्रहालयलले प्रजातन्त्रिय सरकारको एक अंगका साथै शिक्षा तथा संस्कृतिबाट वंचित नागरिकहरूलाई शिक्षित गर्ने प्रयास समेत गरियो ।

संग्रहालय आन्दोलनको विकासको दृष्टिकोणबाट १९ औं शताब्दी निकै महत्वपूर्ण छ । यस शताब्दीमा व्यक्तिगत संग्रहमा रहेका सामग्रीहरू संग्रहालयमा राखियो साथै प्रयोगशाला, अनुसन्धान तथा शिक्षण केन्द्र पनि संग्रहालयसँग संलग्न हुन थाल्यो । १९ औं शताब्दीको उत्तरार्द्धमा संग्रहालयलाई एक सांस्कृतिक एवं शैक्षिक संस्थाको रुपमा मान्यता प्रदान गरियो । प्रत्यक्ष रुपमा शिक्षालाई सहायता दिने कार्यक्रमलाई कार्यान्वित गर्ने कार्य विक्टोरिया एवंको क्रिस्टल महलको विशाल प्रदर्शनीबाट भएको थियो । यसै शताब्दीमा विद्वान तथा वैज्ञानिकहरूको ध्यान नृशास्त्र तर्फ आकर्षित हुन थाल्यो । प्रारम्भमा प्राकृतिक इतिहास संग्रहालयहरूमा नृशास्त्रको एक विभाग मात्र स्थापित गरियो र पछि यसको लागि छुट्टै भवन बनाउन थालियो । संग्रहालयका कर्मचारीहरूलाई नृशास्त्र सम्बन्धी संग्रहको लागि सुदुर प्रदेशहरूमा पठाउन थालियो । यसबाट आदिम संस्कृति नागरिक जीवनसँग नजिक हुन पुग्यो । पेरिसको “म्युजे द आम” यसै प्रकारको संग्रहालय हो ।

२० औं शताब्दीमा आएर प्राविधिक, औद्योगिक तथा व्यवहारिक विज्ञानहरूको संग्रहालय पनि स्थापना हुन थाल्यो । यसै शताब्दीमा पुरातत्व, कला एवं विज्ञानको अलग

अलग संग्रह तथा संग्रहालय स्थापना हुन थालियो । ऐतिहासिक स्मारकहरूसँग सम्बद्ध संग्रहहरू स्वतन्त्र संग्रहालयको रुपमा विकास भयो ।

## भारतमा संग्रहालयको विकास

विभिन्न पुराण, धर्मशास्त्रहरूमा अनेक संग्रहहरूको उल्लेख पाइए तापनि भारतमा संग्रहालयको सुत्रपात १८ औं शताब्दीमा अंग्रेजहरूद्वारा भएको पाइन्छ । जुन हालसम्म निरन्तर चलिरहेको छ ।

सन् १७८३ मा सग्रहालयको शुरुवात भयो । सन् १७८४ मा "रोयल एशियाटिक सोसाइटी अफ बंगाल" को स्थापना भयो । जुन एसियाको इतिहास, कला, विज्ञान तथा संस्कृतिको क्षेत्रमा अनुसन्धान गर्ने लक्ष्य लिएर स्थापना भएको थियो । सन् १७८८ मा "एसियाटिक रिसर्चस" नामक जर्नल पनि प्रकाशित गरियो । सन् १७९६ मा प्राणीशास्त्र, भूविज्ञान, वनस्पतिशास्त्र, नृशास्त्र आदिसँग सम्बन्धित संग्रहहरू राख्नको लागि एउटा संग्रहालय स्थापना गरियो । सन् १८१४ मा इण्डियन म्युजियम कोलकाता स्थापना भयो । यस प्रकार भारतमा अंग्रेजहरूद्वारा लगभग १५ वटा संग्रहालय स्थापित गरियो ।

भारत स्वतन्त्र भएपछि भारत-पाकिस्तान विभाजनको क्रममा कतिपय संग्रहालय पाकिस्तानी क्षेत्रमा पर्न गयो । त्यसकारण भारतका संग्रहालयविद् अत्यन्त उत्साहका साथ संग्रहालय विकासमा लागि परे । सन् १९४७ पछि भारतमा राष्ट्रिय स्तरमा तीन सग्रहालयको जन्म भयो । सन् १९४९ मा नेशनल म्युजियम दिल्लीको स्थापना भयो । त्यसपछि विभिन्न स्थानहरूमा संग्रहालयको स्थापना भयो । भारत सरकारलाई समुचित विकास एवं त्यस सम्बन्धी सूचना र सल्लाह दिने उद्देश्यले सन् १९५६ मा सेन्ट्रल एड्वाइजरी बोर्ड अफ म्युजियम्स (CABM) को स्थापना गरियो ।

संग्रहालयको विकासको क्रममा भारतमा विभिन्न धेरै किसिमका संग्रहालयहरूको स्थापना भयो । जस्तो विभिन्न स्थानमा साइट म्युजियम, विश्व विद्यालय अनतर्गतका संग्रहालयहरू, वनस्पति एवं वन संग्रहालय, कृषि संग्रहालय, हैण्डलुम एण्ड हैण्डी क्राफ्टस,

विज्ञान तथा प्राविधिक संग्रहालय, रेल ट्रान्सफोर्ट म्युजियम आदि विभिन्न स्थानहरूमा बृहत रुपमा संग्रहालयहरू स्थापना भयो । हाल आएर भारतमा लगभग ६०० को संख्यामा संग्रहालयहरू रहेका छन् ।

## नेपालमा संग्रहालयको शुरुवात

नेपालमा पनि एउटा हतियार संकलनबाट संग्रहालय शुरु भएको थियो । जुन अब राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरसम्म पुगिसकेको छ । समकालीन संग्रहालय विकासको लागि देशको एउटा सानो समुदायले पनि टेवा पुऱ्याउन सक्दछ । जस्तो एउटा जनजातिको समुदायले आफ्नो अतितलाई जोगाउने केही व्यक्ति तथा स्थानीय समुदायले संग्रहालय खोलेको हुन्छ । यस्तो कार्य पश्चिमी देशहरूमा पनि पाइन्छ । हाम्रो देशमा पनि 'संग्रहालय शिक्षा' बारे विद्यालय स्तरदेखि जानकारी गराउनु पर्दछ । जस अनुसार वि.सं. १९१४ देखि १९५४ सम्म ४० वर्ष हाकिम तथा निर्देशक भई काम गर्ने कप्तान मेहरमान तथा उनी पछिका हाकिम निर्देशक पृथ्वी बहादुर खत्रीले शिलखानाको संरक्षण गर्ने बाहेक केही गरेनन् । त्यसबेलाको लुटबाट र भोट चीनसँगको लडाईबाट प्राप्त हातहतियार र अन्य जंगी सामानहरू थपिदै गए ।

शिलखानामा विशेष सुधार ल्याउने श्रेय तत्कालीन बेलायत स्थित नेपाली राजदूत कृष्ण शम्शेरलाई पनि दिन सकिन्छ । यिनले वि.सं. १९९५ मा स्वदेश फर्कदा लण्डन म्यूजियममा काम गरिरहेका भारतीय विशेषज्ञ श्री शिवनारायण सेनलाई पनि ल्याए र काठमाडौंको शिलखानामा कीपरको पदमा नियुक्त गरे । सेनज्यूले शासकलाई रिझाउँदै गए । संग्रह पनि बढ्दै गयो । वि.सं. १९९५ पौष ७ गतेदेखि सर्वसाधारणको लागि संग्रहालय खोल्दा प्रतिव्यक्ति चार पैसा र आठ पैसाको टिकट लगाइएको थियो । वि.सं. २००० सालमा श्री जुद्ध शम्सेरले यसको विधिवत उद्घाटन पनि गर्नुभएको थियो ।

शिव नारायण सेनले कीपरको पद सम्हाले पनि यस संग्रहालयको निम्ति दुर्लभ नेपाली कलावस्तुको पनि संकलन गर्न थाले उनले एकफेर विदेशमा खुल्ने प्रदर्शनीमा प्रदर्शन गर्न भनेर नेपालका धेरै कलावस्तुहरू विदेश लगे । तर २००३ सालमा विदेश गएका कीपर शिव नारायण सेन फर्केनन् । उनको साथमा विदेशिएको अमूल्य कलाकृतिहरू पनि फर्केनन् । यसपछि म्यूजियम विशेषज्ञ श्री विनोद विहारी मुकर्जी क्युरेटरको पदमा नियुक्त

गरिए । श्री मुकर्जी आँखा कम देख्ने भएकोले दुई वर्ष मात्रै काम गर्न सके । त्यसपछि ती चार वर्षसम्म कीपर वा क्युरेटर नियुक्त गरिएन । वि.सं. २००८ सालमा कलाकार चन्द्रमान सिंह मास्के क्युरेटरको पदमा नियुक्त भए ।

वि.सं. २०१९ सालसम्म श्री मास्केले यस संग्रहालयको मात्र क्युरेटर निर्देशक नभई जावलाखेल स्थित सदर चिडियाखाना तथा पुरातत्व विभागको समेत निर्देशक भई कार्य संचालन गरेको ठोस प्रमाणहरू पाइन्छ । यस सालमा श्री मास्केको अवकास भयो ।

नेपालमा संग्रहालयको शुरुवात पनि वस्तुहरू संकलन गर्ने प्रक्रियाबाट नै भएको हो । यहाँ बहुमूल्य, कला, पुरातात्विक वस्तुहरूबाट संग्रह शुरु नभई हातहतियारको संग्रहबाट भएको देखिन्छ । श्री सत्यमोहनज्यूका अनुसार नेपालमा तीनवटा अड्डाहरूको ज्यादा ख्याती थियो ।[3]

(१) मुलुकी खाना

(२) शील खाना

(३) झ्ेल खाना

मुलुकी खानाले मुलुकको व्यवस्था, शीलखानाले रक्षा सम्बन्धी हात हतियारको व्यवस्था, झ्ेलखानाले भने अपराधी कैदीहरूको व्यवस्था गर्ने चलन थियो । शिलखानामा ठाउँठाउँमा जम्मा हुन आएका, जफत भई आएका हातहतियार, बन्दुक, तोप, खुकुरी संगीन जंगी पोशाक इत्यादीको संग्रह दिन दिनै बढ्दै गयो । पछि यिनै संग्रहित वस्तुहरू राख्न बनाइएको एउटा ठूलो घर शिलखानाले संग्रह्ालयको रुप लियो । जनरल भीमसेन थापाले छाउनीमा एउटा ठूलो घर बनाएर ती सबै सामानहरू त्यही सुरक्षित राख्ने व्यवस्था गरे । पछि त्यही छाउनीको शिलखाना संग्रहालय बन्यो ।[4] यस संग्रहालयको स्थापना वि.सं. १८७६ मा भएको थियो ।त्यसबेला यो संग्रहालय राणा परिवार तथा विदेशी पाहुनाहरूले मात्र हेर्ने पाउथ्यो । पछि वि.सं. १९९५ पौष ७ गतेदेखि सर्वसाधारणको निम्ति खुल्ला गरियो । वि.सं. १९१४ देखि २००८ सालसम्मको राष्ट्रिय संग्रहालयको इतिहास बारे जोशीज्यूले प्रष्टसँग

[3] सत्य मोहन जोशी, पुरातत्व एक रोचक कथा, जगदम्बा प्रकाशन, (काठमाडौं : २०१९) पृष्ठ ४३ ।

[4] पूर्ववत्, पृष्ठ ४३ ।

आफ्नो कितावमा उल्लेख गर्नुभएको छ । राष्ट्रिय संग्रहालयको ऐतिहासिक पृष्ठभूमिलाई सुबिधाजनक ढंगले अध्ययनको लागि चार भागमा बाँड्न सकिन्छ ।

### (क) वि.सं. १८८१ देखि वि.सं. १९९५ सम्म

यो संग्रहालय, काठमाडौं शहरबाट अन्दाजी ६-७ कि.मी. पश्चिम ताहाचलभई स्वयम्भू जाने बाटोमा सैनिक छाउनी निर अवस्थित छ । भू.पू. कमाण्डर ईन चीफ तथा प्रथम प्रधानमन्त्री जनरल भिमसेन थापा बस्नु भएको सरकारी प्रधानमन्त्री निवासमा विभिन्न स्वेदेशी, विदेशी हात हतियार संकलन गराई शास्त्रागारको रुपमा वि.सं. १८८१ मा स्थापना भएको र यसको प्रारम्भिक नाम "छाउनी शिलखाना" भएको पाइन्छ ।[5] पछि यस संग्रहालयको नाम "छाउनी म्युजियम" हुन गएको देखिन्छ । यसको प्रामाणिक पुष्ट्याई प्रसिद्ध इतिहासकार पर्सिभल ल्याण्डनको पुस्तक 'नेपाल' को खण्ड १ मा 'दि आर्सनल म्यूजियम' उल्लेख भएबाट हुन्छ । उनको पुस्तकको परिशिष्टमा उल्लेख गरिएका केही हातहतियारहरू नेपालको सबभन्दा पुरानो झण्डाहरू हालसम्म संग्रहालयको प्रदर्शनमा रहेको छ ।[6]

१९९५ वि.सं. पौष ७ गते विहिबारका दिन सर्वसाधारणका लागि खुल्ला गरियो । यस अघि संग्रहालय शाही परिवार, राणा परिवार र उनका पाहुनाहरूले मात्र हेर्न पाउने कुराको प्रमाण निजामति किताबखानामा रहेका अभिलेख तथा संग्रहालयको स्याहाश्रेस्ताबाट पाइन्छ । यस बाहेक यो संग्रहालय पूर्व स्वीकृत लिई आउने र अध्ययन गर्नेहरूका लागि हेर्न दिने व्यवस्था पनि भए गरेको पाइन्छ ।

### (ख) वि.सं. १९९५ देखि वि.सं. २०१९ सम्म

१९९५ मा श्री जुद्ध शम्शेर बेलायत भ्रमणबाट फर्किए पछि नेपाल म्युजियमको प्राङ्गणमा एउटा भवनको निर्माण गराए । वि.सं. १९९९ मा स्थापना भएको यस भवनको नाम जुद्ध जातीय कलाशाला हो । हालसम्म यस भवनको नाम यथावत छ । यो भवन संग्रहालय प्रयोजनकै लागि निर्माण गरिएको हो । वि.सं. २००० साल बैशाख ५ गते आइतबारका दिन प्रवेश टिकट लिई संग्रहालय हेर्न दिने बारेको आदेश पत्र पनि भेटिन्छ ।

---

[5] पशुपति कुमार द्विवेदी - नेपालको राष्ट्रिय संग्रहालय तथा अन्य संग्रहालयको ऐतिहासिक पृष्ठभूति, महत्व र समस्याको सर्वेक्षण तथा गर्नुपर्ने व्यवस्था सम्बन्धी प्रतिवेदन, वि.सं. २०३७

[6] Parcival Landal, Nepal Vol. I, 1928

यसरी यो संग्रहालय 'नेपाल म्यूजियम' को नामबाट राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा प्रख्यात भयो । कतिपय देश विदेशको पत्र पत्रिका, पुस्तक, पुस्तिका, कैटलग आदिमा "नेपाल म्यूजियम" नाम उल्लेख भएको अद्यपि पाइन्छ । नेपाल म्यूजियम भन्ने नाम वि.सं. २०२३ सम्म रह्यो ।

संग्रहालयको शुरुवात देखि वि.सं. २०१९ सालसम्म संग्रहालय विभागको रुपमा रहेको प्रमाण त्यस बेलाका कागजपत्रहरू, प्रवेश टिकट, क्यामरा टिकट तथा अन्य स्याहा श्रेस्ता तथा निजामति किताबखानाबाट प्राप्त गर्न सकिन्छ । यस विभागका प्रमुखको रुपमा डाइरेक्टर जनरल पदको व्यवस्था थियो । जसमा राणा परिवार कै व्यक्तिहरू मात्र राखिएको देखिन्छ ।

वि.सं. २०१७ सालमा राष्ट्रिय कला संग्रहालय भक्तपुरमा स्थापना गरियो । यसपछि श्री मास्केको पदको कार्यभार श्री रमेश जंग थापाले सम्हाल्नु भएको थियो । प्रारम्भमा यस म्यूजियमको छाउनी कार्यालय मै बसी पुरातत्वको साथै म्युजियम विभागको काम गरेको प्रमाणका रुपमा धेरै कुराहरूको जानकारी उक्त म्युजियममा आज सम्म रहेको २०१९ वि.सं. सालको पुराना हाजिरी फारामबाट पनि प्राप्त हुन्छ । २०१९ साल पछि संग्रहालय विभागबाट कार्यालय भई पुरात्तव विभागको मातहतमा रहन गयो । शुरुमा यस संग्रहालय शिक्षा मन्त्रालयको विभागको रुपमा कार्य गर्दथ्यो र रा.पं. द्वितीय श्रेणीको क्युरेटर निर्देशक रहने गर्दथ्यो । पछि रा.पं. तृतीय श्रेणी उप-सचिव संग्रहालय प्रमुखको रुपमा हालसम्म रहदै आएको छ ।

**(ग) २०१९ देखि वि.सं. २०२८ सम्म**

नेपाल म्युजियमले पुरातत्व विभागको मातहतमा काम गर्ने प्रक्रिया हालसम्म रहिरहेको छ । स्व. राजा महेन्द्रबाट २०२४ सालमा गरेको गाउँफर्क अभियानको १० सुत्रिय कार्यक्रमको १(क) बमोजिम "नेपाल म्यूजियम" नाम परिवर्तन गरि "राष्ट्रिय संग्रहालय" नामाकरण गरियो । जुन हालसम्म यथावत छ । २०१९ सालमा पाटन दरबार संग्रहालयको स्थापना भयो ।

### (घ) २०२८ देखि हाल २०६४ सम्म

वि.सं. २०३३ सालमा संग्रहालयको हाताभित्र महेन्द्र स्मृति संग्रहालयको लागि एउटा भवन स्थापना गरियो । हाल यस भवनमा बौद्ध कला संग्रहालय खोलिएको छ । त्यस पछिका समयमा राष्ट्रिय संग्रहालय अन्तर्गत उपत्यकाका तीनै शहरमा संग्रहालयको स्थापना गरियो । तीनवटा दरबार क्षेत्रलाई खुल्ला संग्रहालयको रुपमा स्थापना गरियो । हालसम्म नेपाल भरिमा, राष्ट्रिय, क्षेत्रीय, व्यक्तिगत, जातीय गरि थुप्रै संग्रहालयहरू स्थापना भएकोछ ।

वि.सं. १९१४ देखि वि.सं. १९५४ सम्म ४० वर्ष वडा हाकिम तथा निर्देशक पदमा मेहरमान तथा पृथ्वी बहादुर खत्री रहे । १९९५ देखि २००३ सालसम्म किपर पदमा शिवनारायण सेन रहे । यसपछि श्री विनोद बिहारी मुकर्जी किपर पदमा दुई वर्ष रहे । २००८ सालदेखि २०१९ सालसम्म क्युरेटर पदमा श्री चन्द्रमान मास्के रहे । २०१९ सालदेखि रमेश जंग थापा निर्देशकमा रहे ।

# राष्ट्रिय संग्रहालय

## परिचय

काठमाडौंको मुख्य बजार भन्दा डेढ माइल पश्चिम स्वयम्भू जाने बाटोमा स्थित राष्ट्रिय संग्रहालयबाट रमणीय दृश्य अवलोकन गर्न सकिन्छ । यस राष्ट्रिय संग्रहालयसम्म पुग्न रत्नपार्कबाट टेम्पो संचालन भएको छ त्यस्तै रिङ्गरोडबाट बस सञ्चालन भएको छ । तर पनि यस ठाउँमा पुग्न दर्शकहरू अलि अप्ठेरो महशुस गर्दछन् ।

राष्ट्रिय संग्रहालय कलाप्रेमीहरूको लागि एउटा अति नै महत्वपूर्ण स्थान हो । छाउनीको ठूलो चौरमा स्थापित संग्रहालय अवलोकन गर्न दिनहुँ कयौं मानिस आउँछन् । यस संग्रहालयमा मुख्य संग्रहालय, कलाशाखा (जुद्धजातीय कलाशाला) र बौद्ध कला संग्रहालय गरेर जम्मा तीनवटा ठूला भवनहरू छन् । राष्ट्रिय संग्रहालयको मूल ढोकामा सैनिकको पहरा रहेको हुन्छ । यहाँबाट पसे पछि बायाँ पट्टी जुद्ध जातीय कलाशाला रहेको छ । कलाशाला भवनको प्रवेशद्वारा भन्दा बाहिर दायाँबायाँ दुईवटा बलौटे माटोको गरुड राखिएको छ । त्यसपछि बाहिर दुईतिर खम्बा गाडेर ढोका बनाइएको छ । जसले साँचीको स्तुपको सम्झना गराउँदछ । यो ढोकामा बुद्धको जन्म, शेषशाही, विष्णु गणेश सहित शिवपार्वती, महिषसुर मर्दिनी दुर्गा र कृष्णका साथसाथै अरु कलात्मक फूलहरू पनि कुँदिएका छन् । दुवै खम्बाको दाया बाया सबैभन्दा माथिको सिंह र तीन तीनवटा हात्तीको मूर्ति कुँदिएको छ ।

यस ढोका भन्दा पछि दायाँ बाया बलौटे माटाका शार्दुल राखिएका छन् । प्रवेशद्वार पुग्न ढुङ्गाको चार, पाँच वटा खुड्किला पार गरेपछि काठमाडौं ठूलो ढोका छ । जसको खापामा चतुर्बाहु नारायणको मूर्ति कुँदिएको छ । चौकोसमा पनि कलात्मक बुट्टाहरू कुँदिएका छन् । चौकोस माथि तोरण बनाइएको छ यसमा सबभन्दा माथि छेपु बनाइएको छ । त्यसको तल दायाँ बायाँ दुईवटा परी र बीचमा बज्र कुँदिएको छ । प्रवेशद्वारबाट पसेपछि सिधै अगाडि बीचमा जुद्ध शम्सेरको शालिक राखिएको छ । यो भवन जुद्ध शम्शेरले बनाउन लगाएको हो । यस भवनको भूई तल्लामा प्रस्तर, मृतिका, धातुकला, काष्ठकला तथा चित्रकलाको प्रदर्शन गरिएको छ ।

माथि जानको लागि दुईवटा भऱ्याङ्ग राखिएको छ । जहाँ हिमाली तथा सजावटका केही सामानहरूका साथै बौद्ध तथा हिन्दु धर्मका धातु मूर्तिहरू केही चित्रहरूको प्रदर्शन गरिएको छ । त्यस भन्दा माथिको तल्लामा जान कौशीमा बाहिर फलामको भऱ्याङ्ग राखिएको छ । माथि गुम्बज शैली बनाएर त्यसभित्र शिवलिङ्ग राखिएको छ । शिवरात्रीको दिनमा शिवलिंगको सरसफाई तथा पूजा गरिन्छ । समस्तीमा यो भवन राजपुत शैलीको देखिन्छ ।

कलाशाला भवनमा लिच्छवीकाल, मल्लकाल र शाहकालका विभिन्न मूर्तिहरूका साथै सिम्रौनगढबाट ल्याइएका केही मूर्तिहरू प्रदर्शित छन् । प्रथम दोश्रो शताब्दीको मानिने यक्षको मूर्ति देखि सत्रौं शताब्दीको महिषासुर मर्दिनीको मूर्तिसम्म प्रदर्शन गरिएका छन् । यि प्रस्तर मूर्तिहरू मध्ये मानदेव प्रथमले स्थापना गराएका त्रिविक्रम वामनको फलकमा अभिलेख र मिति सम्बत् २८९ कुदिएको छ । त्यस्तै राजा जयवर्माको शालिकमा सम्बत १०७ अभिलेख छ । एघारौं शताब्दीको सूर्यको मूर्तिमा पनि मिति ने.सं. २७९( इ.सं. ११५९) अभिलेख छ र अरु प्रस्तर मूर्तिमा मिति कुँदिएको देखिदैन । यसमा संग्रहालयमा संकलित प्रस्तर मूर्तिहरू धेरै जसो लिच्छबीकालकै छन् । जसमा ६० वटा प्रस्तर मूर्तिहरू छन् ।

राष्ट्रिय संग्रहालयमा सत्रौं शताब्दीका माटाका मूर्तिहरू मात्रै प्रदर्शित छ । माटो धेरै समयसम्म टिक्न नसक्ने वस्तु भएकोले माटोका प्राचीन कलाकृतिहरू प्राप्त गर्न ज्यादै कठिन हुन्छ । राष्ट्रिय संग्रहालयमा प्रदर्शित माटाका मूर्तिहरू मध्ये मिति कुदिएको (ने.सं. ७७७) गणेशको मूर्ति, अष्ट मातृका गण, भवानी, भैरव र विष्णुको मत्यावतारको मूर्तिहरू पर्दछन् । जम्मा १३ वटा मूर्ति प्रदर्शित छन् ।

माटो जस्तै काठमा पनि चिरस्थायी गुणको अभाव भएको हुँदा, धेरै प्राचीन काष्ठ मूर्तिहरू यस संग्रहालयमा संकलित छैनन् । यहाँ संकलित काष्ठकलामा नृत्यदेवी, सप्तमातृका महालक्ष्मी (ने.सं. ७१८), दिपंकर बुद्ध (ने.सं. ७८०), भैरव (ने.सं. ८९१),महामञ्जेश्वर, तोरण, तारा, इन्द्र इन्द्रायणीको मूर्तिहरू छन् । यि मूर्तिहरू मध्ये अनौठो कलाले गर्दा महामन्जेश्वरको मूर्ति निकै जिज्ञासापूर्ण भएको छ । जम्मा ४५ वटा काष्ठ मूर्ति प्रदर्शित छन् ।

राष्ट्रिय संग्रहालयमा धातुकलाको निकै राम्रो संकलन छ । दुईसय भन्दा बढी मूर्तिहरू र अन्य कलाकृतिको प्रदर्शन गरिएको छ । जसमा नवौं शताब्दीको मानिएको बुद्ध, दशौं शताब्दीका विष्णु देखि बीसौं शताब्दी सम्मका अनेक मूर्तिहरू प्रदर्शन गरिएका छन् ।

मल्लकालका विभिन्न धातु मूर्तिहरूमा मिति र अभिलेख कुँदिएका छन् । सुनको जलप लगाइएको र रत्नहरू जडित सुन्दर मूर्तिहरू पनि यस संग्रहालयमा प्रदर्शित छन् । यहाँ दुई वटा ग्यालरीमा गरी जम्मा ८५ वटा धातु मूर्तिहरू प्रदर्शित छन् ।

राष्ट्रिय संग्रहालयको यस कलाशाखा भवनमा चित्रकलाको पनि प्रदर्शन गरिएको छ । यहाँ १६ औं शताब्दी देखि २० औं शताब्दी सम्मका पौवा चित्रहरू, राजा हरिश्चन्द्रका कथाचित्र मार्कण्डेय ऋषिका कथाचित्र साथै दशमहाविद्या तथा कृष्णलिलाका चित्रहरू प्रदर्शित छ । सबभन्दा महत्वपूर्ण फारसी भाषामा लेखिएको शाहनामा ग्रन्थ पनि प्रदर्शित छन् ।

राष्ट्रिय संग्रहालयको मूल ढोकाको सिधै बौद्ध कला संग्रहालय खोलिएको छ । जसको निर्माण जापान सरकारको सहयोगबाट निर्माण गरिएको हो । यसको भित्र बनावट निकै राम्रो छ । यहाँ भूई तल्लामा लुम्बिनी, कपिलवस्तु क्षेत्रमा भएको उत्खननबाट प्राप्त भएका विभिन्न महत्वपूर्ण वस्तुहरू, अस्थिधातुहरू प्रर्दशन गरिएका छन् । त्यस्तै यस कक्षमा हिमाली, पहाडी तथा तराई भेगका बौद्ध धर्म सम्बन्धी मूर्तिहरू निकै राम्रो ढंगले प्रदर्शन गरिएका

छन् । पहिलो तल्लामा मण्डला, मण्डला पूजाका सामग्री एकादश लोकेश्वरका चित्रहरू प्रदर्शित गरिएको छ। यस भवनको बाहिर अगाडि चौरमा बलौटे ढुंगाको बुद्ध मूर्ति निर्माण गरिएको छ । यसै भवनको दाया पट्टी चौरमा नेपालमा सर्वप्रथम भित्रिएको गाडी प्रदर्शन गरिएको छ । यस भवनको वायाँ पट्टी भागमा एउटा रेफरेन्स पुस्तकालय राखिएको छ । यस भवनको बायाँ पट्टी चौरमा केही शिलालेखहरू व्यवस्थित तरिकाले राखिएका छन् ।

राष्ट्रिय संग्रहालयको मूल ढोकाको दायाँ पट्टी मुख्य संग्रहालय रहेको छ । यो भवन प्रधानमन्त्री भीमसेन थापाले बनाउन लगाएका हुन् । यस भवन शुरुमा हातहतियारहरू जम्मा गरिएका थिए र यसलाई शिलखाना नाम दिइएको थियो । यो भवन पुग्ने प्रवेशद्वार अगाडि ठूलो फलामको ढोका छ । यसको माथि बीचमा सिंदुरदानी (सिन्हमू) र दायाँ बायाँ ऐना (ज्वाला न्हायकं) निर्माण गरिएको छ । यो ढोकाबाट पसेपछि एउटा चोक रहेको छ । यो भवन तीन तल्लाको रहेको छ । भूईतल्लामा प्राकृतिक विज्ञान संग्रहालय रहेको छ । जहाँ विभिन्न देशको भेषभूषा झल्काउने पुतलीका साथै नेपालको विभिन्न भेगको भेषभुषा संस्कृति झल्काउने पुतलीहरू जनजातिकक्ष प्रदर्शित गरिएको छ । त्यस्तै यस ग्यालरीमा नेपालको विभिन्न जीव जन्तु, चराचुरुङ्गीहरूका साथै ह्वेलको बंगारा, दुईसिंगे गैडा, दुई

टाउके पाडा, बाघ आदि जीव जन्तु प्रदर्शन गरिएको छ । यस ग्यालरीको मुख्य विशेषता चन्द्रमाको चट्टान पनि प्रदर्शित गरिएको छ ।

मुख्य संग्रहालयको पहिलो तल्ला ऐतिहासिक संग्रहालय छ । जहाँ पृथ्वी नारायण शाहका हातहतियार प्रदर्शन गरिएका छन् । त्यस्तै नेपाली वीर योद्धाहरूको निजी हात हतियार, निजी पोशाक, श्री ५ को सरकारहरूको व्यक्तिचित्र, श्री ३ प्रधानमन्त्रीहरूका व्यक्तिचित्र प्रदर्शन गरिएका छन् । त्यस्तै नेपालको पहिलो विद्युतीय मेशिन गन तथा छालाको तोप पनि प्रदर्शन गरिएका छन् । त्यस्तै यस ग्यालरीमा नेपालका केही मान पद्वीहरू पनि प्रदर्शित छन् ।

दोश्रो तल्ला पुगेपछि बायाँ पट्टी हुलाक टिकटको प्रदर्शन गरिएको छ । यहाँ नेपालको पहिलो टिकट, टाँचाका साथै पहिला हुलाकीले लाउने टोपी उसले लिने भाला पनि प्रदर्शनीमा राखिएको छ । त्यस्तै विभिन्न अवसरमा प्रकाशित गरिएको हुलाक टिकट, विभिन्न देशको हुलाक टिकटहरू पनि प्रकाशित गरिएको छ ।

दोश्रो तल्लाका दायाँ पट्टी मुद्रा संग्रहालय खोलिएको छ । जहाँ, आहत मुद्रा, पंचमार्क मुद्रा प्रदर्शन गरिएको छ । त्यस्तै लिच्छवीकाल देखि वर्तमानकाल सम्मका मुद्राहरू प्रदर्शन गरिएको छ ।

## विश्वमा निम्न प्रकारका संग्रहालयहरू खोलिएका छन् ।

१) कला संग्रहालय (ARt Museaums)

२) ऐतिहासिक संग्रहालय (Historical Museums)

३) विज्ञान संग्रहालय (Science Museums)

४) विशेष वस्तुगत संग्रहालय (Specialise Museums)

५) खुल्ला संग्रहालय (Open-Air Museums)

६) क्षेत्रीय संग्रहालय (Regional Museaums)

७) पर्यावरणीय संग्रहालय (Eco-Museums)

८) पर्वतारोहण संग्रहालय (Mountanering Museum)

९) मुद्रा संग्रहालय (Namasmatic Museums)

१०) सैनिक संग्रहालय (Army Museums)

११) स्मृति संग्रहालय (Meomery Museums)

१२) विभिन्न संस्थाका संग्रहालय (Other Institutions Functioning as museums)

नेपालमा संग्रहालयहरू दुई थरिका छन् १) बहुउद्देश्यीय र २) विशेष वस्तुगत । बहुउद्देश्यीय संग्रहालय भन्दा विशेष वस्तुगत संग्रहालय बढी छन् । संग्रहालय विशेषज्ञहरूको भनाई अनुसार आजको युगको माग अनुसार विशेष वस्तुगत संग्रहालय (Specialised Museum ) नै बढी लाभदायक हुन सक्दछन् । नेपालमा पनि राष्ट्रिय संग्रहालय बाहेक अरु सबै संग्रहालयहरू विशेष वस्तुगत नै छन् ।

हरेक देशमा कलाकौशल र इतिहासका साथै संस्कृतिको क्रमिक विकास देखाउन संग्रहालयहरू खोलिएका हुन्छन् । विश्वका धेरै देशहरूमा यस्ता संग्रहालयहरू निकै अघि खोलिए तर हाम्रो देशमा भने संग्रहालयहरू निकै नै नयाँ जस्तै छ । 'संग्रहालय' नेपाल भित्रिएको धेरै भएको छैन । तापनि हाल धेरैवटा संग्रहालयहरू स्थापना भैसकेका छन् । यि केन्द्रहरू नेपालको कलाकृति र वैभव प्रदर्शन गरेर विदेशी पर्यटकहरूलाई समेत मुग्ध पार्ने भएका छन् ।

# मूर्तिकलाको उद्भव तथा विकास

## मूर्तिकलाको परिचय

पाषणकालको शुरुवात भएदेखि नै मूर्तिकलाको इतिहास शुरु भएको थियो । मूर्तिकला सम्बन्धी पुस्तक **'The Story of Sculpture'** मा "प्रायः हामी सबैले नै हाम्रो एउटा उमेरमा नरम माटो वा त्यस्तै पदार्थ लिएर त्यसलाई मुछेर केही आकार दिने गर्दथ्यौं, मानिसको वा कुनै पशु पंक्षीको आकार जस्तो । कसै कसैले कडा वस्तु जस्तो काठ आदि लिएर कुनै ज्यावलद्वारा पनि आकार दिने गर्दथे ।" यो सबै क्रियाकलापहरू नै मूर्तिकला हुन् ।"[७] भनिएको छ ।

यस सन्दर्भमा चित्रकला र मूर्तिकला मध्ये कुन पहिले मानव मस्तिष्कमा पलायो भन्ने प्रश्न प्रश्न कै रुपमा रहेको छ । एक थरी चित्रकला जेठो मान्दछन् भने अर्को थरि मूर्तिकला दुवै थरीको खंदिला तर्कहरू छन् । चित्रकला जेठो मान्नेहरू मानिसले पहिले रेखांकन गरेर मात्रै मूर्ति कुँद्ने तर्क गर्दछन् । मूर्तिकला जेठो मान्नेहरू यसो भन्छन् : प्रकृतिमा काठ, हाड, माटो वा त्यस्तै वस्तु फ्याकिरहेको हुन्छ । जसको आकार कहिलेकाही कुनै जनावर वा मानिससँग मिल्दछ । मानिसले फुर्सदमा त्यस्तो आकारको नक्कल गरेको अर्को त्यस्तै वस्तु बनाउन सक्दछ । यसरी मूर्तिकला जेठो मान्नेहरू आफ्नै तर्क पेश गर्दछन् । तर मूर्तिकला र चित्रकला जुन जेठो भए पनि प्रागऐतिहासिक काल देखिकै गुफामा मानिसहरूको कलाकृतिक भेट्टिएको छ। यसरी मानिसले आफ्नो भावना व्यक्त गर्न, सजावट गर्न र धार्मिक भावनाबाट समेत प्रेरित चित्र कोरेको र मूर्ति बनाएको प्रष्ट हुन्छ ।

प्राचीन ग्रन्थहरूमा ६४ वटा कलाको वर्गीकरण भएको छ ।[८] तर मोटामोटी रुपमा यसलाई दुई भागमा बाड्न सकिन्छ ।

(क) सामान्य कला : यसमा कामीले, सुनारले, सूचिकारले गर्ने काम गर्दछन् ।

(ख) ललितकला : यसमा चित्रकला, वास्तुकला, मूर्तिकला, नृत्यकला, संगीतकला, काव्यकला आदि पर्दछन् ।

---

७ Encyclopedia Britanica, vol 15, W Benton (USA 1969), P. 1033

८ बीणा पौड्याल, नेपाली मूर्तिकला र चित्रकला, नेपाल इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, पृ. ६ ।

# नेपालमा मूर्तिकलाको क्रमिक विकास

पाषपणकालको शुरुवात देखि नै मूर्तिकलाको ईतिहास शुरु हुन्छ । विश्वको सन्दर्भमा मूर्तिकलाको इतिहास सिन्धु घाँटी र मोहन जोडदोको सभ्यता सम्म लैजान सकिन्छ । सिन्धु घाँटीको उत्खनन्बाट केही मूर्तिहरूका अवशेष फेला परेको छ । हाम्रो सभ्यताको प्राचीन अवशेष सिन्धुघाँटीमा प्राप्त भएको छ । यो सभ्यताको आरम्भ र विकासको चरम सिमामा पुगेको सभ्यता मानिन्छ । त्यहाँ केही नारी मूर्तिहरू फेला परेको थियो । त्यस्तै मोहन जोडदोको  उत्खनन्बाट केही प्रस्तर मूर्तिहरू फेला परेको थियो ।

नेपालको सन्दर्भमा मूर्तिकलाको प्रमाण लिच्छविकाल देखि मात्रै देखा पर्दछ । नेपाली मूर्तिकलाको ईतिहास लामो छ । नेपाली मूर्तिकला उत्कृष्ट छ । नेपाली मूर्तिकलाको क्षेत्र विशाल छ ।[9] नेपाली कलाको सौन्दर्य र यसको विकासको परम्परा देखेर स्वदेशी र विदेशी विद्धानहरूले मुक्त कण्ठले प्रशंसा गरेका छन । अन्वेषण र उत्खनन्को अभावमा नेपाली मूर्तिकलाको प्रामाणिक ईतिहास राजा मानदेव प्रथम देखि आरम्भ भएको सं. ३८६, ई.स. ४६४ भन्दा अघि नेपालमा गोपालवंशी, आभीरवंशी र किराँतीहरूले शासन गरिसकेका थिए । तर दुर्भाग्यवश गोपाल, आभिर र किरातहरूको साँस्कृतिक ईतिहास प्राप्त भएको छैन । मूर्तिहरूको अवलोकन र अध्ययन तिनलाई किरातकालिन वा पूर्व लिच्छविकालिन मानेका छन् । तर त्यसको ठोस प्रमाण दिन सकेको छैन ।

नेपालको तिलौराकोट र बन्जरहीमा उत्खनन् गर्दा प्राप्त भएका मूर्तिहरूको मिति निकै अगाडी जान्छ । नेपाली पुरातात्विक विद्हरूले कपिलवस्तुको सभ्यताको तिलौराकोट र लुम्विनी बन्जरहीमा भएका उत्खनन्हरूबाट प्राप्त माटोका मानवाकृति मूर्तिहरूलाई बनौट र रंगमा हुने तुलनाको अध्ययन गरी ति प्राप्त मूर्तिहरूलाई ईशापूर्व तृतीय शताव्दीको एक नारी मुर्तिको शिरो भाग तथा तिलौराकोटको उत्खननबाट प्राप्त अन्दाजी दोश्रो शताव्दीको आमा र बच्चाको मूर्तिलाई ज्यादै महत्वपूर्ण मानेका छन् । [10] यसरी तिलौराकोट र बन्जरहीको उत्खनन्बाट प्राप्त मूर्तिहरूद्वारा नेपाली मूर्तिकलाको इतिहास प्राचीन देखिन्छ ।

उपत्यकामा पूर्व लिच्छविकालका मानिएका मूर्तिहरूमा आर्यघाटका विरुपाक्ष, राष्ट्रिय संगह्रलयमा प्रदर्शित राजपुरुष, कुमारसम्भव कथामा आधारित उमामहेश्वरका मूर्ति

[9] सत्यमोहन जोशी, नेपाली मूर्तिहरूको विकासक्रम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (काठमाष्डौः२०३२) पृष्ठ १
[10] सत्यमोहन जोशी, नेपाली मूर्तिहरूको विकासक्रम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (काठमाष्डौः२०३२) पृष्ठ १० र ११

फलकहरू, यक्ष, राजा जयबर्माको मूर्ति र पूर्णकलश आदी पर्दछन् । लिच्छविकालका मूर्तिहरूमा पाईने भन्दा केही फरक विशेषता भएको हुँदा यि मुर्तिहरूलाई पूर्व लिच्छविनकालको मानिएको हो । पुड्को शरीरको बनौट , जुलट्टिएको रौ भएको फुलेको कपाल, सुडौला र बाटुलो मुखाकृति, बाक्ला ओंठ साना आँखा ,चेप्टो नाक, सानो गर्दन, ठुलो मस्तक, छोटा हात पाखुरा, चौडा छाती, मांशपेशीले युक्त शरीर, भोटो र पटुकाले युक्त भेष भुषा, अल्प आवरण आदी पाइन्छन । सारांशमा भन्ने हो भने यि मुर्तिहरूको देह लक्षणमा बाटुलोपन अर्थात मंगोलियनपन छ ।"[11]

## नेपाली मूर्तिकलाको धार्मिक पृष्ठभूमि

नेपालमा प्राचीन समयदेखि नै कलाको विकास हुँदै आइरहेको छ । प्रामाणिक रुपमा नेपाली कलाको प्राचीन स्वरुप लिच्छवीकालीन कला हो । नेपाली कलाको क्रमिक विकास र यसको व्यापकतामा धर्मले ठूलो भूमिका खेलेको छ । “नेपाली मूर्तिकला पूर्णतः धार्मिक पृष्ठभूमिमा तयार भएको छ । अधिकांश पूर्वीय देशहरूमा जस्तै नेपाली कलामा पनि धार्मिक विशेषता पाइन्छ ।”[12]

नेपाली कलाको विश्लेषण गर्दा जगदीश चन्द्र रेग्मी यसमा भारतीय कला जस्तै धार्मिक प्रभाव पाउनु हुन्छ कलाको मुख्य विषय मात्रै धार्मिक भएको होइन कलाकारको विचार भावना सबै नै धार्मिक पृष्ठ भूमिमा विकसित भएका थिए । प्राचीन समयका धार्मिक कला भन्दा बेग्लै कलाकृति पनि नपाइएका हैनन् । तर पनि धर्मको प्रभावबाट टाढा रहन सकेका छैनन् ।[13]

नेपाली मूर्तिकलाको मुख्य विषय नै धर्म हो । प्राचीनकाल देखि आजसम्म हाम्रो पूर्वीय परम्परामा मानिसको विचारधारा धर्मद्वारा प्रभावित भएकोले यहाँको कलामा पनि धर्मको छाप ज्यादै नजिकको सम्बन्ध छ । “नेपालीहरूको संस्कारमा धर्मको ठूलो महत्व छ, धर्म विनाको जीवन पैसाले किन्न सकिने साधारण रासायनिक वस्तुसँग दाँज्नु मात्र हो ।”[14]

---

[11] सत्यमोहन जोशी पुर्ववत , पृष्ठ ५

[12] P.R. Sharma, Introduction to Nepalese Art and Architecture, Nepal a profile, (Kathmandu), P. 70.

[13] D.R. Regmi Ancient Nepal, Culcutta, 1960, P. 302.

[14] R.N. Pandey, Some aspect of 'The religion and Art of Nepal', T.U. Journal, (Kathmandu), The life of a Nepalese without religion could be esily described as a body worth some selling of chemicals and nothing else.

यसरी मूर्तिकला र धर्मको नजिकको सम्बन्ध भएकोले देवताको मात्र होइन, पशुपंक्षीको मूर्तिमा समेत कलाको सम्बन्ध कलासँग मात्र नभएर धर्मसँग समेत भएको देखिन्छ । त्यसैले मूर्तिकलामा कुँदिएका पशुपंक्षीहरू कुनै देवदेवीका बाहनको रुपमा वा कुनै देवताको अवतारको रुपमा हुन्छन् । यसरी यहाँको मूर्तिकला र धर्मको नङ र मासु जस्तै गाढा सम्बन्ध छ ।

श्री स्टेलाको नेपालमा धार्मिक मूर्तिकलाको सम्बन्धमा यस्तो विचार छ “नेपालमा भारतीय संस्कृति र धर्मको प्रवेश हुनुभन्दा पहिले यहाँका जनताको धर्म प्रारम्भिक अवस्थाको थियो, देवताका रुपमा पूजा गरिने शिलाहरू कुँदिएका हुँदैनथ्यो।”[15] आज पनि साना साना ढुंगा राखेर त्यसमा विभिन्न देवताको प्रतिक मानेर पूजा गरेको देखिन्छ । त्यसैले प्रारम्भिक अवस्थामा देवताको प्रतिमा बनाएर पूजा गर्ने चलन ज्यादै कम थियो ।

नेपालमा प्राप्त भएका सबैभन्दा प्राचीन मूर्तिको रुपमा त्रिविक्रम वामनको मूर्ति छ । यसको निर्माणमा धर्मको ठूलो प्रभाव परेको देखिन्छ । विष्णु धर्मोत्तर पुराण आदि ग्रन्थको अध्ययनबाट यो कुरा प्रष्ट हुन्छ । तथाकथित पूर्व लिच्छवीकालका मूर्तिहरूमा राष्ट्रिय संग्रहालयको राजा जयवर्मा, शिर विहिन यक्ष, पूर्ण कलश, राजपुरुष, कुमार सम्भवमा आधारित शिव-पार्वती मूर्ति फलक आर्यघाटको तथाकथित विरुपाक्ष, हाँडिगाउँको सत्यनारायण स्थानको मूर्ति, पाटन च्यासलटोलको गजलक्ष्मीको मूर्ति आदि पर्दछन् । यी सबै मूर्ति कुँद्नमा धार्मिक भावना नै प्रवल भएको देखिन्छ ।

प्राचीन भारतमा धार्मिक परम्पराका देवी देवताका मूर्तिहरू बाहेक राजारानी वा अन्य प्रतिष्ठित व्यक्तिहरूको पनि मूर्ति कुँदने परम्परा थियो । “इशापूर्व सातौ शताब्दीको शिशुनाथ वंशका राजा कुनिक, अजात शत्रुको प्रतिमा देखा पर्दछ ।” जुन अहिले मथुरा संग्रहालयमा छ । ईशाको प्रथम शताब्दीतिर बनेका कुषाण वंशका राजा कनिष्कको मूर्ति पनि मथुरा संग्रहालयमा सुरक्षित छ । इशाकै दोश्रो शताब्दीतिरका कुषाण राजाहरूका अन्य मूर्तिहरू पनि यसै संग्रहालयमा पाइन्छन् ।[16] नेपालमा पनि धार्मिक देव देवीहरू बाहेकका मूर्तिहरू बनेको पाइन्छ जसमा प्रथम शताब्दीको सम्बत् १०७ को राजा जय वर्माको मूर्ति, राजपुरुष आदि पर्दछन्, जुन राष्ट्रिय संग्रहालयमा प्रदर्शित छन् ।

---

15 Stella Kramrich, The Art of Nepal, (The Asian Society), Newyork, 1964. P. 16.

16 सत्यमोहन जोशी, नेपाली मूर्तिहरूको विकासक्रम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, (काठमाण्डौः२०३२) पृष्ठ ३ ।

तर यो मूर्ति लिच्छविकालको एउटा अपवादको रुपमा रहेको छ किनभने मल्लकालको प्रारम्भ सम्म त्यस्तो किसिमको मूर्तिहरू बनाउने परम्परा नेपालमा पाइदैन ।[17] नेपाली मूर्तिकलामा धार्मिक प्रवाहकै सन्दर्भमा एउटा चाखलाग्दो आख्यान यस्तो छ । अमृतश्रीको असामयिक निधनले विजयपालको मन दुखित थियो । उनले नन्दपाल नामक कलाकारलाई आफ्नी छोरीको प्रतिमा बनाउन लगाए । पूर्ण बयस्क एक सुन्दर युवतीको मूर्ति तयार भयो तर त्यो मूर्ति अमृतश्रीको सामाजिक रुपमा थिएन, किन्तु गौरीको रुपमा थियो । वास्तवमा कलाकारले गौरीको मूर्तिमा नै अमृतश्री अन्तर्भाव गरेको थियो । यो घटना हाम्रो मूर्तिकला भित्र एक मार्मिक घटना हो । यस गौरीको मूर्तिले उसबेला कुनै मानिसको मूर्ति बनाउँदा पनि कुनै अभिष्ट देवी देवताको प्रतिमा ढाल्ने चलन थियो भन्ने कुरा जनाउँछ । स्वतन्त्र मानिसको हुबहु आकारलाई सामाजिक रुपमा व्यक्त गर्ने मूर्ति निर्माण कला उसबेला व्यक्तिको रोचक थिएन ।[18] हुनत यो घटना लिच्छविकालको अन्तिम समयतिरको हो, तर हामी यसैबाट पनि त्यसबेलाको समाजको धार्मिक मनोवृत्ति बुझ्न सक्दछौं ।

प्राचीन समयमा हाम्रो पूर्वीय परम्परामा मानिसको विचारधारा बेग्लै भएकोले मूर्तिकलाको मुख्य विषय नै धर्म हुन गयो । "प्राचीन समयमा सत्य शिव सुन्दर एउटै वस्तु परमेश्वरलाई भनिन्थ्यो। जो सत्य छ त्यही शिव, जुन शिव छ, त्यही सुन्दर हुन्छ भन्ने धारणा उसबेलाको समयको थियो । सौन्दर्य शास्त्रको उत्पत्ति सत्रौ शताब्दीमा पश्चिमतिरबाट भएको हो । तसर्थ सौन्दर्यको लक्ष्य र आधार जुन यस युगमा मानिएको छ । त्यो पूर्व कालमा थिएन"

## मूर्तिपूजाको प्राचीनता

मूर्तिलाई अंग्रेजीमा Icon भनिन्छ । उक्त शब्द ग्रीक भाषाको Eikon बाट लिइएको हो । मूर्तिको अध्ययन गर्ने विषयलाई प्रतिमा विज्ञान (Iconography) भनिन्छ । मूर्ति भन्नु

---

17 लिच्छवीकालका धेरै मूर्तिफलकमा सबैभन्दा तल भक्तको रुपमा मानिसको मूर्तिहरू बनाइने परम्परा पाइन्छ, तर छुट्टै मूर्ति भने पाइएको छैन । सम्बत् ४२७ को मानदेवको पालाको निरपेक्षको अभिलेखबाट उनले आफ्नो बाबु आमाको प्रतिमा स्थापना गराएको प्रष्ट हुन्छ, तर दुर्भाग्यवश त्यो प्रतिमा प्राप्त हुन सकेको छैन, खाली अभिलेख मात्र छ । (वीणा पौड्याल, राष्ट्रिय संग्रहालयका केही मूर्तिहरू, २०३५)

18 मनवज्र बज्राचार्य, नेपालको मध्यकालीन कला, श्री ५ को सरकार, सूचना विभाग, काठमाडौं, मिति नभएको, पृ. १११ ।

नै प्रतिमा हो, प्रतिमालाई अमरकोष अनुसार प्रतिमान, प्रतिविम्ब, प्रतियातना, प्रतिच्छाया, अर्चा आदि भन्ने बुझिन्छ ।[19] प्रतिमा विज्ञान मानवले उत्पादन गरेका देख्न सकिने कला (Visual Art) सँग सम्बन्धित छ, यसको मतलब प्रतिकृति लेख्नु हो ।[20] त्यसकारण मूर्ति विज्ञानको अध्ययन भन्नु नै त्यस्ता मूर्तिहरूको मतलब बुझ्नु वा अध्ययन गर्नु हो ।[21] यस व्याख्याको आधारमा भन्ने हो भने मानव निर्मित कुनै पनि ठोस आकृतिलाई प्रतिमा वा मूर्ति भन्ने बुझाउँछ ।

प्रतिमाको शाब्दिक अर्थ प्रतिरुप हुन्छ । प्रतिरुप भन्नाले कुनै रुपको समान आकृति हुन्छ । प्राचीन भारतमा प्रतिमा शब्दको प्रयोग वैदिक युगदेखि भएको देखिन्छ । ऋग्वेदमा यज्ञको स्वरुपको सम्बन्धमा प्रतिमा शब्दको प्रयोग भएको छ ।[22] प्रतिमाको लागि अर्चा शब्दको प्रयोग ऋग्वेदमा भएको पाइन्छ ।[23] पतञ्जलीले पनि प्रतिमाको सट्टा अर्चा शब्दको प्रयोग गरेको छ । मूर्ति भन्नाले सामान्य जीवनका मनुष्य वा प्राणीहरू जुनसुकैको हुन सक्छ । तर प्रतिमा शब्दको प्रयोग देवी, देवता, माहात्मा आदिको आकृतिको लागि गरिन्छ ।

मानवले सधै आफ्नो हित हने कुरामा चिन्तन मनन् गरिरहेको हुन्छ । यसै अनुरुप उसले आफू भन्दा शक्तिशाली अदृश्य शक्तिको कल्पना पनि गर्दछ । यस्तो कल्पना गर्न उसलाई प्राकृतिक वातावरणले नै प्रेरित गरेको हुन्छ । प्राकृतिक नियम अनुसार भइरहने परिवर्तनलाई मानिसले आफूभन्दा शक्तिशाली भएको अनुभव गर्दछ । मानव प्रयासबाट नियन्त्रण गर्न नसक्ने शक्तिशाली तत्वको अस्तित्व स्वीकार गर्न बाध्य हुन्छ । त्यस्ता अदृश्य शक्तिहरूलाई खुशी पार्न मानिसले कुनै ठोस् वस्तुको कल्पनाबाट नै मूर्तिको प्रादुर्भाव भयो ।

यहाँ यस्ता मूर्तिहरूको चर्चा गर्दा धर्मसँग सम्बन्धित रहेर गर्नुपर्ने हुन्छ । "धार्मिक मूर्ति विज्ञान अन्तर्गत धार्मिक चिन्हहरू, साँकेतिक अर्थ बुझाउने चिन्हहरू, धार्मिक विश्वास तथा व्यवहारहरू आदिको समेत अधययन गरिन्छ ।"[24] मानव रुपी मूर्तिको पूजा गर्नु भन्दा पहिले वृक्ष पूजा, भू-पूजा, नागपूजा गर्ने चलन प्राचीन कालदेखि भएको पाइन्छ । यसै क्रममा मूर्ति पूजाको प्रचलन पनि शुरु भएको हुन सक्दछ ।

---

19 कुलचन्द्र शर्मा, अमरकोष, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान वि.सं. २०२६ पृष्ठ १८७ ।

20 अलवर्ट सि.मूर - आइक्नोग्राफी अफ रिलिजियन्स, लण्डन, एस.सी. एस. प्रेस, ई.सं. १९७७, पृ. १८ ।

21 उही, पृष्ठ २१ ।

22 ऋग्वेद १०, १३०, ३ ।

23 नु मन्तान : एष देवान अर्चा । ऋक्ष्वेद ७,९,१९ ।

24 अलवर्ट सि.मूर - आइक्नोग्राफी अफ रिलिजियन्स, लण्डन, एस.सी. एस. प्रेस, ई.सं. १९७७, पृ. २१ ।

## मूर्तिकलाको विकास

मौर्य कालमा पनि मूर्तिपूजाको संकेत पाइन्छ । सम्राट अशोकको अभिलेखमा उल्लेखित "देवानारुपानी" शब्दलाई विद्वानहरूले देवमूर्तिसँग सम्बन्धित मानेका छन् । अशोकको चौथो शिलालेखमा रथ हात्ती पनि अंकित गरिएका छन् । यसरी पुरातात्विक दृष्टिले पनि ईशापूर्व तेस्रो शताब्दीमा नै प्रतिमा पूजा हुन्थ्यो भन्ने बुझिन्छ ।

यस बाहेक नेपाल मै पनि विभिन्न प्राचीन पुरातात्विक वस्तुहरू प्राप्त भएका छन् । तिलौराकोटमा उत्खनन्बाट अष्टकोण तथा सोह्र कोणका स्तुपहरू प्राप्त भएका छन् । त्यस्तै ई.१९७६-७७ को उत्खनन्मा पनि एउटा चौकोणकार र मौर्य स्तुप भेटिएको छ ।[25] त्यस्तै निग्लिहवाको स्तम्भ जुन सम्राट अशोकले राख्न लगाएका थिए । उक्त स्तम्भमा आफू राजा भएको उन्नाइसौं वर्षमा यहाँ आई कनकमुनी बुद्धको स्तुपलाई दोब्बर गरी फेरी राज्य गरेको २० औं वर्षमा यहाँ आई पूजाआजा गरी स्तम्भ खडा गरिदिएको कुरा वर्णन छ ।[26] त्यस्तै लुम्बिनीको अशोक स्तम्भमा कुँदिएको अभिलेख अनुसार लुम्बिनी ग्राममा आफ्नो राज्याभिषेकको २० औं वर्षमा बुद्ध जन्मेको ठाउँमा आई पुजा गरी शिलास्तम्भ खडा गरिदिएको कुरा वर्णन छ ।[27]

यि दुवै स्तम्भको अभिलेखमा स्पष्ट रुपमा पूजा गरिएको वर्णन गरेको छ । फेरि निग्लिहवाको स्तुपलाई दोब्बर बनाए भन्ने प्रसंगबाट त्यहाँ रहेको कनकमुनी बुद्धको स्तुप अशोक भन्दा पनि पुरानो भएको कुरा सिद्ध भएको छ । अशोकले कुन विधिबाट कसरी, केमा पूजा गरेका थिए त्यो कुरा अभिलेखबाट प्रष्ट नभए पनि शायद अशोकले मूर्ति पूजा नै गरेको हुनुपर्छ । यदी यसो हो भने अशोकले मूर्तिपूजा गरेको ठाउँमा अझ अगाडी देखि नै पूजा गर्ने प्रचलन रहेको हुन सक्छ ।

सर्वप्रथम कौटिल्यको अर्थशास्त्र मौर्यकालीन अर्थात ईशापूर्व तेस्रो चौथो शताब्दीको मानिन्छ । उक्त अर्थशास्त्रमा नगरको मध्य भागमा अपराजिता, अप्रतिदन्त, जयन्त, वैजयन्त

---

25 साफल्य अमात्य, नेपालमा पुरातत्व, काठमाडौं : साझा प्रकाशन, २०३६, पृ. ६३ ।

26 (देवानपियन पियदसिन लाजिन चोदसवसभिसितेन बुधसकोनाक मनस थुंवे दुतियं बढिते धीसतिवसाभिसीतेन च अतन आगा च महियिते शिला विगड भिताकालापित सिला थ भेच उस पापिते) - सत्यमोहन जोशी, नेपाल लिपी -प्रकाश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३०, अभिलेख झलक ५ ।

27 (देवान पियन पियदासिन लाजिन वीसतिवसाभिसितेन अतनआगा च महीयिते हिदबुधे जाते साक्यमुनिति सिलाविगड भीचाकालपित सिलाथः मे च उस पापिते हिद भकावं जातेति लुमिंनी ग्रामे उवलिके करे अडभागि च)
- पं शंकरमान राजवंशी, (सम्पादक), प्राचीन लिपि विकास, काठमाडौंः श्री ५ को सरकार, संस्कृति विभाग, वि.सं. २०३०, पृ.१९

शिव, वैश्रवण, अश्विन आदि देवहरूको तथा मदिरादेवीका मूर्तिहरू स्थापना गर्ने आदेश दिइएको छ ।[28]

पाणिनीको समय पाँच सय वर्ष ईशापूर्वमा शैव र वैष्णव सम्प्रदायका प्रतिमालाई विशिष्ट बनाउन टाउको आँखा हात आदि बनाउन शुरु गरियो ।[29] साथै साँकेतिक पूजाको रुपमा शालिग्राम, लिंग, यन्त्र, चक्र आदिलाई पनि पूजा गरिएको प्रमाण पाइन्छ । पाणिनी सुत्रमा यक्ष तथा नागको मूर्ति पूजाको पनि वर्णन छ ।

स्मृतिकालमा पनि मूर्तिपूजा सम्बन्धमा स्पष्ट प्रमाण पाइन्छ । मन्दिर र मूर्ति विग्रीसकेकोले त्यसको जीर्णोद्वार गरेको प्रसँग मनुस्मृतिमा उल्लेख पाइन्छ । त्यस्तै मनुले मन्दिर, पुल, स्तम्भ तथा प्रतिमा नष्ट गर्ने व्यक्तिलाई ५०० पणको दण्ड दिने आदेश दिइएको छ ।[30]

महाकाव्यकालमा पनि स्पष्ट रुपमा प्रतिमा पूजाको उल्लेख पाइन्छ । महाभारतमा प्रकृति तथा मानवाकार ईश्वरको पूजालाई स्वीकार गरिएको छ । विभिन्न तीर्थहरूको वर्णन गर्ने क्रममा पुण्डरिक तीर्थमा रहेको विष्णुको शालिग्राम मूर्तिको पूजा गरेमा उक्त व्यक्तिलाई ठूलो पूण्य प्राप्त हुन्छ भनिएको छ ।[31] नन्दीश्वरको मूर्ति दर्शन गरेमा सम्पूर्ण पापबाट मुक्त हुन्छ भनि अर्को ठाँउमा भनिएको छ ।[32] त्यस्तै धर्मप्रस्थ नजिक मातङ्ग्राश्रममा रहेको धर्मको प्रतिमा स्पर्श मात्र गरेमा यज्ञ गरेको जति फल मिल्छ भनिएको छ ।[33] ब्रह्माको प्रतिमा दर्शन गरेमा राजसूय यज्ञ गरेको जति फल मिल्छ भनिएको छ ।[34] यस प्रकार महाभारत कालमा पनि स्पष्ट रुपमा मूर्ति पूजाको उल्लेख पाइन्छ ।

रामायणमा पनि मूर्तिका प्रसंग उल्लेख पाइन्छ । रावण स्वयम् शिवभक्त भएकोले शिवका स्वर्ण लिंग पूजा गर्दथे ।[35] रामले अश्वमेघ यज्ञको लागि पत्नीको उपस्थिति आवश्यक

---

28 अपराजिता प्रतिहतो ........... शिव वैश्रवणाश्विश्री मदिरार्गह च पुरमधय कारयेत् ॥ कौटिल्य अर्थशास्त्र, दुर्गनिवेद अध्याय ।

29 गोपीनाथ राव. एलमेन्टर अफ हिन्दू आइकोनोग्राफी, मद्रास इनडोलोजिकल बुक हाउस, इ.सं. १९१४, भोलम १ भाग १, पृष्ठ २८-२९ ।

30 मनुस्मृति ९।२८५

31 शालग्राम इति ख्यातो विष्णु रद्र मुतकर्मक : महाभारत ३।८४।१३४ ।

32 नन्दीस्वरस्थ मूर्ति तु दृष्टवा मुच्यते किल्विर्ष । महाभारत १३।२५।२९ ।

33 महाभारत ३।८४।१०२ ।

34 महाभारत ३।८४।१०३-१०४ ।

35 रामायण उ ६३। २९-३० ।

भएकोले सीताको स्वर्णको प्रतिमा बनाई यज्ञ गरेको कुरा उल्लेख छ ।[36] लंकाका मन्दिरहरूमा प्रतिमाहरू सौन्दर्यपूर्ण भएको कुरा उल्लेख पाइन्छ ।[37]

सिन्धुघाँटीको सभ्यता अन्तर्गत मोहोन जोड्डो तथा हडप्पाको संस्कृति महत्वपूर्ण देखिन्छ । यहाँको उत्खनन्मा माटाका विभिन्न मूर्तिहरू प्राप्त भएका छन् । धर्मको क्षेत्रमा व्यापक दृष्टिकोण नभएर वा कलाकारहरूसँग शीपको कमी भएर हो, माटाका मूर्तिहरू राम्रा देखिदैनन् । त्यस्तै हडप्पाबाट प्राप्त मुद्रामा अनेक पशुहरूको आकृति पाइयो । एउटा मुद्रामा एउटा सिंग भएको पशु छ । त्यस्तै हरिणको रुपको चित्रण पनि यहाँ गरिएको देखियो । यसलाई अग्रवाल ज्यूले शिवको मृगव्याध रुप हो भनि बताउनु हुन्छ ।[38] यस अतिरिक्त भैंसी, गैंडा, हात्ती आदिका खेलौना प्राप्त भएका छन् ।

अनौठो खालको एउटा मुद्रामा मनुष्य आकृति भएता पनि खुट्टामा खुर शिरमा सिंग र पुच्छर समेत रहेको छ । यो आकृति अर्को पशुसँग युद्ध गरिरहेको छ । वरिपरि अनेक पशु आकृतिहरू रहेका छन् ।[39] एउटा मुद्रामा तीन शिर भएका पशु रहेको, पशु नजिकै एक व्यक्ति बसेको अर्को अन्जली मद्रामा झुकेको छ । मार्शलका अनुसार प्राप्त मूर्ति तत्कालीन धार्मिक मूर्ति हुन सक्छ ।[40] उक्त मूर्तिमा ६ वटा टाउको रहेका छन् । एउटा श्वेत पत्थरमा बनेको पशु मूर्ति प्राप्त भएको छ । जसलाई कालान्तरमा विकसित मत्स्यावतारको प्रतिक हो भन्ने मजुमदारको विचार रहेको छ । यदी त्यसो हो भने वैष्णव धर्मसँग सम्बन्धित वस्तुहरूमा चक्रको छापलाई लिन सकिन्छ । साथै वैष्णव धर्मको प्राचीनता सिन्धुघाँटी सभ्यता सम्म पुऱ्याउन सकिन्छ ।

यसरी सिन्धुघाँटी सभ्यतामा विभिन्न प्रकारका विविध शक्तिहरू पुजनीय भएको देखिन्छ । शैव, वैष्णव, शक्ति साथै पशु पक्षी जस्तै घडियाल, गैडा, हात्ती, सर्प तथा प्रकृति पूजाका रुपमा नदी, वृक्ष आदिसँग सिन्धुघाँटी सभ्यताकालीन जनता परिचित भएको बुझिन्छ । पूजा गरिरहेका भक्तहरू, हात जोडी झुकेर बसेका छापहरू, बली चढाउन लागिएका मूर्तिहरू आदिबाट पनि त्यस समयमा भक्ति भावना तथा मूर्तिपूजासँग परिचित

---

36 वाल्मिकी रामायण उत्तरखण्ड ९१।५।१५ ।
37 वाल्मिकी रामायण उत्तरखण्ड ६।३९।४१ ।
38 भि.एस. अग्रवाल, इण्डियन आर्ट पृ. ३६ ।
39 भि.एस. अग्रवाल, इण्डियन आर्ट पृ. १३८ ।
40 मार्शल ।

भएको बुभिmन्छ । कालान्तरमा प्राप्त भएका देव प्रतिमाहरू यस युगसँग सम्बन्धित देखिन्छ ।[५]

नेपालको सन्दर्भमा मूर्ति पूजाको शुरुवात कहिलेदेखि शुरु भयो भन्ने कुरा प्रामाणिक रुपमा राजा मानदेव प्रथमको समय देखिको मात्र भेटिन्छ । यस भन्दा अघि पूर्व लिच्छवीकालमा निर्मित गजलक्ष्मी, हारतीको मूर्ति प्राप्त भएका छन् । यस दृष्टिमा नेपालमा धेरै अघि देखि नै मूर्ति पूजा प्रारम्भ भएको अनुमान गर्न सकिन्छ ।

[५] ए.वी किथ, रिलिजियन एण्ठ फिलोसोफी अफ वेद, भाग १, पृ. ५८ ।

# वैष्णव धर्म र मूर्तिकला

प्राचीनकालदेखि प्रचलित धर्महरू मध्ये हिन्दु धर्मको निकै महत्व छ । हिन्दु धर्म अन्तर्गत वैष्णव सम्प्रदायको प्राचीनता निकै छ । तर वैष्णव सम्प्रदायको शुरुवात कहिले देखि भयो भन्ने कुरा यकिनसँग भन्न सकिदैन । सिन्धुघाँटी सभ्यताबाट प्राप्त विभिन्न मूर्तिहरूबाट पनि त्यो बेला कुन घर्म मान्दथे भन्ने राम्रो जानकारी पाउन सकिदैन ।

विष्णुको सबभन्दा पहिलो उल्लेख ऋग्वेदमा भएको पाइन्छ । ऋग्वेदमा विष्णुका मन्त्रहरू त्यत्ति देखिदैन । ऋग्वेदमा इन्द्रका २५०, अग्निका २००, वरुणका १०० वटा सुक्तहरू छन् भने विष्णुको पाँचवटा मात्र सुक्त छन्।[42] स्तुति मन्त्रहरूको आधारमा भन्ने हो भने वेदमा विष्णुको कुनै महत्व नभएको देखिन्छ तर प्राप्त प्रमाणको आधारमा जति थोरै वर्णन गरिए तापनि महत्व कम भएको देखिदैन ।

विष्णुलाई ऋग्वेदको एउटा मन्त्रमा तीन पदहरूले तीन लोक नाप्ने पराक्रमीको रुपमा वर्णन गरिएको छ । जुन विस्तृत पादमा समस्त भुवन समाहित हुन्छ । अथवा जुन विष्णु देवले अमृत रसले परिपूर्ण तथा कहिल्यै क्षीण नहुने तीनवटा स्वच्छन्द आनन्दमा मग्न रहन्छ र जसले एक्लै भएर तीन स्थानहरूमा पृथ्वी, स्वर्ग र सम्पूर्ण प्राणीहरूलाई आधार दिइराखेको छ ।[43]

ऋग्वेदमै अर्को स्थानमा त्रिपदको व्याख्या गरी उक्त त्रिपद मध्ये दुई पद मात्र मनुष्यले देख्न सक्ने र तेस्रो पद योगीले मात्र देख्न सक्ने कुरा उल्लेख छ ।[44] बली र वामनसँग सम्बन्धित कथा ऋग्वेदमा उल्लेख पान्इन्छ ।[45] त्यही आधारमा नेपालमा विष्णु विक्रान्त मूर्तिहरू बनाइएका छन् ।

सबैको स्वामी, रक्षक, शत्रु रहित विष्णु बल र वीर्यको स्तुति गरी तेस्रो पद आकासमा गमन गर्ने मरुतगणले पनि प्राप्त गर्न नसक्ने कुराको वर्णन पाइन्छ । मरुतलाई प्रेरणा दिने यो विष्णुको इच्छामा बरुण र अश्विनी कुमार सधैं तत्पर रहन्छन् । यस भनाईबाट विष्णु अन्य देव जस्तै ऋग्वेदमा १०० भन्दा बढी मन्त्रहरू भएका बरुण भन्दा

---

[42] श्री कल्याण विष्णु अंक वैदिक वाङ्मयमा विष्णु देवताको स्वरुप र महत्व, श्री मंगलदेवजी शास्त्री, पृ. ८४ ।

[43] क्याक्समूलर, ऋग्वेद संहिता, भाग १, पृ. ६६१-६६३ ।

[44] म्याक्समूलर, ऋग्वेद संहिता, भाग १. पृ. ६६६ ।

[45] ऋग्वेद १।३२।१६-२१ ।

ठूला देखिन्छन् । म्याकडोनलको मत अनुसार तीन पदहरूको व्याख्या सहित जुन कार्यहरू विष्णुले गर्दछन् त्यो अत्यन्त महत्वपूर्ण छ । "म विष्णु पराक्रमको वर्णन गर्छु म त्यो विस्तृत पदका आश्रय चाहन्छु । जहाँ देवताहरूको स्वामित्व मान्ने मनुष्य आश्वासन प्राप्त गर्छ । उनको परमपद नै अमृतादिको केन्द्र हो । हे इन्द्र र विष्णु, हामी तिमी दुवैको अत्यन्त शक्तिशाली सिद्धि रुपको प्रशंसा गर्छु ।"[46] जल उत्पादक अत्यन्त यशस्वी, रक्षक सुख दिने हे विष्णु, उत्तम काम गर्नेहरू इन्द्र र विष्णुको सेवा गर्न तत्पर रहनु पर्छ ।[47] जसले विष्णुको लागि हवन गर्छ र मन्त्रद्वारा पूजन गर्छ उसलाई शीघ्र धन प्राप्त हुन्छ । हामी तिम्रो प्रसिद्ध नामहरू किर्तन गर्छौं । तिमीले हाम्रो हवन स्वीकार गर र हामीलाई सदा पालन गर्नुहोस् आदि माथि उल्लेख गरिएका मन्त्रहरूबाट विष्णु भक्तिको आरम्भ वैदिककाल देखि नै प्रारम्भ भएको मान्न सकिन्छ ।

ऋग्वेदको दशौं मण्डलको प्रारम्भमा पुरुषलाई नारायण भनिएको छ । उत्तर शुक्ल यजुर्वेदको उत्तर नारायण भागमा श्री र लक्ष्मीलाई पुरुषको शक्ति मानिएको छ । त्यही आधारमा पनि पुरुष शब्दले विष्णुलाई जनाउन खोजेको हो भन्ने बुझिन्छ ।

ऋग्वेद पछिका ग्रन्थहरूमा पनि विष्णुको अझ व्यापक रुपमा उल्लेख पाइन्छ । यजुर्वेदको २।६ मा यज्ञको हवनको रक्षा गर्न, सर्म्पूण यज्ञ र यज्ञकर्ता यजमानको पनि रक्षा गर्न आव्हान गरिएको छ ।[48] सर्वव्यापक विष्णुले यस चराचर विश्वलाई विभक्त गरी प्रथम पृथ्वी, दोश्रो अन्तरिक्ष र तेस्रो स्वर्गमा पद निक्षेप गर्नुभयो । यही विष्णुको पदमा विश्व अन्तर्भूत छ । हामी उही परमात्माको लागि हवन दिन्छौं । भगवान विष्णुको कुन कुन पराक्रमलाई वर्णन गरु? उनको महिमाको वर्णन गर्ने सिमा नै छैन । उनले पृथ्वी अन्तरिक्ष र स्वर्ग तथा सबै प्राणीहरू र परमाणुको रचना गरे, तिनै लोकमा अग्नि, वायु र सूर्यको रुपमा विद्यमान भई श्रेष्ठ पुरुषहरूद्वारा स्तुति गरिएका छन् ।[49] विष्णु स्वर्ग, पृथ्वी तथा अन्तरिक्षबाट ल्याइएको धनबाट हामीलाई विभिन्न प्रकारको रत्न देऊ, राक्षसलाई हनन् गर्ने, अभिचार साधनलाई निरर्थक गर्ने यज्ञको मुख्य उपकर्ता, यज्ञको रक्षक, शत्रुलाई आफ्नो विकराल पराक्रम देखाउने, आहुति रुप इन्द्रको वृत्त हनन् आदि कर्ममा सहयोग गर्ने, सूर्य

---

46 म्याक्समूलर, ऋग्वेद संहिता, भाग १. पृ. ६६५-६६६ ।

47 म्याक्समूलर, ऋग्वेद संहिता, भाग १. पृ. ६६०-६६६ ।

48 दयानन्द, सरस्वती स्वामी यजुर्वेद भाष्यम्, अमृतसर मन्त्री रामलाल कमुर ट्रष्ट ई.सं. १९५९, भाग १, पृ. १६८ ।

49 दयानन्द, सरस्वती स्वामी यजुर्वेद भाष्यम्, अमृतसर मन्त्री रामलाल कमुर ट्रष्ट ई.सं. १९५९, भाग १, पृ. २३० ।

मण्डलमा नेत्रको रुपमा रहेको सृष्टि रचना र संहार आदि चरित्र हेर्ने[50] आदि रुपमा उनलाई वर्णन तथा स्तुति गरिएबाट विष्णुको महत्व वैदिक कालमा कमी नभएको बुझिन्छ ।

धेरै विद्वानहरूको विचार अनुसार विष्णुको तीन पाइला सूर्यको उदय, मध्यान्ह तथा अस्तसँग सम्बन्धित गरेका छन् । तर तीन पाइला मध्ये तेस्रो पाइलाले सूर्यको अस्तको प्रतिनिधित्व गर्न सक्दैन । किनभने तेस्रो खुट्टा राखेको लोक केवल विष्णुले मात्र देख्न सक्छन् । अथर्ववेदमा यज्ञमा उष्णता प्रदान गर्नको लागि विष्णुको स्तवन गरेको उल्लेख पाइन्छ । वैदिक साहित्यमा विष्णुको अस्त्रमा एउटा चक्रलाई सूर्यको प्रतिक मानेको पाइन्छ । विष्णुको बाहन गरुड पंक्षीहरूमा प्रधान मानिन्छ । गरुडलाई "गरुत्मन" तथा "सुपर्ण" पनि भनिएको छ । यि दुवै शब्दहरू सूर्य पक्षीको रुपमा ऋग्वेदमा उल्लेख भएकोले र साथै विष्णुद्वारा आफ्नो वक्षस्थलमा धारण गरिएको कौस्तुभ मणिलाई पनि सूर्यको रुपमा व्याख्या गरिएकोले, विष्णुको धारणा मुख्य सूर्यकै रुपमा विकसित भएको देखिन्छ ।[51]

ऋग्वेदको ६/६९ सबै मन्त्र इन्द्र र विष्णुसँग सम्बन्धित छन् । विष्णुको उल्लेख गरिएको शुक्तमा अन्य देवहरू भन्दा इन्द्रको बढी उल्लेख पाइन्छ । ऋग्वेदको ७।९९।४-५, १।१५४।९, १।१५५।१ आदिमा प्रत्यक्ष रुपमा इन्द्रलाई विष्णुसँग सम्बन्धित गराएको छ । पुराणहरूमा विष्णुलाई उठाउन इन्द्रलाई कम महत्व दिइयो । वेदमा निस्वार्थी रुपमा देखाइएको इन्द्रलाई पुराणहरूमा स्वार्थीका रुपमा दर्शाइए । ब्राम्हणकालमा यज्ञलाई महत्व दिइयो । उपासना तथा कर्मकाण्डको व्यापक विस्तार भयो । त्यसैले वेदमा यज्ञ नै विष्णु भनिएको छ । विष्णु अवतार सम्बन्धी सर्वप्रथम उल्लेख ब्राम्हण साहित्यमा दिइएको छ । विष्णुको सबभन्दा पहिलो अवतार मत्स्यावतार मानिन्छ ।[52] उपनिषदहरूमा विष्णुलाई नारायण भनिएको छ । नारायणलाई पुरुष भनिएको छ । विष्णुलाई सर्वोच्च स्थान दिइएको छ । त्यसपछिका ग्रन्थहरूमा विष्णुलाई झन झन बढी मत्व दिइयो । तैतरिय आरण्यकमा परमात्माका सम्पूर्ण गुणहरूले युक्त भएका रुपमा वर्णन गरिएको छ ।[53]

पुराण साहित्यहरूको प्रमुख अंङ्ग देवोपासना हो । ऋग्वेदमा त्यति महत्व नदिइएको विष्णुलाई पुराणकालमा विशिष्ट स्थानमा राखियो । विष्णु अवतार सम्बन्धी वर्णन विभिन्न पुराणहरूमा वर्णन गरिएका छन् । विष्णुको अवतार सम्बन्धी वर्णन गर्नको लागि मत्स्य,

---

50 दयानन्द, सरस्वती स्वामी यजुर्वेद भाष्यम्, अमृतसर मन्त्री रामलाल कमुर ट्रष्ट ई.सं. १९५९, भाग १,पृ. २६६-७७५।

51 म्याकडोनेल, वैदिक माइथोलोजी, हिन्दी अनुवाद, पृ. ७२ ।

52 शतपथ ब्राम्हण २।८।१।१ ।

53 तेलरिय आरण्यक १०।१० ।

कुर्म, बराह, बामन पुराण बनेको पाइन्छ । तर ती पुराणहरूमा शिवलाई सर्वोच्च स्थान दिइएको छ । विष्णुलाई सर्वोच्च स्थान दिइएका पुराणहरूमा नारद, गरुड, भागवत तथा विष्णु पुराण हो । विष्णु पुराणमा विष्णुले आफ्नो भक्तिका साथै शिवको पनि भक्ति गर्न भनिएको छ । शिवलाई भक्ति नगर्ने वा निन्दा गर्ने व्यक्तिलाई नरकगामी भनिएको छ ।[54] वैष्णव पुराणमा सबभन्दा महत्वपूर्ण पुराण विष्णु पुराण हो । यो पुराणमा सर्वत्र विष्णुको महिमा बारे वर्णन गरिएको छ । महर्षि पराशरले विष्णु पुराणलाई सबभन्दा महत्वपूर्ण, श्रेष्ठ, सर्वपाप नास गर्ने पुरुषार्थ (काम, अर्थ, धर्म, मोक्ष) को प्रतिपादन गर्ने पुराणको रुपमा लिनु भएको छ ।[55] वेद सम्मत यस पुराणलाई सुनेमा सबै दोषबाट उत्पन्न पापबाट मुक्त हुन्छ ।[56] यस पुराणमा वर्णाश्रम व्यवस्थाका बारेमा पनि बताइएको छ। त्यस्तै सृष्टिको उत्पत्ति, पोषण, पालन र प्रलयको कारण कृष्णको उत्पत्ति[57] आदि बारेमा बताइएको छ ।

त्यसै गरी नारद पुराणमा विष्णुको स्तुति, विष्णुको महात्म्य, नृसिंह माहत्म्यका वर्णन गरिएको छ । विष्णु नाम हरि,तेज भएका, अकालमृत्यु हरण गर्ने, सबै रोग नष्ट गर्ने सबै पाप क्षय गर्ने[58] विष्णु नै ब्रह्मा, शिव र सर्वदेवमय हो भनि वर्णन गरिएको छ ।[59]

त्यसै गरी श्रीमद भागवत पुराणमा पनि वैष्णव धर्म सम्बन्धी वर्णन गरिएको छ । यस पुराणलाई पनि बैष्णव पुराण मानिन्छ । यस पुराणमा कृष्णको चरित्रलाई महत्व दिई व्याख्या गरिएको छ । गरुड पुराण पनि बैष्णव पुराण मानिन्छ । गरुड पुराणमा सर्वप्रथम अन्य देवताहरूका साथमा विष्णुको स्तुति गरिएको छ । जो व्यक्ति विष्णुको आराधना गर्छ त्यसलाई कुनै भय हुँदैन ।[60] गरुड पुराणमा विष्णुलाई नै माता, पिता, बन्धु, जल, थल बताइएको छ ।[61]

बराह पुराणको प्रारम्भमै पञ्चरात्र सम्प्रदायसँग सम्बन्धित गराइएको छ । जस अन्तर्गत नारायणलाई प्रमुख देवताको रुपमा लिइएको छ । विष्णुभक्तलाई भागवत नाम दिइएको छ र बराह भगवानले उक्त धर्म केवल भागवतलाई मात्र बताउन आदेश दिइएको

---

54 भद्भक्त : शंकरद्वेषी मद्वेषी शंकरप्रियः । नावुभौं नरक यातौ यावनिन्द्रारचतुर्दश ॥ विष्णु पुराण ३।५।७ ।

55 पुराण वैष्णवं चैतत्सर्वकिल्विषनाशम् । विशिष्ट सवेशास्त्रेश्य : पुरुषार्थोयदाकम् ॥ विष्णु पुराणा ६।८।३ ।

56 विष्णु पुराण ६।८।१२ ।

57 विष्णु पुराण ५।१। ५९-६० ।
- अनुवादक मुनिलाल गुप्त, श्री श्री विष्णु पुराण - घनश्यामदास जालान, गोरखपुर, गीताप्रेस, पहिलो संस्करण, वि.सं.१९९०, पृष्ठ ३७६ ।

58 अकाल मृत्यु हरणै सर्वव्याधिनाशनम् । सर्वपापक्षयकर विष्णुपादोदकम शुभम्, नारद पुराण पूर्व ३, १२१ - १२२ ।

59 नारद पुराण पूर्व ८१-१०७ ।

60 गरुड पुराण उत्तरखण्ड ४।५१

61 गरुड पुराण उत्तरखण्ड २०-३७

छ ।[62] विष्णु पूजा पछि भागवतको सम्मान गर्न आदेश दिइएको छ ।[63] बराह पुराणको २११ र २१२ अध्यायमा विष्णुको पूजा गर्ने विधि बताइएको छ ।

स्कन्द पुराणको वैष्वण भूमि बराह खण्डमा जगत र जीवको सृष्टिको विषयमा वैष्णव उत्तकाल खण्डमा सबै पाप तथा आपत नाश गर्ने रुपमा वर्णन गरिएका छन् । पद्म्म पुराणको सृष्टि खण्ड २।११५ मा भगवान विष्णुको विभिन्न स्वरुपहरूको विषयमा त्यही सृष्टि खण्डमा विष्णु परमतत्व, परब्रम्ह, परमात्मा आदि बारेमा बर्णन गरिएको छ ।

प्राचीन साहित्यहरू मध्ये महाभारत अत्यन्त महत्वपूर्ण ग्रन्थ मानिन्छ । महाभारतका एक अंश 'गीता' मात्र पनि आध्यात्मिक ज्ञानको लागि महत्वपूर्ण मानिन्छ । महाभारतका प्रणेता महर्षि व्यासलाई भगवान विष्णुको एउटा अवतार मानिएको हुँदा महाभारतमा विष्णुको स्तुति गरी भीष्मले पूर्वकालमा ब्रम्हर्षिहरू एकै साथ मिलेर स्तुति गरिएको प्रसंग बताउनु भएको थियो । नारदका अनुसार मनका कुरा जान्न, मार्कण्डेयका अनुसार भूत, भविष्य र वर्तमान रुप, यज्ञका यज्ञ, तपका तप, भृगुका अनुसार देवताको पनि देवता, द्वैपायनका अनुसार बसुहरूका पनि बासुदेव, इन्द्रलाई इन्द्रासनमाथि अवस्थित गर्ने प्रजाको सृष्टिका समय प्रजापति, अंगिराका अनुसार समस्त लोकलाई रचना गर्ने, देवलका अनुसार शरिर र मन अव्यक्र तथा व्यक्त रुप देवतालाई जन्म दिने, भनि उल्लेख गरिएको पाइन्छ ।

जो प्रांणी मात्रको हृदयमा सर्वव्यापक भई निवास गर्छ उनी भगवान विष्णु एक मात्र शास्त्र हो । जीवमात्रको हृदयमा निवास गर्ने गुरु, प्राणीमात्रको हृदयमा निवास गर्ने बन्धु हो ।[64]

रामायणका मुख्य पात्र राम विष्णुको एउटा अवतार हो । रामायणको बालकाण्ड सर्ग १५ मा देवताहरूको ब्रह्माकहाँ गई रावणबाट भइरहेको अत्याचारलाई समाप्त पार्न देवताहरूले स्तुति गर्दा[65] विष्णुलाई सबै देवताहरूले मनुष्य योनीमा अवतार ग्रहण गरी रावणलाई दमन गर्ने प्रार्थना गरेकोले[66] विष्णुले देवताको कल्याणको लागि रावणलाई मार्न ११ हजार वर्षसम्म पृथ्वीमा निवास गर्छु भनि उक्त आग्रह स्वीकार गर्नु भएको थियो ।[67]

---

62 बराह पुराण उत्तरखण्ड ११७/४७
63 बराह पुराण उत्तरखण्ड ११९/२०
64 महाभारत अश्वमेधिध पर्व अध्याय, ३४ ।
65 बाल्मिकी रामायण, बालकाण्ड सर्ग १५, श्लोक ६-११ ।
66 बाल्मिकी रामायण, बालकाण्ड सर्ग १५, श्लोक १२-२५ ।
67 बाल्मिकी रामायण, बालकाण्ड सर्ग १५, श्लोक २८-२९ ।

महाभारत र रामायण विष्णुसँग सम्बन्धित भएबाट पनि विष्णु धर्मको व्यापकता अनुमान लगाउन सकिन्छ । वेद ब्राम्हण साहित्यहरू पछि महाकाव्यकालमा विष्णु, बासुदेवका रुपमा प्रसिद्धी पाएको देखिन्छ । महाभारतमा बासुदेव उपासनामा चार प्रकारका नामहरू प्राप्त छन् । त्यसमध्ये भागवत्, सन्वत, एकान्तिक तथा पञ्चरात्र हुन् । यो कुरा महाभारतको नारायणीय खण्डमा बताइएको छ । उनलाई प्राचीनमा पनि प्राचीन भनि बताइएको छ ।[68] उनलाई ब्रम्हाण्डको आत्मा मानिएको छ, सृष्टि भन्दा पहिले नै अस्तित्वमा रहेका एक मात्र शक्तिको रुपमा वर्णन गरिएको छ ।[69]

गीतामा अवतारवादलाई ठूलो महत्व दिइएको छ । आफ्नो अवतारको औचित्य दिदै भगवान भन्नु हुन्छ - जव जव धर्मको नाश हुन्छ, अधर्मको शक्ति बृद्धि हुन्छ । तबतब म मनुष्यको रुपमा जन्म लिने छु । साधुजनको संरक्षण र दुष्टको नाश गर्न तथा धर्म स्थापनाको लागि म बारम्बार जन्म लिने छु ।[70]

पाणिनीको सुत्र ४।३।९८ मा प्राप्त विषयलाई पतञ्जलीले आफ्ना भाष्यमा उल्लेखित 'बासुदेव' शब्द पूजा हो अर्थात अत्यन्त पूजनीय वा ईश्वरको नाम हो । यस दृष्टिमा भन्ने हो भने बासुदेव पूजालाई पाणिनी जतिकै प्राचीन मान्नु पर्छ ।[71]

स्मृतिहरूमा पनि विष्णुलाई व्यापक रुपमा प्रस्तुत गरिएको छ । विष्णु सम्बन्धी 'विष्णु स्मृति' बनेको छ । विष्णुले कसरी यो जगतको सृष्टि गरे, कसरी प्राणीहरूको उदय भयो[72] यज्ञ बराह रुप लिई कसरी पृथ्वीको उद्धार गरे ।[73] कुन कुन लोकको रचना गरे[74] आदि कुराको वर्णन गरिएको पाइन्छ ।

विष्णु पद जस्तै बौद्ध धर्ममा पनि बुद्ध पदको चिन्हको पूजा प्रचलित भयो । महायान ग्रन्थमा गीताको प्रभाव देखिन्छ । विष्णुको अवतारवादको अनुसरण बौद्धहरूले गरेको कुरा बौद्ध साहित्यहरूबाट थाहा पाइन्छ । ललित विस्तरमा बुद्धलाई नारायणको अवतार मानिएको छ ।

---

68 महाभारत ७।१६६।४४ भि.एस. सुथान्कर, पुना, मण्डारकर ओरियन्टल इन्स्टिच्युट, भाग ५, पृ. ४७ ।

69 महाभारत, ७।३३६।५४ उही ।

70 यदा यदा ही ......., सम्भवाभी युगे गे । गीता ४।७, ४।८, चुडामणि उपाध्याय ढकाल, श्रीमद्भागवदगीता, वाराणसी, आर्यभूषण प्रेस, वि.सं. २०१४, पृ. १३०-१३१ ।

71 आर जी भण्डारकर, वैष्णवशैव एवं अन्य धर्म (हिन्दी अनुवाद) पृ. ४ ।

72 ब्रम्हारात्रयां व्यतितायां प्रबुद्धे पद्मसम्भवोविष्णु : सिसृक्षमूतानिज्ञात्वा भूमि जलानुगाम् । विष्णु स्मृति ।

73 विष्णु स्मृति उद्घृता पृथ्वी सर्वा रखातलगता पुणउद्घृत्य पृथ्वी सर्वारसातलगतापुरा ।

74 पालासप्तक चक्रे लोकानां सप्तक तथा बीपाना मुदथीनान्य स्थानानावावधानच विष्णु श्याम स्मृति ।

त्यसैगरी जैन साहित्यहरूमा पनि विष्णुको उल्लेख पाइन्छ । पुष्पदंतकृत महापुराणमा ऋषभलाई विष्णुसँग तादाम्मियता देखाइएको छ । ऋषभलाई सम्बोधन गर्दै उनीलाई पृथ्वीको उद्धार गर्ने, गोबर्द्धन उठाउने भनिएको छ ।[75] विष्णुको अवतारहरू वामन, कुर्म, नरसिंह, बराह आदिका कथा जैन साहित्यहरूमा पनि वर्णन गरिएका छन् । जैनको 'विष्णुपुराण' मा बराहका कथाको वर्णन गरिएको छ । 'लिलावाई कहा' मा हिरण्य कश्यपुलाई बध गर्ने विष्णुलाई याद गरिएको छ । 'जय कुमार चरित्र' मा विष्णु बराह रुप धारण गरि पृथ्वीको उद्धार गरेको कुरा वर्णन गरिएको छ ।[76]

यसरी विष्णु धर्मको संक्षिप्त अध्ययनबाट के बुझिन्छ भने वैदिकयुगमा इन्द्रको मित्र, कहीं इन्द्रको सेनापति आदिको रुपमा आएका विष्णु, ब्राम्हणकालमा महत्वका साथ समाजमा स्थापित भैसकेको बुझिन्छ । विष्णु अवतारवादको सिद्धान्त प्रतिपादन भए पछि वैदिक देवताहरू इन्द्र, मरुत, सोम आदिका महत्व घट्दै गएको देखिन्छ । गरुड पुराणमा मात्र विष्णुको २२ अवतारहरूको वर्णन गरिएको छ । त्यस्तै बौद्ध, जैन साहित्य आदिमा पनि विष्णु सम्बन्धी केही न केही उल्लेख भएबाट विष्णु धर्मको प्राचीनता बारे स्पष्ट हुन्छ ।

सिन्धुघाँटी सभ्यतामा थुप्रै मूर्तिहरू प्राप्त भएका छन् । तर त्यसमा बैष्णव धर्मको अस्तित्व झल्काउने कुनै मूर्ति थिएन । शायद त्यतिबेला बढी मात्रामा नाशवान पदार्थ, काठ, माटोबाट मूर्तिहरू बनेको हुन सक्छ ।

तराइको बन्जरहीमा उत्खनन् गर्दा प्राप्त भएका भाँडाकुडा छैंठौं, सातौं शताब्दी ईशापूर्व मानिएको छ । त्यस्तै बालक र आमाको मूर्ति जुन माटोबाट बनाएर पोलिएको छ । तेस्रो शताब्दी ईशापूर्व मानिएको छ, उक्त मूर्तिहरू वैष्णव धर्मसँग सम्बन्धित छैनन् ।

वैष्वण धर्मसँग सम्बन्धित पुरातात्विक प्रमाणका रुपमा भारतको मध्य प्रदेश राज्यको भिल्सा जिल्लाको बेसनगरमा प्राप्त दोश्रो शताब्दी ईशापूर्व मानिएको राजा भगवद्रको समयको गरुडस्तम्भ अभिलेखलाई लिन सकिन्छ । उक्त अभिलेखमा ब्राम्ही लिपिमा लेखिएको छ । उक्त अभिलेखमा हेलिओदारेण भन्ने व्यक्ति (भक्त) ले बासुदेवको सम्मानमा गरुडध्वज स्थापना गरिदिएको कुरा उल्लेख छ ।[77]

---

75 पुष्पदन्त महापुराण १।१०।५१० (शंकर श्रेष्ठ, काठमाडौं उपत्यकाका वैष्णव मूर्तिकला, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, कीर्तिपुर (शोध ग्रन्थ) २०५२ ।

76 'णयकुमार चरित' १।४।८ । उही ।

78 डि.सि. सरकार, सेलेक्ट इन्स्क्रिप्सन्स, कलकत्ता, युनिभर्सिटी अफ कलकत्ता, १९६५ ई.सं., पृ ८८-८९ ।

त्यस्तै अर्को एउटा अभिलेख राजस्थान राज्यको चित्तरगढ जिल्लाको घोसुण्डीमा प्राप्त राजा सवततको पालामा एउटा अभिलेखमा भगवान बासुदेवको सम्मानमा नारायण बाटिका बनाइदिएको उल्लेख छ ।[78]

माथि उल्लेखित दुई अभिलेख मध्ये पहिलो अभिलेख भागवत भन्ने भक्तले आफैले गरुड ध्वज राख्न लगाएको कुरा वर्णन पाइन्छ । यसरी पुरातात्विक ठोस प्रमाणको रुपमा वैष्वण धर्म सम्बन्धी जानकारी दोश्रो शताब्दी ईशापूर्वबाट प्राप्त भएको छ ।

## नेपालमा वैष्णव सम्प्रदाय

नेपालमा प्राचीनकाल देखि नै शैव, वैष्णव, बौद्ध तथा शाक्त धर्म प्रचलनमा थियो । प्राप्त अभिलेखहरूको प्रमाणको आधारमा नेपालमा पहिले देखि धर्म प्रति संकिर्ण भावना रहेको देखिंदैन । तापनि नपालको साँस्कृतिक इतिहासमा वैष्णव धर्मको ठूलो योगदान रहेको छ । काठमाण्डौं उपत्यकाको निर्माणको कुरा पुराणहरूमा फरक फरक उल्लेख भएको पाईन्छ । स्वयम्भू पुराणमा काठमाण्डौ उपत्यकालाई बस्ती योग्य बनाउने श्रेय महामञ्जुश्रीलाई दिइएको छ । भाषा वंशावली अनुसार काठमाण्डौ उपत्यकालाई बस्ती योग्य बनाउने श्रेय भगवान श्री कृष्णलाई दिइउको छ । उक्त कथन अनुसार भगवान श्रीकृष्णले चोभारको डाँडा काटी काठमाण्डौ उपत्यकालाई बस्ती योग्य बनाए । उनका साथमा आएका गोपालहरू मध्ये एकजनालाई राजा बनाएको कुरा उल्लेख छ । उपरोक्त कुरालाई मान्यता दिने हो भने नेपालमा वैष्णव धर्मको इतिहास द्वापर युग सम्म पुर्‍याउन सकिन्छ ।

चाँगु नारायणको मानदेव प्रथमको अभिलेखको आधारमा चाँगु नारायणको स्थल मानदेव भन्दा अगाडी नै तीर्थ स्थलको रुपमा थियो । गोपालराज वंशावली र भाषा वंशावली अनुसार उपत्यका भित्र चार नारायणको स्थापना राजा हरिदत्त वर्माले गरेको उल्लेख पाईन्छ । हरिदत्त वर्मा राजा मानदेव भन्दा एघारौं पुस्ता अगाडीका राजा मानिन्छ । यसकारण उपत्यकामा ईशाको तेश्रो मध्यमा नै वैष्णव मूर्तिहरूको अस्तित्व हुनु पर्नेदेखिन्छ । त्यस्तै उपत्यकामा राजा हरिदत्त वर्माले स्थापना गरेका चार नारायणहरू बहेक शहर भित्र मात्र पनि कुन राजाले कहिले स्थापना गरिएको भन्ने तिथि मिति थाहा नभएको अरु चार

---

79 डि.सि. सरकार, सेलेक्ट इन्स्क्रिप्सन्स, कलकत्ता, युनिभर्सिटी अफ कलकत्ता, १९६५ ई.सं., पृ ८९-९० ।

नारायणहरू पनि प्रतिस्थापन भएको छ । चिकंमुगलको अट्को नारायण , हचुमत तुकं बहालको बाहिर अगाडी पट्टीको नारायण , टेकु ओर्लने स्थानको चौबाटोको छेउमा रहेको मिन नारायण र बाङेमुढाको नारायण हुन् ।

## विष्णुको अवतारहरू

वैष्णव धर्ममा अवतारवादको ठूलो महत्व हुन्छ । कुनै खास उद्देश्य पूर्ति गर्नको लागि विष्णु स्वयम्ले अनेकौं अवतार ग्रहण गरेको कुरा पुराण साहित्यहरूमा वर्णन गरिएका छन् । दुष्टहरूको अत्याचारबाट मुक्त गर्न आफ्नो शुद्ध सत्वांशबाट अवतरित भई पृथ्वीमा धर्मको स्थापना गर्छन् ।[79] भक्तको इच्छा पुरा गर्न र धर्म संस्थापन गर्न विभिन्न योनीमा मर्त्यलोकमा हुने अवरण नै अवतार हो । अवतारवादको धारणा ऋग्वेदमा नै पाइन्छ, जस अनुसार ईश्वर पटक पटक अनेक रुप धारण गर्छ, (ऋग्वेद ३।३।२६।६), ऋग्वेदमै भनिएको छ कि परमात्मा आफ्नो मायाद्वारा अनेक रुप बनाउन सक्छ । विष्णुलाई विश्वव्यापी देवको रुपमा वर्णन गरिएको छ, किनभने, उनले तीन पदबाट सम्पूर्ण ंसार परिक्रमा गर्ने क्षमता राख्छन् । ऋग्वेद ७।१९।१ मा उनलाई पृथ्वी धारण गर्ने भनि उल्लेख गरिएको छ । यही विभिन्न गुणहरूका कारण अवतार ग्रहण गर्न खास कुनै वर्ण या योनी छनौट भएको देखिंदैन । भागवत पुराणमा हरिको असंख्य अवतार भएको बताइएको छ । विष्णुका तीन प्रकारका अवतारहरू पाइएको छ । पूर्णावतार जस अन्तर्गत विष्णुले मर्त्यमण्डलमा आफ्नो पूर्णजीवन बिताउँछ जसमा : राम, कृष्ण र बुद्ध अवतार पर्दछन् । उद्देश्य पूर्ति पछि आफ्नो शरीर त्याग गर्छन् । आवेश अवतार निश्चित उद्देश्य पूर्तिको लागि कुनै अन्य व्यक्तिमा आफ्नो शक्ति प्रवेश गराई केही कालसम्म कार्य गर्नु जस्तै परशुराम अवतार, अंशावतार अन्तर्गत शंख, चक्र, गदा, पद्म सहित विष्णुको केही अंश मात्र अवतरण भई लिएको अवतार जस्तै मत्स्य, कुर्म, बराह, बामन, नृसिंह आदि ।

अवतारको संख्याको सम्बन्धमा शास्त्र अनुसार फरक फरक मत पाइन्छ । गीतामा ( ४/७) अवतारको संख्या असिमित बताइएको छ । महाभारतमा एक ठाउँमा दश अवतार स्वीकार गरिएको छ । वायु पुराणमा हंशयज्ञ, दत्तात्रेय, वेदव्यास, वामन, नृसिंह राम बासुदेव समेत गरी दश अवतारहरूको वर्णन पाइन्छ । बुद्ध धर्मको व्यापक प्रकार भएपछि बुद्धलाई

[79] शंकर श्रेष्ठ - - काठमाडौं उपत्यकाका वैष्वण मूर्तिहरू- शोधपत्र, त्रि.वि.वि. २०५२, प. १९८ ।

पनि अवतारमा गणना गरियो । गरुड पुराणमा २३ अवतारहरू, अग्नि पुराणमा ४९।५-१७, मत्स्य पुराणमा ४७/४६-५० मा पनि दश अवतारहरूको वर्णन पाइन्छ । श्रीमद् भागवत् १।३।६-२२, २।७।१, १।२।४, १।३,।१६-२२ मा दश अवतारको वर्णन पाइन्छ ।[80]

१) मत्स्यावतार

अगाध जलराशीमा डुबेको वेदको उद्धार गर्नु मत्स्यावतारको प्रयोजन हो भनी विष्णु पुराण ३।८४।५८-५८ मा भनिएको छ। मत्स्य पुराणमा सत्यव्रत मनुलाई रक्षा गरेको र ह्यग्रीव नामको असुरलाई मारी वेदको उद्धार गरेको कथा छ, तर मत्स्यावतारको सर्वप्रथम उल्लेख शतपथ ब्राम्हण १।८।१-६ मा भएको छ । उक्त कथामा मनुको कथा समेत परेको छ । महाभारतमा भने ब्रम्हालाई मत्स्यावतारको रुपमा प्रस्तुत गरिएको छ ।[81] विष्णु धर्मोत्तर शिल्परत्नमा मत्स्य दुई रुपको बनाउने आदेश दिइएको छ । पूर्ण मत्स्य रुपमा पुरा शरीर मत्स्यको समान बनाइन्छ । उनको शिर माथि एक सिंग हुन्छ । अर्ध मत्स्य रुपमा कम्मर भन्दा तल मत्स्य रुपमा बनाइन्छ । चार भुजाहरूमा शंख, चक्र र दुई हात अभय र बरद मुद्रा प्रदर्शन गरेको हुन्छ । नेपालमा मत्स्य अवतारको मूर्ति थोरै मात्र पाइएको छ । जसमा मच्छेगाउँको मन्दिरमा, ललितपुर कृष्ण मन्दिरको प्रदक्षिणा पथमा, हनुघाटमा र हाल राष्ट्रिय संग्रहालयमा प्रदर्शित माटोको मूर्ति र ढलौटको मूर्ति छ । यी सबै अर्ध मत्स्यावतार रुपमा छन् ।

२) कुर्मावतार

कुर्मावतारलाई विष्णुको दोश्रो अवतारमा गणना गरिन्छ । शतपथ ब्राम्हण (३।५।२।१)[82] (७।४।३।५) मा कुर्म अवतारलाई ब्रह्माका अवतार मानिएको छ । त्यसमा उल्लेख भए अनुसार प्रजापतिले कच्छप अवतार धारण गरी सबैको रक्षा गरे । तर पुराणहरूमा भने कच्छप अवतारलाई विष्णु अवतार नै मानिएको छ । त्यस्तै बाल्मिकी रामायण, अग्नि, पुराण,

---

80 शंकर श्रेष्ठ - काठमाडौं उपत्यकाका वैष्वण मूर्तिहरू- शोधपत्र, त्रि.वि.वि. २०५२, प. १९८ ।

81 अहं प्रजापति ब्रह्मा, महाभारत, १२/९७ ।

82 सर्ववाअएषेअभि दीक्षते । यो दीक्षते ... सर्वभिदं ॥ यजुर्वेद ३।५।२।१ शुक्ल यजुर्वेदीय मध्यन्दिन शौखीय : शतपथ ब्राह्मण भाग १, पृष्ठ २७० ।

भागवतमा पनि कथा वर्णन छ । देव असुर मिलि गरेको समुद्र मन्थनको समयमा मन्दराचल पर्वत डुब्न लागकोले विष्णु भगवानले कच्छप रुप धारण गरी मन्दराचल गई पृथ्वी डुब्नबाट बचाएको कुरा उल्लेख छ । विष्णु धर्मोत्तर अनुसार मूर्ति पुरा कुर्म रुपमा बनाइन्छ । अर्ध कुर्म रुपमा तलको आधा भाग कच्छप समान र माथिको भाग मनुष्य समान हुन्छ । चार भुजाहरू हुन्छ । माथिको दुई भुजामा शंख, चक्र र तलको दुई हात अभय र बरद मुद्रामा हुन्छ । नेपालमा कुर्मावतारको मूर्ति दुर्लभ छ । ई.सं. १६३७ को कुर्मावतारको मूर्ति ललितपुरको कृष्ण मन्दिरको गर्भगृहको प्रदक्षिणा पथमा राखिएको छ । यस मूर्तिमा चारहात छन् । दायाँ दुई हातमा माथि चक्र तथा तल पद्म र बायाँ दुई हातमा माथि पात्र र तल शंख लिएको, दोहोरो तह भएको मणिको हार लगाएको कुर्मको मूर्तिमा प्रभामण्डल अण्डाकारको छ ।

## ३. बराह अवतार

बराहको उल्लेख ऋग्वेदमै पाइन्छ । अथर्ववेदमा स्पष्ट भनिएको छ कि वराहरूपी भगवानले यो पृथ्वीको उद्धार गर्‍यो । तैतरिय आरण्यक ६।३।५।२ मा जलमा डुबेको पृथ्वीलाई १०० भुजा भएको शुकरले निकालिएको भनिएको छ । महाभारतमा संसारको हित गर्नको लागि विष्णुले बराह रुप धारण गरी हिरण्याक्षको बध गरे भनिएको छ ।[83] प्रलयको रुपमा जलमा डुबेको पृथ्वीलाई निकाल्ने कोशिसमा लागेका ब्रम्हाजीको नाक छिद्रबाट निस्केको शिशु बराह हेर्दा हेर्दै हात्ती समान भयो । पछि उनै बराहले जलमा डुबेको पृथ्वी हिरण्याक्षलाई बध गरी माथि ल्याए ।

बराह पुराणको ८६ औं अध्यायमा दाह्रा उठाएर दायांपट्टी नै मुख फर्काई जगत हेर्न लागेको वर्णन छ । मत्स्यपुराण २६०।३९ मा धनु, चक्र, खड्ग, गदा, धारण गर्ने चतुर्वाहु वा पद्म र गदा मात्र धारण गर्ने दुई बाहुको बराहको बर्णन छ । दुई बाहुको मूर्तिमा बायाँ कुहिना माथि पृथ्वी धारण गरेको तिखो दाह्रा भएका र उठेको नाक भएको दायां हात कटिमा राखेको कुर्म माथि एक पाउ र शेषमाथि अर्को पाउँ राखेको लक्षणको वर्णन छ । बराहको मूर्तिलाई तीन भागमा विभाजन गरिएको छ ।[84]

(क) भूवराह

---

83 बराहरूप मास्याय हिरण्थाक्षे निपातित । महाभारत १२६।१२

84 इत्यमिध्याती बराहतोको ........ भूथहत ॥ श्रीमद्भागवत ३।१२।१८-१९ एसि स्वामी भाग २, पृ. ५०१ ।

(ख) यक्ष बराह

(ग) प्रलय बराह

नेपालमा सर्वप्राचीन बराह मूर्ति पूर्व नेपालको बराह क्षेत्रमा रहेको छ । त्यहाँ कोका बराह, इन्द्र बराह, सूर्य बराहका मूर्तिहरू पनि रहेका छन् । विशाल नगर चण्डौलमा पनि बराहको मूर्ति रहेको छ ।

## ४. नृसिंह अवतार

वेदमा गिरिष्ठ, कुचर शब्द बाहेक नृसिंहको वर्णनको गरिएको छैन । तर उपनिषद्, तन्त्रशास्त्र भागवत आदिमा भने नृसिंहको वर्णन पाइन्छ । भागवतमा जब विष्णुले बराह अवतार लिई हिरण्याक्षलाई मारे तब उनका भाइ हिरण्यकश्यपु क्रोधित भई स्वर्ग गई देवतालाई पराजित गरी राज्य स्थापित गरे भने वर्णन पाइन्छ । देवताहरूले स्तुति गर्दा वेद धर्म र विष्णु भक्त प्रल्हाद माथि अत्याचार हुन्छ भने नृसिंह रुप धारण गरी बध गर्ने कुरा बताए अनुरुप ब्रम्हाबाट सृष्टि भएको कुनै पनि प्राणीबाट आकाश, पाताल, पृथ्वीमा, कुनै शस्त्र, अस्त्रले राती वा दिन, बाहिर वा भित्र कहि पनि मार्न नसक्ने वरदान पाएका हिरण्य कश्यपुलाई मार्न भगवान विष्णुले नृसिंह रुप धारण गर्नुभयो ।[८५] विष्णु धर्मोत्तर पुराणमा स्कन्ध, कटि, ग्रीवा मोटो, मध्यभाग कृश, सिंहको मुख, मनुष्यको शरीर गरेका, कृष्ण बस्त्रधारी तेजो मण्डलयुक्त, सर्वभुषण भूषित अग्निको ज्वाला जस्तो नजर गरेका तिखा नंग्राले हिरण्यश्यपुको छाती फोर्ने निलवर्णका घुँडामा हात राखेका नृसिंहको वर्णन छ ।[८६] प्रतिमा शास्त्रहरूमा चार प्रकारका नृसिंहको उल्लेख छ ।

(क) गिरिजा नृसिंह (ख) स्थौण नृसिंह (ग) यानक नृसिंह (घ) लक्ष्मी नृसिंह

नेपाली अभिलेखमा नृसिंह शब्दको सर्वप्रथम उल्लेख ई.सं. ५९५ को बुढानिलकण्ठको अभिलेखमा छ । त्यस्तै हाडीगाउँको सम्बत् ३२ को अंशुवर्माको अभिलेख आदि । तर लिच्छवीकालीन मूर्ति भने पाइएको छैन । पूर्वी नेपालको इनरुवामा एउटा नृसिंह मूर्ति पाइएको छ । त्यस्तै चाँगु नारायण प्रांगणको नैऋत्यकोणमा, पाटन दरबार अगाडिको देगुतले मन्दिर अगाडिको सानो मन्दिरमा, पाटन दरवारकै सुन्दरीचोकको ढोकामा, पाटनकै पुरातत्व

---

८५ यदि दास्यस्यमिमता ..... चायुधैः ॥ श्री म.भा. ७।३।३५-७ स्वामी, पृ. ३९४-५ ।

८६ हिरण्यकशिपोवंश ......... देवनानुगतस्तथा ॥ वि.ध. ७८।४ ।

बगैंचाको स्नानागारको खोपामा, जय बागेश्वरीको प्रस्तर मन्दिरमा, हनुमानढोका दरबारमा आदि धेरै ठाउँमा नृसिंहको मूर्तिहरू पाइएका छन् ।

## ५. वामन अवतार

ऋग्वेदको पुरु सुक्तमा भनिएको छ कि एक विशाल युवा पुरुषले तीन पाइलाले सम्पूर्ण पृथ्वी नापे भनि उल्लेख गरेको छ ।[87] सामवेद संहितामा विष्णुलाई वामन रुप धारण गरी ती पदको विस्तार गरेको कुरा उल्लेख छ । सामवेद संहिता ३।१।३।९, १।२।२।८ विष्णुको तीन पदहरू नाप्ने पुरुषलाई उरुक्रम र उरुगाय शब्द आदि प्रयोगबाट उनको तीव्र गतिलाई संकेत गर्दछ । महाभारतमा वामन रुप लिई त्रिपद्बाट तीन लोक नापेको कारण त्रिविक्रम भनिएको हो भन्ने उल्लेख पाइन्छ । (आनन्दोनन्दनोन्द : सत्यधर्मा त्रिविक्रम अनुशासन पर्व १४९।६९ पृ. २५१) बलिराजालाई पाताल नगरी पठाउन भगवान विष्णुले वामन रुप धारण गरे भनिएको छ ।

विष्णु धर्मोत्तरमा एक ठाउँमा ब्रम्हाण्ड आक्रमण गर्न तत्पर एक पाउ तल र एक पाउ माथि लगेको मूर्तिको माथि तिर मुख आठ बाहुका त्रिविक्रम बनाउने सल्लाह दिएको छ । मत्स्यपुराणमा ब्रम्हाण्ड आक्रमण गर्न तत्पर एक बाहु पाद पार्श्वमा अर्को बाहु माथि लागि त्रिविक्रम, मुनि वायाँ बाहुले कमण्डलु र दायाँ बाहुले छाता लिने निदाउरो अनुहारमा वामन र वामनको नजिक वली र गरुडको मूर्ति बनाउन भनेको छ ।

नेपालमा त्रिविक्रमको मूर्ति चार ठाउँमा पाइएका छन् । पशुपति तिलगंगाको विष्णु विक्रान्त, लाजिम्पाटमा प्राप्त हाल राष्ट्रिय संग्रहालयमा राखिएको विष्णु विक्रान्त, चाँगुमा प्राप्त विक्रान्त विष्णु र फर्पिङमा प्राप्त विक्रान्त विष्णु, त्यस्तै वामन मूर्तिहरू पाटनको पुरातत्व बगैंचाको स्नानागारको खोपामा रहेको छ । पाटन कृष्ण मन्दिरको गर्भगृहको प्रदक्षिणा पथमा वामन अवतारको मूर्ति रहेको छ ।

## ६. परशुराम अवतार

---

87 अधाचन ऋद्धनिलिषीभत निध्नेत वधम ऋ. १। ५५।५, आचार्य, ऋग्वेद, १२३ ।

अग्नि पुराण अनुसार क्षेत्रीय वंशको अन्त्य गर्न स्वयं विष्णुले परशुराम अवतार लिनु भएको हो । त्रेतायुगमा कुनै समय क्षत्रीय राजाहरूले अन्याय अत्याचार नै राज्य संचालनको हतियार बनाएका थिए । यस्तो प्रवृत्तिको अन्त्य गर्न परशुराम अवतार लिएको हो । जमदग्नी र रेणुकाको गर्भबाट यिनको जन्म भएको हो । परशुरामले यस पृथ्वीलाई २१ पल्ट क्षेत्रीय विहिन पारे भन्ने कुरा उल्लेख छ। परशुरामले हातमा धनुष वाण तथा परशु लिएको हुन्छ । शरीरमा कालो मृग चर्म तथा शीरमा सूर्य समान चम्किलो जटा हुन्छ भनिएको छ ।[88]

विष्णु धर्मोत्तरमा कृष्ण मृगचर्म धारण गर्ने सूर्य समान जटायुक्त, धनुषवाण, परशु तथा अन्य आयुध धारण गर्ने भनि उल्लेख छ ।[89] विष्णु धर्मोत्तर मै परशुरामलाई जटामण्डल भएको, हातमा परशु लिएको, कृष्णजित धारण गरेको बताइएको छ ।

नेपालमा छुट्टै मूर्तिको रुपमा परशुरामको मूर्ति अत्यन्त दुर्लभ छ । नेपालमा प्राप्त पशुपतिको एउटा परशुरामको मूर्तिको उल्लेख लैनसिंह बाङ्देलले गर्नु भएको छ ।[90] अर्को परशुरामको मूर्ति पाटन कृष्ण मन्दिरको बाहिरी भित्तामा दश अवतार अंकित गर्ने क्रममा परशुरामको मूर्ति स्थापना गरिएको छ । दायाँ हातमा माथि बाण र तल धनु बन्चरो लिएका बायाँ माथि धनु र तल चर्म लिएका रत्न कुण्डल, हार, यज्ञोपवित पीताम्बर धोती तथा कटिसुत्र आदि लक्षणहरू युक्त उक्त मूर्ति १७ औं शताब्दीमा निर्माण भएको हो ।

## ७. राम अवतार

पौराणिक ग्रन्थहरूमा रामलाई आदर्श राजा र पुरुषको रुपमा लिइएको छ । रामको विस्तृत व्याख्या रामायणमा भएको छ । बैखानस आगममा १२० अंगुलको दशरथीको रामको द्विभुज मूर्तिको उल्लेख छ । उनको हातमा धनुष वाण हुनु पर्दछ । त्रिभंग मुद्रामा रहनु पर्छ । शिरमा मुकुट, दायाँ पट्टी सिताको मूर्ति हुनु पर्छ । बायाँ पट्टी लक्ष्मणको मूर्ति हुनुपर्छ । अगाडी केही दुरीमा हनुमानको पनि मूर्ति बनाउनु पर्छ ।

विष्णु धर्मोत्तरमा (८५/६२-६३) रामको मूर्ति राज लक्षणहरूबाट युक्त हुनुपर्छ र साथमा बनेको भरत, लक्ष्मण र शत्रुध्नको मूर्तिहरू किरिट मुकुट रहित हुनुपर्छ ।[91]

---

88 श्रीमद्भागवत स्वामी ९।१५।२८ पृ. २२८ - ३३५

89 श्रीमद्भागवत स्वामी ९।१५।२८ पृ. ३३५-३३८

90 Lainsingh Bangdel, Stolen Image of Nepal.

91 शंकर श्रेष्ठ - काठमाडौं उपत्यकाका वैष्णव मूर्तिहरू, शोधपत्र नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग कीर्तिपुर २०५२, पृ. २३९ ।

लिच्छवीकालीन अभिलेखहरूमा सर्वप्रथम रामेश्वर शब्दको उल्लेख अंशुवर्माको हाडीगाउँको अभिलेखमा छ । पशुपति पारी लब र कुश लिएका विष्णुको जस्तो शस्त्र अस्त्र भएका सुन्दर भव्य ठूलो रामको मूर्ति रहेको छ। यो मूर्ति विष्णु गुप्तले स्थापना गरेको मानिन्छ । एउटा रामको मूर्तिको लैनसिंह वाङ्देलले गर्नुभएको छ । कैलाशमा भएको उक्त मूर्तिमा बायाँ हातमा आफू जतिकै लामो धनु र दायाँ हात जाँघमा अड्याइएको छ। त्रिभंग मुद्रामा तीन चोसो भएको मुकुट बायाँ पट्टी एक नारी मूर्ति छ जसले बायाँ हातले पानीको भाँडो समाएकी छिन् । जुन सीता हुन सक्छ । दायाँ पुरुष मूर्ति रहेको छ जसले दुवै हातले छत्र समाएको छ । उक्त मूर्ति लक्ष्मणको हुन सक्छ । रामको दायाँ खुट्टा तल सानो मूर्ति अन्जली मुद्रामा रहेको अहिल्या हुन सक्छ । धोतीको बीच भागलाई भूईसम्म देखाइएको छ । पाटन कृष्ण मन्दिरको प्रदक्षिणा पथमा दश अवतारको लहरमा रामको मूर्ति स्थापना गरिएको छ ।

## ८. कृष्ण अवतार

वैष्णव धर्ममा कृष्णावतारलाई अत्यन्त महत्वपूर्ण मानिन्छ । विष्णुका एक अंशका रुपमा पृथ्वीमा आएको कथा पाइन्छ ।[92] बैखानस आगममा कृष्ण मूर्ति १२० अंगुल हुनुपर्छ भनिएको
छ । रातो बस्त्र लगाएको कालो वर्णको हातमा शंख, दायाँतिर रुक्मिणी र बायाँ राधा वा सत्यभामाको मूर्ति र गरुडको मूर्ति पनि अन्जली मुद्रामा हुनुपर्छ भनिएको छ ।

विष्णुको कालो केशलाई योगमायाले देवकीको गर्भमा स्थापित गरिदिएपछि कृष्णको जन्म भयो ।[93]विष्णु धर्मोत्तरमा ३/९९ मुरली बजाइरहेको, मेघ जस्तो श्यामवर्ण मुजुरको प्वाख शिरमा धारण गर्ने दुई भुजी उभिएको, गोपालको मूर्ति बनाउनु भन्ने बताइएको छ । कृष्णका मूर्तिहरू १७ औं शताब्दीमा धेरै मात्रामा बने तापनि सबैको शैलीमा एक रुपता पाइन्छ ।

नेपालमा कृष्णका मूर्तिहरू धेरै मात्रामा पाइन्छ । ती मध्ये पाटनको दरबार प्राङ्गणमा राधा र रुक्मिणी सहितको कृष्णको मूर्ति छ । पाटनको कृष्ण मन्दिरमा रहेको राधा कृष्णको मूर्ति, जयवागेश्वरीको कृष्ण मूर्ति, भक्तपुर पुजारी मठको संग्रहालयमा राखिएको कृष्ण र दुई

92 अंशबतारोव्रलर्षे ............... श्री तुमिच्छा भितत्वत ॥ वि.पु. ५।१।२, पृ. ३७१
93 केशोसिकृष्ण सुरा । वि.पु. १।६३ पृ. ३७६ ।

शक्ति सहितको मूर्ति हाडिगाउँको कृष्ण मन्दिरमा रहेको १० हात भएको कृष्ण मूर्ति, एक आकर्षक कृष्णको मूर्ति राष्ट्रिय संग्रहालयमा पनि रहेको छ ।

## ९. बौद्ध अवतार

सिद्धार्थ गौतमको जन्म ईशापूर्व छैठौं शताब्दीमा भएको हो । सिद्धार्थको जन्म मायादेवीको गर्भबाट भएको हो । विष्णु पुराणका अनुसार बुद्धको उत्पत्तिको विषयमा वशिष्ठले भीष्मलाई एकपटक बताएका थिए कि सय वर्ष सम्म युद्ध गरेपछि देवगणको हार भयो अनि देवगण विष्णुकहाँ गई स्तुति गर्दा प्रशन्न भई प्रभुले आफ्नो शरीरबाट मायामोह उत्पन्न गरी दिगम्बर मुण्डित केश भएको माया मोहले नर्मदा तटमा गई तप भंग गर्न विभिन्न अतिरञ्जित वचनद्वारा वैदिक धर्म मार्गबाट भ्रष्ट गरिदिए भनिएको छ ।[94] यस धर्मको नाम अर्हत तथा उनका अनुयायीहरूलाई अर्हित भनियो । यो धर्मलाई ज्ञान (बुद्धमत) बुझ बदुयध्र्व) आदिद्वारा माया मोहले बुद्ध धर्मको निर्देशन गरी असुरहरूलाई उक्त धर्म ( वैदिक धर्म) बाट छुटकारा दिलाए ।[95]

बौद्ध मूर्तिहरूमा वैष्णव लक्षणहरू देखिदैन । जवकी अन्य अवतारहरू हरेकमा वैष्णव लक्षणहरू पाइन्छन् । काठमाडौं उपत्यकामा प्राप्त सर्वप्राचीन बुद्ध मूर्ति चपटोलको मानिन्छ । यस मूर्तिलाई पाँचौ शताब्दीको भनिएको छ ।

## १०. कल्की अवतार

कल्की अवतार भविष्यमा आउने अवतारको काल्पनिक वर्णन हो । जव सबै अधार्मिक राजा हुनेछन् । ब्राम्हण, क्षत्रीय र वैष्य पाखण्डी हुनेछन् । त्यस समयमा कलियुग माथि शासन गर्न विष्णु यश नामको ब्राम्हणको घरमा कल्की अवतारको जन्म हुन्छ ।[96] अग्निपुराणमा कल्कीको दुई रुप बताइएको छ । धनुषमाथि वाण चढाएको म्लेच्छलाई मार्न तत्पर र अर्को अश्वमाथि बसि हातमा खड्ग, शंख, चक्र र तरवार लिएको हुने बताइएको छ । कल्कीको स्वतन्त्र रुपमा मूर्तिहरू प्राप्त छैनन् । पशुपतिको पूर्वमा लस्करै राखिएको

---

94 ततो दिगम्बरो ............. वचनम् व्रवीत । वि.पु. ३ ।१८। २

95 सर्व बुध्यत .......... मत्याजयन्निजम । वि.पु. ३।१८।१७

96 श्री म.मा. ९।३।२५

मध्ये एक कल्कीको मूर्ति छ भने पाटन कृष्ण मन्दिरमा दश अवतारको लहरमा कल्कीको मूर्ति छ। त्यस्तै पाटन पुरातत्व वगैंचाको स्नानागारको खोपामा राखिएको छ । यस कल्की मूर्तिमा कल्की घोडा माथि चढी कृष्ण मन्दिरको मूर्ति जस्तै तरवार, चक्र, ढाल, शंख लिएको छ ।

## विष्णुको आयुध, आभूषण र परिवार

सनातन धर्मका विभिन्न पुस्तकमा वर्णन गरिएका देवी देवताका गुण र चरित्र बुझ्न उनीहरूसँग जोडिएका उपाधि, लक्षण, चिन्ह, वाहन, आयुध, हातहतियार आदि सबै प्रमुख पक्षको वर्णन गर्नु आवश्यक देखिन्छ । वेद, उपनिषद, पुराण आदि ग्रन्थहरूको अध्ययन गर्दा एउटा कुरो प्रष्ट रुपमा देखिन्छ, त्यो हो देवीदेवताको चरित्र र उनीहरूको लामो समयको यात्रासंग जोडिएका विविध वस्तु र जनावर, पंक्षीहरू नै विशेष चिन्ह, आयुध शस्त्र र हतियार, चिन्ह र श्रृंगारका वस्तु सवैको प्रतिकात्मक महत्व छ । यी विविध वस्तुको विस्तृत अध्ययन नगरेसम्म ती देवीदेवताका बारेमा पूर्ण जानकारी प्राप्त गर्न सकिंदैन ।[९७]

### आयुध

त्रिशुल, बज्र, शक्ति, दण्ड, पारा, अंकुश, शंख, चक्र, गदा र पद्मलाई विभिन्न रुपमा भगवानका हातमा सजाउनका लागि जोडिएको विभिन्न प्रसंग पनि रोचक छन् । संस्कृत व्याकरण अनुसार आयुधलाई स्त्री, पुरुष र नपुंसक तीनप्रकारबाट छुट्टयाएको छ। चित्रकला र मूर्तिकलामा पनि यस्तै वर्गीकरण गरेर प्रस्तुत गर्ने परम्परा भारत र नेपालमा छ । आयुध पुरुष र आयुध स्त्री भनेर त्यस प्रकारका मूर्तिलाई भनिन्छ ।[९८] भगवान विष्णुका मुख्य आयुध यस प्रकार छन् ।

| | |
|---|---|
| (क) पाञ्चजन्य शंख | (ख) सुदर्शन चक्र |
| (ग) कौमोदकी गदा | (घ) पद्म |
| (ङ) नन्दक खड्क | (च) शार्ङ्ग धनु |

[९७] वीणा पौडेल,काठमाडौं उपत्यकाका विष्णु विभव मूर्तिहरू र चित्रहरू (संक्षिप्त अध्ययन) नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं प्रकाशन मिति २०६२ पृ. ।

[९८] उही पृ.

**आभूषण**

विष्णुले आफ्नो श्रृंगारको रुपमा प्रयोग गरिएका विभिन्न वस्तुहरूलाई आभुषणको रुपमा लिन सकिन्छ जुन यस प्रकार रहेको छ ।

(क) कौस्तुभमणि (ख) वनमाला

(ग) भूतमाला (घ) किरिट मुकुट

**विष्णुको परिवार**

विष्णुको मूर्ति बनाउँदा विष्णुको साथमा बनाइने वा देखाइने अरु मूर्तिहरूलाई विष्णु परिवारको रुपमा लिन सकिन्छ ।

(क) लक्ष्मी (ख) पृथ्वी (ग) सरस्वती

(घ) गरुड (ङ) हनुमान

# राष्ट्रिय संग्रहालयका प्रमुख प्रस्तर वैष्णव मूर्तिहरू

## मूर्तिहरूको प्रतिमा लक्षण

यस शोध ग्रन्थको शीर्षक अनुरुप यस अध्यायमा मूर्तिहरूको प्रतिमा लक्षणको बारेमा वर्णन गरिनेछ । यस अन्तर्गत करिब ४० वटा मूर्तिहरू समावेश भएको छ। यसमा मूर्तिमा भएका र देखिएका बुट्टा, आकृतिका बारेमा सकेसम्म वर्णन गरिएको छ ।

राष्ट्रिय संग्रहालय भित्र प्रस्तर धातु, धातु, मूर्तिका तथा पौभा चित्रहरू थुप्रै मात्रा रहेको छ । त्यस मध्ये प्रस्तरका कलाकृति, अभिलेखहरू गरी जम्मा पाँचसय भन्दा बढी संख्यामा रहेको छ । ती कलाकृतिहरूमा वैष्णव धर्मसँग सम्बन्धित मूर्तिहरू करिब २०० सयको संख्यामा रहेको छ । ती कलाकृति कुनै कुनै ज्यादै खण्डित भएका छन् ।

यस शोधग्रन्थमा राष्ट्रिय संग्रहालयमा प्रदर्शनमा राखिएका केही प्रमुख प्रस्तर वैष्णव मूर्ति र प्रदर्शनमा नरहेको केही मूर्तिहरूको वर्णन गरिने छ । यस मूर्तिहरूको तुलनात्मक वर्णन गरिएको छैन । यसमा प्रदर्शित र अप्रदर्शित (भण्डारमा) रहेको गरी दुई भागमा विभाजन गरेर फोटो सहित समावेश गरेकी छु ।

### १) प्रदर्शित मूर्तिहरू:

(१) विष्णु विक्रान्त (चि.नं. १)

(२) श्रीधर विष्णु (चि.नं. २)

(३) नारायण (चि.नं. ३)

(४) विश्वरुप (चि.नं. ४)

(५) गरुडाशन (चि.नं. ५)

(६) श्रीधर विष्णु (चि.नं. ६)

(७) श्रीधर विष्णु (चि.नं. ७)

(८) नारायण (चि.नं. ८)

(९) श्रीधर विष्णु (चि.नं. ९)

## २) अप्रदर्शित (भण्डारमा रहेका) मूर्तिहरू:

| | |
|---|---|
| (१) विष्णु | (चित्र नं. १०) |
| (२) श्रीधर विष्णु | (चित्र नं. ११) |
| (३) श्रीधर विष्णु | (चित्र नं. १२) |
| (४) लक्ष्मी नारायण | (चित्र नं. १३) |
| (५) नारायण | (चित्र नं. १४) |
| (६) नारायण | (चित्र नं. १५) |
| (७) नारायण | (चित्र नं. १६) |
| (८) श्रीधर विष्णु | (चित्र नं. १७) |
| (९) लक्ष्मी नारायण | (चित्र नं. १८) |
| (१०) नारायण | (चित्र नं. १९) |
| (११) नारायण | (चित्र नं. २०) |
| (१२) नारायण | ( चित्र नं. २१ ) |
| (१३) लक्ष्मी नारायण | (चित्र नं. २२ ) |
| (१४) विष्णु | ( चित्र नं. २३ ) |
| (१५) विष्णु | ( चित्र नं. २४ ) |
| (१६) विष्णु | ( चित्र नं. २५) |
| (१७) लक्ष्मी नारायण | ( चित्र नं. २६) |
| (१८) लक्ष्मी नारायण | ( चित्र नं. २७ ) |
| (१९) लक्ष्मीनारायण | ( चित्र नं. २८ ) |
| (२०) विष्णु | ( चित्र नं. २९ ) |
| (२१) लक्ष्मी नारायण | ( चित्र नं. ३० ) |
| (२२) लक्ष्मी नारायण | ( चित्र नं. ३१ ) |
| (२३) विष्णु | ( चित्र नं. ३२ ) |
| (२४) विष्णु | ( चित्र नं. ३३ ) |
| (२५) नारायण | ( चित्र नं.३४ ) |
| (२६) लक्ष्मीनारायण | ( चित्र नं.३५ ) |

(२७) लक्ष्मी नारायण ( चित्र नं. ३६ )

(२८) लक्ष्मी नारायण ( चित्र नं. ३७ )

(२९) विष्णु ( चित्र नं. ३८)

(३०) विष्णु ( चित्र नं. ३९ )

(३१) विष्णु ( चित्र नं. ४० )

## १.विष्णु विक्रान्तमूर्ति (चित्र नं. १)

यो मूर्ति करिब १ हात चारपाते शिलामा कुदिएको छ । यस मूर्तिको आसनमा जलहरि दिइएको छ । यस मूर्तिशिलामा विक्रान्त विष्णुको मूर्ति प्राधान्यता देखाउनु परेकोले वामनावतार विष्णुको प्रतिमा विशिष्ट रुपमा ठूलो आकृतिमा देखाइएको छ । दायाँ चार बायाँ चार जम्मा आठवटा हातहरू छन् । ती हातहरूले शंख, चक्र, गदा, पद्म आदि आयुधहरू लिएका छन् । एउटा पातालमा र अर्को खुट्टा आकाशमा उठाएका छन् । आकाशमा उठाएको खुट्टा चाहि एक बिकराल मूर्तिको मुखमा अड्याएको छ । जुन मूर्ति शून्य आकाशको प्रतिनिधित्व गर्न राखेको अनुमान छ । तथा पातालमा राखेको खुट्टा चाँही "पुरुषमुखी" शेषनागको शरीरमाथि रहेको छ । त्यही खुट्टा माथि एक स्त्री र पुरुष पनि प्रगति परायणावस्थामा छन् । यसको माथि बामनको दायाँपट्टी भागमा कमलोपरी लक्ष्मी र आकाशमा उडिरहेको विष्णुको बाहन गरुड तथा एका अर्को किन्नरको मूर्ति पनि सानो रुपमा कुदिएको छ। तथा देव्रेपट्टी सबभन्दा माथि आकाश र पातालको बीचमा उत्तानाकृतिमा एक मूर्ति रहेकोछ । यसलाई त्रिशंकुले प्रतिनिधित्व गर्न राखेको भन्ने ईतिहासकारहरूको भनाई छ । त्रिशंकु सदा आकाश र पातालको अन्तरालमा रहन्छ । यस त्रिशंकुको तल एक घोडा र दुई पुरुषको आकृति अंकित छन् । घोडा यस बामनको मूर्तिमा राख्नुको कारण जुनबेला बलिराजाले अश्वमेध यज्ञ गरेका थिए । त्यसबेला विक्रान्त विष्णुले वामनको अवतार लिएका थिए भन्ने पौराणिक आख्यान छ । यसै कारण त्यही अश्वमेध यज्ञको प्रतिक घोडा राखिएको हो भन्ने विवेचकहरूको भनाई छ । तथा दुई पुरुष चाही व्यही घोडाका अंगरक्षक हुनु पर्दछ । यसको सँगै कलशबाट पानी खन्याउँदै वामन रुपमा आएको विष्णुलाई अर्घ दिइरहेको बलि राजा र उनकी पत्नी बिन्ध्यावलीको मूर्तिहरू पनि अंकित भएका छन् ।

यस प्रकार मानदेवले प्रतिष्ठा गरेका यी मूर्तिहरूको आन्तरिक भाव व्यक्त भएको छ, जुन भाव व्यक्त गर्न कलाकारले ठूलो कुशलता देखाएको छ ।[99]

यस शिलामूर्तिमा लोग्ने मानिसले पातलो किसिमको धोती र स्वास्नी मानिसहरूले मोटो कपडाको जामा लाएको देखिन्छ । विष्णुको मूर्तिमा चाहिं पिताम्बरको धोती विशिष्ट किनारा विशिष्ट रुपमा भिन्नै किसिमको बुट्टाले सजिएको छ । तथा कम्मरको दायाँ र बायाँ मुजा परेको विशिष्ट अवलम्बन श्रृंगारको कलात्मक साधन बनेको छ । घाँटीमा साधारण मोतीको माताले विभूषित छ । कानमा काँध सम्म लट्किने चौगडी लगाएको छ । तथा शिरमा विशेष पाता पाता नछुटेको गोलाकारको मुकुट दिइएको छ । यहाँ भन्दा अतिरिक्त यस शिलामूर्ति कुने अरु आलंकारिक उपकरणहरूले विशेष ढंगमा सजिएको छैन ।

मानदेवद्वारा नै स्थापना गरिएको त्रिविक्रम वामनको मूर्ति एउटा तिलगंगामा रहेको छ। ति दुई मूर्ति एकै समयमा स्थापना भएको हो । यि दुई मूर्तिहरू दुवै एकै प्रकारका छन् । लाजिम्पाटको मूर्ति जस्तै यहाँको मूर्तिको पनि अनुसार तासिएको र खिइएको देखिन्छ । यहाँको मूर्ति हावादारी प्वाला बनाइएको छ ।

सम्बत् ३८९ बैशख शुक्ल द्वितीया । असल सफा बुद्धि भएका, सत्पात्रमा पानी सरह दान वर्षा गर्ने राजा श्री मानदेवले हित गर्ने मन भएकी (आफ्नी) मुमा राज्यवतीको सधै पुण्यको बढिबढाउ होस् भन्नाका निमित्त राम्रो असल मन्दिर बनाउन लगाई देवता र ऋषिहरूले पूजिएका, सारा संसारका एउटै मालिक त्रिविक्रम (वामन) मूर्ति राम्ररी यहाँ स्थापना गर्नुभयो ।[100]

यस मूर्तिको इन्भेन्टरी नं. १८ रहेको छ । हाल राष्ट्रिय संग्रहालयमा रहेको विष्णु विक्रान्तको स्थापना समय ४६७ लिच्छवी समयको हो । यसको नाप ७८×६६ से.मी. छ । यो २०२४ वि.सं. मा प्राप्त भएको हो । वीर पुस्तकालयबाट ल्याइएको हो । यसको अनुमानित मूल्य पुरातत्व विभागले रु.५०,००,००० लाख राखिएको छ। यो मूर्ति जुद्ध जातीय कलाशालामा प्रदर्शनमा रहेको छ ।

---

[99] नेपालको मध्यकालीन कला, मनवज्र बज्राचार्य, श्री ५ को सरकार सूचना तथा प्रसार मन्त्रालय, सूचना विभाग

[100] गोविन्द प्रसाद भट्टराई, “नेपालको त्रिविक्रम मूर्ति, प्रज्ञा वर्ष ९, अंक ४, पूर्णाङ्क ३४,२०,३८, पृ. ८-९ ।

**२.श्रीधर विष्णु ( चित्र नं. २)**

यो मूर्तिमा नारायण उभिएको छ र त्यसको दायाँ बायाँ लक्ष्मी र गरुड उभिएको छ। नारायणको चारहात रहेको छ । चार हात मध्ये दायाँ दुई हातले चक्र र पद्म बीज लिएको छ । बायाँ दुई हातले गदा र शंख लिएको छ। गदाको बीचका भाग र हात खण्डित छ । मूर्तिको टाउको पछाडि गोलो प्रभामण्डल छ । टाउकोमा मुकुट, कानमा कुण्डल, घाँटीमा माला तथा यज्ञोपवित पनि लगाएको छ । कम्मरमा बुट्टेदार पेटी लगाएको छ । मूर्तिको पाद पिठमा बुट्टा कुदिएको छ। लक्ष्मीको मूर्तिमा पनि टाउको पछाडि प्रभा मण्डल बनाएको छ। टाउको मुकुट, कानमा कुण्डल, घाँटीमा माला, हातमा बाजुबन्द पनि छ । दुई हातको मूर्तिमा दायाँ हातमा पद्मबीज र बायाँ हातले कमलको फूल लिएको छ। पादपीठ नारायणको मूर्तिको भन्दा अलि होचो बनाइएको छ। त्यस्तै गरुडको मानव आकृति हात जोडेर उभिएको छ। यसको टाउको पछाडि पनि प्रभा मण्डल बनाएको छ । कानमा कुण्डल, घाटीमा सर्पको माला, हातमा सर्पकै बाजुबन्द छ । पछाडि गरुडको पखेटा बनाइएको छ। यसको पादपीठ बीचको मूर्तिको भन्दा अलि होचो छ । यो मूर्ति हावादारी छ । यो मूर्ति आठौं शताब्दीको भएको मानिन्छ ।

यसको इन्भेन्टरी नं. २६ रहेको छ । यसको नाप ७० × ५२ से.मी. छ । यो मूर्ति नक्सालमा पाइएको हो । यसको अनुमानित मूल्य रु.२५,००,००० राखिएको छ । हाल यो मूर्ति संग्रहालयको जुद्धजातिय कलाशालामा प्रदर्शनमा रहेको छ ।

**३.नारायण ( चित्र नं. ३)**

यो मूर्ति कालो चिल्लो ढुंगाबाट निर्मित छ । यो मूर्तिमा नारायणको चारहात छन् । हातहरू खण्डित भएकाले आयुधहरू देखिदैन । दायाँबाया दुई वटा सानो मूर्तिहरू छन् । सबभन्दा माथिको टुप्पा खण्डित छ । त्यसभन्दा मुनि मूर्तिको टाउको भन्दा थोरै माथि दायाबायाँ दुईवटा उडिरहेको देखिने मूर्ति छ । नारायणको मूर्तिको टाउकोमा बुट्टेदार मुकुट छ । कानमा गोलो कुण्डल घाँटीमा बुट्टेदार नेकलेस, घुंडासम्म आउने वनमानला र यज्ञोपवित पनि लगाएको देखिन्छ । धोती लगाएको र कम्मरमा बुट्टेदार कम्मर पेटी लगाएको छ । मूर्तिको पछाडि पनि विभिन्न बुट्टाहरू कुँदिएको छ । तलका दुई सानो मूर्ति नारीको हो । दायांको मूर्तिले दायाँ हातमा चमर र बायाँको हातले कमलको फुल लिएको लक्ष्मी छ भने बायाँको नारी मूर्तिले दुवै हातले वीणा लिएको सरस्वती देखिन्छ । तिनै वटा मूर्ति छुट्टाछुट्टै कमलको फूल माथि उभिएको छ । कमलको फूलभन्दा मूनि पनि विभिन्न बुट्टाहरू र मानवाकृति कुदिएको छ। मूर्ति फलकमा पनि कलात्मक बुट्टाहरू तथा विभिन्न आकृतिहरू कुँदिएको छ ।

यो मूर्ति १४ औं शताब्दीको मानिएको छ। यसको नाप १५५×७६ से.मी. र इन्भेन्टरी नं. ३९ रहेको छ । यो मूर्ति सिमरौनगढ, बाराबाट ल्याइएको छ । यो मूर्तिको अनुमानित मूल्य रु.५०,००,००० राखिएको छ । यस संग्रहालयमा यो मूर्ति पुरातत्व विभागबाट २०२७ वि.सं. मा ल्याएको हो र हाल प्रदर्शनमा रहेको छ ।

**४.विश्वरुप विष्णु ( चित्र नं. ४)**

एउटा शिर र आठवटा हात भएको विश्वरुपको सुन्दर मूर्ति छ । यस मूर्तिको दायाँ तर्फ हातमा कमलको फुल लिएका लक्ष्मी र नमस्कार मुद्रामा बायाँ तर्फ गरुडको उपस्थिति देखाइएको छ । लक्ष्मीको दायाँ हात कम्मरमा अड्याइएको छ भने देब्रे हातमा लामो डाँठ सहितको कमलको फूल छ । लक्ष्मीको सानो आकारको मूर्ति भए पनि शिरमा बनाइएको जुरो, कानको कुण्डल, गलाको दानेदार माला, कम्मरबन्द सबै मिहिनेतले बनाएको देखिन्छ । यस मूर्ति फलकको सबैभन्दा माथि स-सानो आकारमा सोह्रवटा देवताका मूर्ति कुँदिएको हुनाले यस मूर्तिलाई विश्वरुप भन्न मद्दत पुगेको हो । शंख, चक्र, गदा बाहेक ढाल, धनु,

तरवार, वाण आदि आयुध आठवटा हातमा लिइएको छ । घुँडासम्म लत्रिएको वनमालाले मूर्तिको सुन्दरता बढाएको छ ।

काँधसम्म लत्रिएको घुम्रिएको कपाल, तीनचोसे मुकुट, कानमा दानेदार ठूलो कुण्डलले विष्णुको अनुहार सुन्दर देखिएको छ । दोहोरो पद्मपीठमा विष्णु उभिएका छन् । उनको दायाँतर्फ दायाँ हात कम्मरमा र देब्रे हातमा डाँठ सहितको कमलको फूल समातेको स्त्री रुपमा गदा र त्यस्तै देब्रे हात कम्मरमा र दायाँ हातले फूल समातेको चक्र पुरुष बनाइएको छ ।

इन्भेन्टरी नं. २० रहेको यो मूर्ति १६ औ, १७ औं शताब्दीको मानिएको छ । यस मूर्तिको नाप ३७×३४ से.मी. छ । वि.सं. २०५२।१२।२९ मा काठमाडौं उपत्यकामा पाइएको यस मूर्तिको अनुमानित मूल्य १०,००,००० राखिएको छ। हाल यो मूर्ति जुद्ध जातिय कलाशालामा प्रदर्शनीमा राखिएको छ ।

### ५.गरुडासन विष्णु ( चित्र नं. ५)

यो मूर्ति उडिरहेको गरुडमा बसेको विष्णुको मूर्ति हो । यसमा गरुडले पखेटा फिजाएको देखिन्छ । गरुडको मुख जीउ सबै खिइएको छ । पखेटाको बुट्टाहरू प्रष्ट देखिन्छ । पखेटाको दायाँ बायाँ छेउमा कमलासनमा बसेको दुईवटा नारीमूर्तिहरू देखिन्छ । नारी मूर्तिले एक हातले डाठ सहितको कमलको फूल र एउटा हातले कुनै वस्तु समातेको देखिन्छ । बीचमा विष्णु मूर्ति गरुडको काँधमा बसेको देखिन्छ । चार हातमा तीनवटा हात खण्डित छ । दायाँको एक हातले चक्र समातेको प्रष्ट देखिन्छ । यस मूर्तिको विष्णुको शीर पछाडि गोलो प्रभामण्डल छ । प्रभामण्डललाई शीरसँग छुट्टिने गरी हावादारी बनाएको छ । विष्णुको शीरमा गोलो बुट्टेदार मुकुट लगाएको छ। कानमा बुट्टेदार कुण्डल लगाएको छ भने घाँटीमा दानेदार हार लगाएको देखिन्छ । हातहरूमा बाजुबन्द र चुराको प्रयोग भएको छ । कम्मरमा पटुका बाँधेको देखिन्छ यज्ञोपवित पनि धारण गरेको यस मूर्तिको कम्मर मुनिको भाग खिइएको छ । माथि प्रभामण्डलसँगै गदाको एक टुक्रा रहेको छ। बीचको विष्णुको मूर्ति छुट्टिने गरी मूर्ति फलक हावादारी बनाइएको छ ।

यस मूर्तिको इन्भेन्टरी नं. ५७ रहेको छ । १० औं शताब्दीको मानिएको यस मूर्तिको नाप ४३×४५ से.मी. छ । २०५६।५।२ वि.सं. मा काठमाडौंको ह्युतमा पाइएको हो । यस

मूर्तिको अनुमानित मूल्य २५,००,०००।- राखिएको छ । लसएन्जलसको काउन्टी म्यूजियमबाट फिर्ता ल्याइएको यो मूर्ति हाल राष्ट्रिय संग्रहालयको कलाशालामा प्रदर्शनमा राखिएको छ ।

**६.श्रीधर विष्णु ( चित्र नं. ६)**

यो मूर्तिको फलकको पछाडि पट्टीको सबै भाग खण्डित छ । श्रीधरको यो मूर्तिमा बीचमा विष्णु र दायाँ लक्ष्मी र बायाँ गरुडको मूर्ति बनाइएको छ । दोहोरो कमलको फूलमाथि उभिएको लक्ष्मीको मूर्ति विष्णुको कम्मर सम्मको उचाईमा बनाइएको छ । लक्ष्मीको शिरमा मुकुट लगाएको छ । अनुहार केही खिइसकेको छ । कानमा गोलो कुण्डल लगाएको छ । पारदर्शी लुगाको प्रयोग भएको छ । गलामा दुईवटा माला लगाएको एउटा छाती सम्म आउने अर्को दानेदार माला पेटसम्म चलकेको छ । हातमा बाजुबन्द र चुरा पनि लगाएको छ । यस मूर्तिको दाहिने हात बरद मुद्रामा रहेको छ भने बायाँ हातले कमलको फूलको डाँठ समाएको देखिन्छ । कमलको फूल भने खण्डित भइसकेको छ ।

विष्णुको बायाँतिर रहेको गरुडको मूर्ति शिरमा कपालको जुरो बनाइएको र नागको मुकुट लगाइएको, कानमा गोलो कुण्डल लगाएको छ । गलामा सर्पको माला, हातमा बाजुबन्द र चुरा पनि सर्पकै लगाएको छ। दुवै हात नमस्कार मुद्रामा छ । कम्मरमा पेटी लगाएको छ । घुंडासम्म तीन तहको माला चलकेको छ। पछाडि गरुडको पखेटा बनाइएको छ । गरुडको मूर्ति पादपीठ पनि दोहोरो दल कमलको फूलको छ ।

विष्णुको मूर्तिमा शिरमा मुकुट लगाइएको छ । कानमा कुण्डल लगाएको छ। घाँटीमा बुट्टेदार नेकलेस लगाएको छ । यज्ञोपवित पनि धारण गरिएको छ । हातहरूमा बाजुबन्द र चुरा लगाएको छ। चारहातको विष्णु पछाडिको दुई हात खण्डित छ । अगाडिको दुई हातमा दायाँ हातले पद्म र बायाँ हातले शंख समातेको छ ।

यस श्रीधरको मूर्ति १३ औं शताब्दीको मानिएको छ । इन्भेन्टरी नं. ६२ रहेको यस मूर्तिको नाप ७६×५६ से.मी. रहेको छ । वि.सं. २०५३।१।१६ मा यो मूर्ति काठमाडौं उपत्यकामा प्राप्त भएको हो । अनुमानित मूल्य रु. २५,००,००० रहेको यो मूर्ति हाल राष्ट्रिय संग्रहालयको जुद्धजातीय कलाशालामा प्रदर्शनमा राखिएको छ।

७.श्रीधर विष्णु ( चित्र नं. ७)

यस मूर्तिको मूर्ति फलकमा तीनवटा मूर्तिहरू रहेको छ। बीचमा विष्णु रहेको छ भने दायाँ लक्ष्मी बायाँ गरुडको मूर्ति फलक भन्दा माथि उठाएर कुँदेको छ । दायाँ रहेको लक्ष्मीको मूर्ति डाँठ सहितको कमलको फूलमा उभिएको छ । शिर पछाडी गोलो कुँदेको प्रभामण्डल बनाइएको छ। शीरमा केश विन्यासको साथै मुकुट पनि लगाएको छ । कानमा गोलो कुण्डल, घाँटीमा बुट्टेदार नेकलेस, कम्मरमा बुट्टेदार पेटी बनाइएको छ । लक्ष्मीका दुई हातमा दायाँ हात अभय मुद्रामा र बायाँ हातले डाँठ सहितको कमलको फुल समातेको लक्ष्मी त्रिभंग मुद्रामा छ । धोतीको भुजा पनि कलात्मक ढंगले बनाइएको छ ।

विष्णुको बायाँ रहेको गरुडको शिर पछाडि गोलो प्रभामण्डलमा बुट्टाहरू कुँदेको छ। शीरमा कपालको जुरो बनाई सानो मुकुटले अडयाएको छ। कानमा गोलो कुण्डल र घाँटीमा बुट्टेदार नेकलेस छ । कम्मरमा पेटलाई अलि माथि उठ्ने गरी पेटी बाँधेको छ। अञ्जली मुद्रामा रहेको गरुड डाँठ सहितको कलमको फूलमाथि अलि त्रिभंग मुद्रामा छ । गरुडको पछाडि पखेटा पनि बनाइएको छ ।

विष्णुको शीर पछाडि गोलो बुट्टा कुदेको प्रभामण्डल माथि बीचमा सानो छत्र पनि बनाइएको छ । शीरमा कलात्मक मुकुट पहिरिएको छ । विष्णुको मुख शान्त र सुन्दर छ । कानमा गोलो कुण्डलको छेऊमा बुट्टा कुँदेको छ । घाँटीमा मोटो बुट्टा कुँदेको नेकलेस लगाएको छ । चुरा बाजुबन्द पनि बुट्टेदार नै छ । यज्ञोपवित पनि धारण गरेको छ । कम्मरमा बुट्टेदार पेटी बाँधेको छ । धोतीको मुजामा पनि बुट्टा कुदेको छ । विष्णुका चार हातमा पछाडी पट्टी दायाँ हातले चक्र र बायाँले गदा समाएको छ । त्यस्तै तलका दुई हात मध्ये दायाँले डाँठ सहीतको कमलको फूल र बायाँले शंख समाएको छ । विष्णु डाँठ सहीतकै दोहोरो पत्र दलको कमल माथि उभिएको छ । तिनै मूर्ति उभिएको फूल भन्दा तल पनि फू बुट्टा बनाइएको छ । विष्णुको तलका दुई हात मुनि फक्रेको फूल बनएको छ ,वटा जसको डाँठ पादपीठसम्म गएको छ । तीनै वटा मूर्तिमा धोतीको फेरा घुँडासम्म लचकिएको छ । यस मूर्तिको पादपिठमा नेवारी लिपिको अभिलेख रहेको छ ।

यस श्रीधर विष्णुको मूर्ति १३ औं शताब्दीको मानिएको छ, यसको नाप ५५×२५×११ से.मी. रहेको छ । वि.सं. २०५०।१२।१७ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति हाल राष्ट्रिय संग्रहालयको बौद्ध आर्ट ग्यालरीमा प्रदर्शनमा राखिएको छ ।

## ८.श्रीधर विष्णु (चित्र नं. ८)

यो मूर्ति ढुंगामा पालिस लगाएर कालो बनाई बनाइएको छ । यसमा विष्णु उभिएको छ । श्रीधरको मूर्ति अनुरुप यसमा लक्ष्मी र गरुडको मूर्ति छैन शायद खण्डित भएको हुनुपर्छ । यस मूर्तिमा विष्णुको चार हात रहेको छ । त्यसमध्ये पछाडिको दुई हात पुरा खण्डित छ । मूर्ति फलक पनि पुरै खण्डित अवस्थामा छ । शीरमा मुकुट लगाएको देखिन्छ र अनुहार पनि केही मात्रामा खिइएको छ । कानमा कुण्डल लगाएको छ वा छैन राम्रोसँग देखिदैन । घाँटीमा दुई प्रकारको माला लगाइएको छ । एउटा साधा छ भने अर्को बुट्टेदार छ । अगाडिको दुई हातमा बाजुबन्द र चुरा लगाएको देखिन्छ । यी दुई हातमा दायाँ हात बरद मुद्रामा छ भने अर्को हातमा के समातेको हो प्रष्टसँग देखिदैन । कम्मरमा साधा पेटीको प्रयोग भएको छ । हात र कम्मर छुट्टिने गरी मूर्ति फलकमा प्वाल बनाइएको छ । मूर्तिको घुँडा भन्दा तलको भाग खिइएको छ । खुट्टाको पछाडिको मूर्ति फलक केही मात्रामा देखिए तापनि खिइएको अवस्थामा छ ।

यस मूर्तिको इन्भेन्टरी नं. ९३ रहेको छ । १२ औं शताब्दीको भनि उल्लेख गरिएको यस मूर्तिको नाप २१×२४×१३ से.मी.. र १२ के.जी. रहेको छ । वि.सं. २०५२।७।१६ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्तिको अनुमानित मूल्य रु.५,००,००० राखिएको छ । हाल यो मूर्ति राष्ट्रिय संग्रहालयको बौद्ध कलाशाखामा प्रदर्शनमा राखिएको छ ।

## ९.नारायण (चित्र नं. ९)

यस नारायण मूर्ति बलौटे ढुंगाले बनेको छ । यस मूर्ति नारायणको चार हात रहेको छ । माथिका दुई हातमा दायाँ हातले कमलको फक्रेको फूल र बाँया हातले चक्र समाएको छ । तलका दुई हातमा दायाँले शंख र बायाँ हातले गदा समाएको छ । शंखको माथिको भाग खिइएको छ भने गदाको माथिको टुप्पा खिइएको छ । हातमा चेप्टो बुट्टेदार बाजुबन्द तथा चुरा लगाइएको छ । शीरमा मुकुट लगाएको छ । कानमा पुष्प कुण्डल लगाइएको छ । कानमाथि दायाँ बायाँ पनि फूलको बुट्टा कुँदेको छ । अनुहार केही खिइएको छ । घाँटीमा बुट्टेदार माला लगाएको छ । कम्मर दानेदार पेटी लगाइएको छ। धोतीको मुजा तल लचकेको छ । तिघ्रासम्म धोतीको फेरामा बुट्टाहरू कुँदेको छ । यस नारायणको मूर्तिमा दायाँ खुट्टा

मोडेर बायाँतिर लगेर पञ्जाले टेकेको छ । दायाँ बायाँ मानव आकृति रहेको छ । ती मानव आकृतिले नारायणको खुट्टा समाएको छ । तलको दुबै हातको तल फक्रेको फूलको आकृति कुँदेको छ । जसको डाँठ पादपीठसम्म गएको छ । पादपीठमा कुनै बुट्टा कुदेको छैन ।

यस मूर्तिलाई ७ औं शताब्दीको मानिएको छ इन्भेन्टरी नं. ६११ मूर्तिको नाप ११३×६२ से.मी. रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यस मूर्तिको अनुमानित मूल्य रु.१०,००,००० राखिएको छ,। हाल यो मूर्ति संग्रहालयको जुद्ध जातिय कलाशालामा प्रर्दशनीमा राखिएको छ ।

## अप्रदर्शित मुर्तिहरू

### १०.विष्णु ( चित्र नं. १०)

यो मूर्ति बलौटे ढुंगाबाट निर्मित छ । उभिएको यस नारायणको मूर्तिको चारहातहरू रहेका छन् । चार हातमध्ये माथिको दुई हातमा दायाँ हातले चक्र र बायाँ हातले गदा समातेको छ । तलका दुई हातमा दायाँ हातले शंख र बायाँ हातले पद्म लिएको छ । शिरमा मुकुट लगाएको छ। अनुहार केही खिइएको छ । कानमा गोलो कुण्डल लगाएको छ । गलामा दुई प्रकारका माला लगाइएको छ । छोटो बुट्टेदार माला छातीसम्म छ भने लामो माला पेटसम्म पुगे को छ । यस मूर्तिमा वनमाला घुँडासम्म पुगेको छ । यस मूर्तिमा गोलो चुरा लगाएको छ । बाजुबन्दको प्रयोग भएको प्रष्ट देखिदैन । कम्मर पेटी बाँधेको छ भने धोतीको मुजा र लचकेको फेरा राम्रोसँग बनाइएको छ । यसको पादपिठमा कमलको फूल बनाइएको छ । यस मूर्तिमा नारायणको टाउको माथि नौवटा नागको फणा रहेको छ । ति नाग वटारेर मूर्ति फलकको किनारामा बुट्टाको काम गरेको छ ।

यस मूर्तिको इन्भेन्टरी नं. ३७५ रहेको छ । यसको नाप ३६ से.मी. रहेको छ । वि.सं. २०५८।१२।८ मा काठमाडौं उपत्यकामा पाइएको छ । यसको अनुमानित मूल्य रु.३०,००,००० राखिएको छ । हाल यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोर शाखामा राखिएको छ ।

## ११.विष्णु (चित्र नं ११)

यो मूर्ति कालो ढुंगामा पोलिस गरेर बनाइएको छ । यस मूर्तिमा मूर्ति फलक नभई एउटा मूर्ति मात्र रहेको छ । जसको घुँडाभन्दा तलको भाग र तलको बायाँ हात खण्डित छ। मूर्ति फलक पनि खण्डित भएको हुन सकछ । शिरमा चुच्चो परेको मुकुट लगाएको छ । कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा एउटा बुट्टेदार नेकलेस र अर्को दानेदार माला पेटसम्म पुगेको छ । यस मूर्तिमा यज्ञोपवितको पनि प्रयोग भएको छ । वनमाला तिघ्रासम्म पुगेको छ जसको बुट्टा पनि प्रष्ट देखिन्छ । चार हात भएको यस नारायणको मूर्तिमा माथिका दुई हातमा दायाँ हातले चक्र र बायाँ हातले कमलको फूल समातेको छ । तलको दुई हातमा दायाँ हातले शंख समातेको छ भने बाँया हातको नाडी भन्दा तल खण्डित छ । हातमा बाजुबन्दमा फूल कुँदेको छ भने गोलो चुरामा पनि बुट्टा कुँदेको  देखिन्छ । कम्मरमा साधा पेटीको प्रयोग भएको छ भने धोतीको फेरा दुई तह बनाएर बनाएको छ । धोतीको मुजा पनि निकै राम्रोसँग देखाएको छ । यस मूर्तिको अनुहार निकै राम्रो र शालिन देखिन्छ ।

यस मूर्तिको इन्भेन्टरी नं. ३८० रहेको छ । यो मूर्ति १२ औं शताब्दीको मानिएको छ । ४३×२७ से.मी. नाप रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट यस राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यसको अनुमानित मूल्य रु.४,००,००० रहेको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा छ ।

## १२.श्रीधर विष्णु (चित्र नं. १२)

यस मूर्तिमा विष्णु कमलको फूलमाथि उभिएको छ । दायाँ बायाँ दुई वटा मूर्ति रहेको  छ । शिरमा मुकुट लगाएको छ । शिर पछाडि प्रभामण्डल पनि कुँदेको छ । कानमा चक्र जस्तो कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेसका साथै अर्को दानेदार माला पेटसम्म लचकेको छ । घुँडासम्म वनमाला पनि लगाएको छ । चार हात भएको यस श्रीधर विष्णुको मूर्ति माथि दुई हात मध्ये दायाँले चक्र र वायाँले गदा समाएको छ । तलको दुई हात मध्ये दायाँले डाँठ सहितको कमलको फूल र वायाँले शंख समाएको छ । कम्मरमा साधा पेटीको प्रयोग गरिएको छ । धोतीको फेरा र मुजा त्यति राम्रोसँग कुँदेको छैन ।

विष्णुको दायाँतिर रहेको आकृतिले टाउकोमा सानो मुकुट लगाएको छ । कानमा गोलो कुण्डल ठूलै देखिन्छ । घाँटीमा बुट्टेदार नेकलेस डाँठ सहितको कमलको फूल लिएको छ । यो मूर्तिले दुवै हातले अञ्जली बाँधी बायाँ तिर केही झुकेको छ । कम्मरमा पेटी लगाएको छ र काँधमा पछयौरा रहेको जस्तो देखिन्छ ।

यो मूर्तिको इन्भेन्टरी नं. ३९३ रहेको छ । १६ औं शताब्दीको मानिएको यो मूर्तिको नाप ६१×३३ से.मी. रहेको छ । राष्ट्रिय संग्रहालयमा यो मूर्ति वि.सं. २०५९।११।१९ मा जिल्ला प्रहरी कार्यालयबाट ल्याइएको हो । यस मूर्तिको अनुमानित मूल्य रु.७०,००० राखिएको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ ।

**१३.लक्ष्मी नारायण (चित्र नं. १३)**

यो मूर्तिको फलक हावादारी बनाएको छ । यस मूर्तिमा तीनवटा मूर्तिहरू रहेको छ। तीनैवटा मूर्तिको पादपिठ छुट्टाछुट्टै बुट्टा कुँदेको छ । लक्ष्मी कमलको फूल माथि उभिएको छ, नारायण उभिएको पादपिठ चारपाते छ र अगाडि बुट्टा कुँदेको छ भने गरुड उभिएको पादपिठमा अर्कै किसिमको बुट्टा बनाइएको छ। नारायणको दायाँ रहेको लक्ष्मीको अनुहार पुरै टाउकोसम्म खण्डित छ । शिर पछाडि प्रभामण्डल दोहोरो बनाइएको छ । ज्वालावली प्रभा भित्र विन्दु युक्त प्रभा मण्डल रहेको छ । घाँटीमा दोहोरो दानेदार माला छ । लक्ष्मीका दुई हातमा बायाँ हातले डाँठ सहितको कमलको फुल समातेको छ भने दायाँ हात बरद मुद्रामा रहेको छ । कम्मरमा बुट्टेदार पेटी बनाएको छ । धोतीको मुजा विचमा र पछाडि लचकेको देखाइएको छ ।

विचमा चार हात भएको नारायण स्थानक मुद्रामा छ । यस मूर्तिको शिर पछाडि प्रभामण्डल ज्वालावली भित्र विन्दुयुक्त घेरा छ । शिरमा मुकुट लगाएको छ , जसमा राम्रो बुट्टा कुदेको छ । कानमा कुण्डल पनि लगाएको छ । घाँटीमा दानेदार माला लगाएको छ । यस मूर्तिमा यज्ञोपवित पनि प्रष्टसँग बनाएको छ । पेटमा पटुका बाँधेको छ  जसको फेरा घुँडासम्म लचकेको छ । कम्मरको पेटीमा बुट्टा कुँदेको छ । धोतीको फेरा मूर्ति पछाडि खुट्टासम्म लचकेको देखिन्छ । नारायणको चार हातमा माथिको दुई हात मध्ये दायाँले चक्र र बायाँले गदा समातेको छ । तलका दुई हातमा दायाँले चक्र र बायाँले शंख समातेको छ । हातहरूमा बाजुबन्द र चुरा पनि लगाएको छ। नारायणको बायाँतर्फ रहेको गरुडको मूर्ति

अञ्जली मुद्रामा उभिएको छ । गरुडको शिर पछाडि पनि लक्ष्मी र नारायणको जस्तै प्रभामण्डल बनाएको छ । गरुडको शिरमा कपालको मुकुट जस्तै बनाएको छ । कानमा कुण्डल लगाएको छ । घाँटीमा सर्पको माला छ  र बाजुबन्द चुरा पनि सर्पकै छ । पछाडि गरुडको मूर्ति छुट्टिने गरी प्वाल पारेको छ । तिनवटा मूर्ति एउटै फलकमा भएको देखाउन मूर्ति पछाडि बुट्टेदार तोरण र त्यस भन्दा माथि ज्वाला जस्तो बुट्टा कुँदेको तोरण छ । जसको माथि केही भाग टुक्रेको छ । समष्टीमा यो मूर्ति ज्यादै सुन्दर देखिन्छ । यो मूर्ति मार्वल ढुंगाले निर्मित छ ।

यस मूर्तिको इन्भेन्टरी नं. ३३१ रहेको छ । १८ औं शताब्दीको मानिएको यस मूर्तिको नाप ७८ से.मी. छ । वि.सं. २०४८।१०।१३ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्तिको अनुमानित मूल्य १०,००,००० रहेको छ । हाल यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोर शाखामा राखिएको छ ।

**१४. नारायण (चित्र नं. १४)**

यस मूर्तिको फलकको छेउमा बुट्टा कुँदेर घेरा लगाएको छ । यस मूर्तिमा चार हात भएको नारायण स्थानक मुद्रामा उभिएको छ । शिर पछाडि फलक भन्दा केही माथि उठ्ने गरी प्रभामण्डल बनाएको प्रभाको घेरामा बुट्टा कुँदेको छ । शिरमा कलात्मक बुट्टाले युक्त मुकुट लगाएको छ । कानमा पुष्प कुण्डल लगाएको छ । अनुहार प्रष्ट नहुने गरी अलि खिइएको छ । घाँटीमा दुई प्रकारको मालाको प्रयोग भएको छ । एउटा बुट्टेदार छोटो माला र अर्को दानेदार लामो माला पेटसमम आएको छ । कम्मरको पेटीमा पनि बुट्टा कुँदेको छ । धोतीको मुजा देखाएको प्रष्ट देखिन्छ र फेरा पछाडि पट्टी लचकेको छ । वनमालामा पनि लगाएको यस मूर्तिमा यज्ञोपवित देखिदैन । खुट्टामा गोलो दुईवटा कल्लीको प्रयोग गरेको छ । नारायणको चार हात मध्ये माथिको दुई हातमा दायाँले चक्र र बायाँले गदा समातेको छ । गदाको माथिको दुई हातमा दायाँले चक्र र बायाँले गदा समातेको छ । गदाको माथिको भाग खिइएको छ । तलका दुई हात मध्ये दायाँले डाँठ सहितको कमलको फूल र बायाँले शंख समातेको छ । हातमा चुरा पनि लगाएको देखिन्छ तर बाजुबन्द वनमालाले छोपेको छ । यस मूर्तिको दायाँतिर सानो गरुडको मूर्ति बनाएको छ । गरुडको मुखाकृति चराको रुपमा देखिन्छ । घुँडाले टेकी अञ्जली मुद्रामा रहेको गरुडको पछाडि पखेटाको केही भाग देखिन्छ । तर गरुड धेरै प्रष्ट भने छैन । मूर्तिको पादपीठमा कमलको फूल बुट्टा बनाएको छ ।

यो मूर्तिलाई १७ औं शताब्दीको मानिएको छ। यसको नाप ३३×२१ से.मी. रहेको छ। यसको इन्भेन्टरी नं. ३०८ रहेको छ। वि.सं. २०४७।४।३२ मा काठमाडौंमा फेला परेको यो मूर्तिको अनुमानित मूल्य रु.२,००,००० राखिएको छ । हाल यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोर शाखामा रहेको छ।

**१५. नारायण (चित्र नं. १५)**

यो मूर्ति निकै कलात्मक बुट्टाहरू कुँदेर बनाइएको छ। यस मूर्तिको फलकमा पनि विधिन्न बुट्टाहरू कुँदिएको छ । मूर्तिको माथि दायाँ बायाँ मानवाकृति कुँदेको छ, जुन उडिरहेको अवस्थामा छ । नारायणको शिरमा चोसो परेको मुकुट लगाएको छ । मुकुटमा निकै राम्रो बुट्टाहरू बनाइएको छ। कानमा गोलो कुण्डल लगाएको छ। अनुहार पनि एकदम राम्रोसँग बनेको छ । निधारमा उर्णाको प्रयोग भएको छ । घाँटीमा दुई प्रकारका माला लगाएको छ अलि छोटो मालामा बुट्टा बनाएको निकै राम्रो बुट्टा बनाएको छ भने अर्को माला अलि लामो छ । यसको लामो मालाको लकेटमा बुट्टा बनाएको छ। यज्ञोपवित पनि यस मूर्तिमा मोटो बनाएको छ। कम्मरमा लगाएको पेटीमा निकै बुट्टाहरू कुँदेर बनाएको छ। घुँडामाथि सानो टुक्रा बुट्टा कुँदेको भाग देखिन्छ। जुन वनमाला हुन सक्छ। यसको माथिको भाग खण्डित भएको छ। चार हात भएको यस नारायणको मूर्ति घुँडा भन्दा तलको भागको टुक्रा भाँचिएको छ । चार हात मध्ये माथिका दुई हात मध्ये दायाँले गदा समातेको छ। गदाको माथिको भागमा बुट्टा कुँदेको छ। यस हातको कुहिना देखि तलको भाग पनि पुरै भाँचिएको छ । बायाँ हातले चक्र समातेको छ । चक्रको विचमा पनि बुट्टा कुँदेको छ । तलको दुई हात मध्ये बायाँले शंख समातेको छ । दायाँ हात पुरै भाँचिएको छ । हातमा लगाएको बाजुबन्द र चुरामा पनि बुट्टाहरू बनाएको छ।

इन्भेन्टरी नं. १३७ रहेको यो मूर्ति १२ औं शताब्दीको मानिएको छ। यसको नाप १०७×२७ से.मी. रहेको छ । वि.सं. २०२७ सालमा काठमाडौं उपत्यकामा पाइएको यो मूर्तिको अनुमानित मूल्य रु.१०,००,००० राखिएको छ। हाल यो मूर्ति राष्ट्रिय संग्रहालयका स्टोर शाखामा राखिएको छ।

**१६. नारायण (चित्र नं. १६)**

यस मूर्तिमा नारायण स्थानक मुद्रामा उभिएको छ । चार हात भएको यस नारायणको मूर्ति फलकको छेऊमा बुट्टा कुँदेको छ । त्यसभित्र विन्दुयुक्त घेरा छ । नारायणको शिर पछाडि सानो प्रभामण्डल बनाएको छ । शिरमा मुकुट लगाएको छ । मुकुटमा पातजस्तो बुट्टाहरू कुँदेको छ । कानमा लाम्चो पत्र कुण्डल लगाएको छ । घाँटीमा दुई प्रकारका माला लगाएको छ । छोटो मालामा पनि पातजस्तै लाम्चा बुट्टा कुँदेको छ । अर्को दानेदार लामो माला छातीभन्दा तल पेटसम्म आएको छ । यस मूर्तिमा यज्ञोपवित बनाएको पनि प्रष्टै देखिन्छ । यस मूर्तिमा लगाएको घुँडासम्मे आउने वनमालामा पातको बुट्टा कुँदेर बनाइएको छ । कम्मरमा लगाएको पेटीमा पनि बुट्टा देखिन्छ । धोतीको मुजा र फेरा पनि राम्रोसँग बनाइएको छ । मूर्तिको पछाडिबाट निस्केको पछ्यौरा मूर्तिको फलकसम्म धुम्रेर गएको देखाइएको छ । नारायणको चारहात मध्ये माथिका दुई हातमा दायाँले चक्र र बायाँले गदा समातेको छ । तलका दुई हातमा दायाँले डाँठ सहितको फक्रेको कमलको फूल लिएको छ र बायाँले शंख समातेको छ । हातमा बाजुबन्द र चुरा लगाएको छ । मूर्तिको पादपीठमा कमलको फूल बनाएको छ । मूर्तिको अनुहार पनि निकै राम्रो छ तर अलि खिइएको छ ।

यस मूर्तिको इन्भेन्टरी नं. २९० रहेको छ । यो १७ औं शताब्दीको मानिएको यस मूर्तिको नाप २६×२५ से.मी. रहेको छ । वि.सं. २०२७ सालमा काठमाडौं उपत्यकामा फेला परेको यस मूर्तिको अनुमानित मूल्य रु.२,००,००० राखिएको छ । हाल यो मूर्ति राष्ट्रिय संग्रहालयको स्टोर शाखामा राखिएको छ ।

**१७. श्रीधर विष्णु (चित्र नं. १७)**

यस श्रीधरको मूर्तिमा एउटै फलकमा तीनवटा मूर्तिहरू रहेको छ । बीचमा चार हात भएको नारायण र दायाँ वायाँ नारी मूर्ति रहेको छ । नारायणको शिर पछाडिको भाग खाली बनाएको छ । शिरमा लगाएको मुकुट पनि कलात्मक बुट्टा बनाइएको छ । अनुहार निकै सुन्दर देखिने यस मूर्तिको कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा लगाएको

एउटा मालामा पनि बुट्टाहरू कुँदेको छ । अर्को दानेदार माला छाती भन्दा तल सम्म पुगेको छ । कम्मरको पेटीका साथै धोतीमा समेत बुट्टा बनाएको छ । धोतीको फेरा दुई खुट्टा बीचको मुजा पनि निकै राम्रोसँग बनाएको छ । यो मूर्तिको चार हातमा माथिको दुई हात मध्ये दायाँ हातको पाखुरा देखि तलको भाग छैन भने वायाँ हातमा गदा लिएको छ । तलका दुई हातमा दायाँले कमलको फूल र बायाँले चक्र लिएको छ । हातको बाजुबन्दमा फूलबुट्टा कुँदेको छ भने चुरा साधा गोलो छ ।

नारायणको मूर्तिको दायाँतर्फ रहेको नारी मूर्तिको शिर पछाडि बुट्टेदार प्रंभामण्डल बनाइएको छ । मुकुट लगाएको यस मूर्तिको कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा बुट्टा कुँदेको माला छ । कम्मर पेटी धोतीमा मसिनो बुट्टाहरू बनाइएको छ । धोतीको फेरा पनि निकै राम्रो देखिने गरी बनाइएको छ । यस मूर्तिको दुई हातमध्ये बायाँ हात अभय मुद्रामा छ र दायाँ हातले केही समातेको हो वा वरद मुद्रामा हो छुट्टिन सकेको छैन किनभने हत्केलाको भाग खिइको छ । हातमा बुट्टा भएको सानो बाजुबन्द र चुरा साधा गोलो एउटा भन्दा बढी रहेको छ । त्यस्तै प्रकारको नारी मूर्ति वायाँ तर्फ पनि रहेको छ । तर यो मूर्ति अलि त्रिभंग मुद्रामा छ र यसको दुई हात मध्ये दायाँ अभय मुद्रामा र बायाँ हात तल झारेको छ । यी तीनै वटा मूर्ति छुट्टाछुट्टै कमलको फूलको पादपिठमा उभिएको छ । जुन मुख्य पादपिठ भन्दा अलि उठाएर बनाएको छ। मुख्य पादपीठमा पनि बुट्टाहरू कुँदेको छ । मुख्य पादपीठ देखि तिनै वटा मूर्ति ढाकिने गरी तोरण जस्तै बनाएको छ र त्यसमा पनि बुट्टाहरू कुँदेको छ । यो मूर्ति पछाडिको भाग खाली राखेर मूर्ति हावादारी बनाएको छ ।

यो मूर्ति १७ औं शताब्दीको मानिएको छ । यसको इन्भेन्टरी नं. ४१८ रहेको छ । यसको नाप ५२×७२ से.मी. छ । वि.. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा फेला परेको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यसको अनुमानित मूल्य रु.२०,००,००० राखिएको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ ।

**१८. लक्ष्मी नारायण चित्र नं. १८)**

यो मूर्ति झट्ट हेर्दा राधाकृष्णको जस्तो देखिन्छ । यस मूर्तिमा लिइएको आयुधहरूले गरेर यसलाई लक्ष्मी नारायण भन्न सकिन्छ । नारायणको शिर पछाडि प्रभामण्डल बनाएको छ । मुकुट लगाएको यस मूर्तिको अनुहार पनि राम्रो देखिन्छ । कानमा गोलो पुष्प कुण्डल

लगाएको छ । घाँटीमा नेकलेस र यज्ञोपवित पनि लगाएको छ । वनमाला घुँडा लचकेको छ । कम्मरको पेटी पनि बुट्टेदार नै छ । धोतीमा पनि बुट्टा बनाएको छ । खुट्टामा कल्लीको प्रयोग भएको छ । बाँया खुट्टा मोडेर दायाँ तर्फ लगि पञ्जाले मात्र टेकेको छ । नारायणको चारहातमा माथिको दुई हातमा दायाँले डाँठ सतिको कमलको फूल र बायाँ हातले शंख समाएको छ । भने तलका दुई हातमा दायाँले चक्र र बायाँले गदा समाएको छ । नारायणको दायाँतर्फ पंक्षीरुपको सानो गरुड बनाएको छ । जसको पखेटामा नारायण उभिएको छ । गरुड अञ्जली मुद्रामा घुडा टेकेर बसेको छ । त्यस्तै लक्ष्मीको मूर्ति नारायणको भन्दा केही सानो छ । लक्ष्मीको शिर पछाडि प्रभामण्डल छैन । शिरमा मुकुल लगाएको यस मूर्तिको निधारमा टीका पनि बनाएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा दानेदार माला र बनमाला घुँडासम्म लचकेको छ । कम्मरको पेटीमा पनि बुट्टा कुँदेको छ । जामा लगाएको यस मूर्तिको जामामा मुजा पनि राम्रोसँग बनाएको छ । लक्ष्मीको वायाँ खुट्टा मोडेर दायाँ सम्म ल्याएर टेकेको छ । लक्ष्मीको दुई हातमा दायाँ हात बरद मुद्रामा र बायाँ हात अभय मुद्रामा छ । लक्ष्मी कछुवा माथि उभिएको छ । सबभन्दा तल पादपिठमा कमलको फूल कुँदेको छ ।

यो मूर्तिलाई १७ औं शताब्दीको मानिएको छ । इन्भेन्टरी नं. ११८ रहेको यस मूर्तिको नाप ३०×१८ से.मी. रहेको छ । वि.सं. २०२७ सालमा काठमाडौं उपत्यकामा फेला परेको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यसको अनुमानित मूल्य रु.५०,००० रहेको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ ।

### १९. नारायण (चित्र नं. १९)

यस मूर्तिमा नारायण स्थानक मुद्रा उभिएको छ । यस मूर्तिको फलकमा मूर्ति छुट्टिने गरी कुममा, खाली, हातमुनी र खुट्टाको वरिपरि प्वाल बनाएको छ। फलकको बाँकी भागमा दायाँबायाँ रुखको लहरा जस्तो बनाइएको छ, जसको डाँठ पादपीठ सम्म पुगेको छ । रुखको लहरा मुनिको भागमा पनि बुट्टाहरू कुँदेको छ । नारायणको शिर पछाडि केही लाम्चो प्रभामण्डल मूर्ति फलक भन्दा केही माथि उठ्ने गरी बनाइएको छ । जसको छेउमा बुट्टा र त्यसभित्र विन्दुयुक्त घेरा बनाइएको छ । शिरमा मुकुट लगाएको छ । मुकुटको टुप्पा पनिप्रष्ट देखिने गरी बनाइएको छ । अनुहार निकै राम्रोसँग बनाइएको छ । कानमा लाम्चो पत्र

कुण्डल र त्यसभित्र विन्दु युक्त घेरा बनाइएको छ । शिरमा मुकुट लगाएको छ । मुकुटको टुप्पा पनि प्रष्ट देखिने गरी बनाइएको छ । अनुहार निकै राम्रोसँग बनाइएको छ । घाँटीमा दुई प्रकारका माला लगाएको छ । छोटो मालामा बुट्टा कुँदेको छ । लामो छाती भन्दा तल झरेको माला दानेदार छ । यस मूर्तिमा यज्ञोपवित पनि बनाइएको देखिन्छ । कम्मरमा लगाएको पेटीमा पनि कलात्मक बुट्टाका साथै त्यसको झुम्का लचकेको देखिन्छ । धोतीको फेरा दायाँबायाँ खुट्टा पछाडि र बीचमा बनाएको निकै राम्रो देखिन्छ । यस मूर्तिमा लगाएको वनमालामा पनि बुट्टा बनाएको छ । घुँडासम्म पुगेको वनमालाको माथि पछ्यौरा लचकेको पनि प्रष्ट बनाएको छ । चार हात भएको यस नारायणको मूर्तिको माथिका दुइ मध्ये दायाँले चक्र र बायाँले डाँठ सहितको कमलको फूल समातेको छ । तलका दुई हात भन्दा मुनि फक्रेको फूल  बनाएको छ , जसको डाँठ पादपीठ सम्म गएको छ । पादपीठको बीचमा कमलको फुल बनाएको छ भने दायाँबायाँ नेवारी लिपिको अभिलेख छ । यस मूर्तिका दायाँ तिरको केही भाग खिइएको छ ।

यो मूर्ति १७ औं शताब्दीको मानिएको छ । इन्भेन्टरी नं. २९१ रहेको यस मूर्तिको नाप २४×१८ से.मी. रहेको छ । काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति वि.सं. २०२७ सालमा पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यस मूर्तिको अनुमानित मूल्य रु.२,००,००० राखिएको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ ।

### २०. नारायण (चित्र नं. २०)

नारायणको मूर्ति आसन मुद्रामा रहेको छ । यस मूर्तिमा नारायणलाई सातवटा टाउको भएको नागले टाउको माथि ओडाएको छ । नागकै आसन बनाई नारायण पलेटी मारेर बसेको छ । नारायणको शिरमा चुच्चो परेको मुकुट लगाएको छ । अनुहार खिइएकोले प्रष्ट देखिदैन । कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र दानेदार अलि लामो माला छाती भन्दा तलसम्म पुगेको छ । वनमालामा फूल बुट्टा कुँदेको छ । जुन आसन भन्दा तल सम्म लचकेको छ । नारायणको चार हात मध्ये माथिको दुई हातमा दायाँले कमलको फूल वायाँले पाश समाएको छ । तलका दुई हातमा दायाँहात कुहिनादेखि तलको भाग खिइएको छ भने बायाँ हातको हत्केलाको भाग पनि खिइएको हुनाले समाएको वस्तु

देखिदैन । कम्मरमा पेटी लगाएको छ जसमा बुट्टाहरू बनाएको छ । मूर्तिको माथिको टुप्पो भाग पनि टुक्रिएको छ । मूर्ति फलकको छेउको घेरामा पनि साधारण बुट्टा कुदेको छ ।

यो मूर्तिलाई १६ औं शताब्दीको मानिएको छ । इन्भेन्टरी नं. ३२९ रहेको यस मूर्तिको नाप १९×१३ रहेको छ । वि.सं. २०४८।१०।१३ मा फेला परेको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । यसको अनुमानित मूल्य रु.१,५०,००० राखिएको छ । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ ।

## २१. नारायण ( चित्र नं. २१ )

गरुडमाथि पलेंटी मारेर बसेको यस नारायणको मूर्तिको मुखाकृति सबै खिइसकेको छ । शिरमा मुकुट लगाएको देखिन्छ । कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा दुई प्रकारका माला लगाइएको छ । एउटा छोटो माला छातीसम्म र अर्को दानेदार माला पेटसम्म लचकेको छ । यस मूर्तिमा वनमाला पनि लगाएको छ । यस नारायण मूर्तिको चारवटा हात रहेका छन् । दायाँ दुई हात मध्ये माथिको हातले चक्र समातेको छ भने तलको हातले पद्म समातेको छ । त्यस्तै बायाँ दुई हात मध्ये माथिको हातले वस्तु खण्डीत भएकोले प्रष्ट देखिदैन । तलको हातले शंख समातेको छ । जुन राम्रोसँग प्रष्ट देखिदैन । कम्मरमा पेटी लगाएको देखिन्छ ।

नारायण बसेको गरुडको मूर्तिमा गरुडले पखेटा फैलाएर उड्न लागको जस्तो बनाइएको छ । गरुडको मुख पनि खिइसकेको छ । कानमा कुण्डल लगाएको जस्तो देखिन्छ । घाँटीमा माला पनि लगाएको छ । गरुडको पखेटामा अगाडि हात पनि बनाइएको छ । गरुडको खुट्टा दुईतिर फर्केको छ । यस मूर्ति फलकको किनारमा बुट्टा कुँदेको छ ।

यस मूर्तिलाई नवौं शताब्दीको मानिएको छ । यसको इन्भेन्टरी सि.नं. ३०५ रहेको छ । यसको नाप २३×१६ से.मी. रहेको छ । वि.सं. २०४७।३।१५ सालमा काठमाडौंमा पाइएको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति यस संग्रहालयको स्टोर शाखामा रहेको छ । यसको अनुमानित मूल्य रु.२,००,०००।- रहेको छ ।

## २२. लक्ष्मी नारायण ( चित्र नं. २२ )

यस लक्ष्मी नारायणको मूर्ति फलकको घेरामा ज्वालावली घेरा भित्र विन्दु युक्त घेरा बनाइएको छ । यो मूर्ति भ्रुट्ट हेर्दा उमामहेश्वरको जस्तो देखिन्छ तर यस मूर्तिमा लिइएको आयुधहरू र अन्य बुट्टाबाट लक्ष्मी नारायणको मूर्ति भएको प्रष्ट देखिन्छ । यस मूर्तिमा नारायण पलेटी मारोर बसेको छ । जसको बायाँ तिघ्रामाथि लक्ष्मी बसेकी छिन् । लक्ष्मीको बायाँ खुट्टा तल भ्रुरेर कछुवा माथि राखिएको छ । नारायणलाई पाँचवटा टाउको भएको नागले टाउको माथि ओडाएको छ । त्यही नागको शरीरमा नारायण बसेको छ । नारायणको शीरमा मुकुट लगाएको छ । यसको मुखाकृति राम्रोसँग कुँदेको छ । कानमा पुष्प कुण्डल लगाइएको छ । घाँटीमा दुई प्रकारको माला छ । एउटा नेकलेस फूलबुट्टे छ अर्को दानेदार माला पेटसम्म लचकेको छ । छातिभन्दा अलि तल गोलो तीन तहको केही बाधेको छ । कम्मरमा बुट्टेदार पेटी लगाइएको छ । यस मूर्तिमा लगाइएको वनमाला नारायणको काखसम्म लट्की

एको छ। वनमालामा पनि फूलबुट्टा राम्रोसँग कुँदिएको छ । यस नारायणको मूर्ति चार हात रहेको छ। चार हात मध्ये दायाँको दुई हातमा माथिकोले चक्र समातेको छ, तलको हातले फक्रेको कमलको फूल  समातेको छ । त्यस्तै बायाँ दुई हातले माथिको हातले गदा र तलको हातले शंख समातेको छ । जुन लक्ष्मीको बायाँतिरसम्म गएको छ । पाखुरामा तीन तहको गोलो बाजुबन्द लगाएको छ । नाडीमा गोलो एउटा मात्र चुरा बनाइएको छ । नारायणको मूर्तिको धोतीमा पनि बुट्टा कुँदिएको छ ।

लक्ष्मीको मूर्तिमा प्रभामण्डल पनि बनाइएको छ । शीरमा चुच्चो परेको मुकुट लगाइएको छ । कानमा पुष्प कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेस र अर्को दानेदार लामो माला लगाइएको छ । लक्ष्मीले पनि बनमाला लगाइएको छ । लक्ष्मीका दुई हातमध्ये दायाँ हात बरद मुद्रामा र बायाँ हात अभय मुद्रामा छ । हातमा बाजुबन्द चुरा पनि लगाएको छ । त्यस्तै घोतीमा पनि बुट्टा कुदिएको छ ।

यो मूर्तिलाई १९ औं शताब्दीको मानिएको छ । यसको इन्भेन्ट्री सि.नं. ३२२ रहेको छ । यसको नाप २६×२१ से.मी. रहेको छ । वि.सं. २०४८ सालमा फेला परेको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ । यसको अनुमानित मूल्य रु. २,००,०००।- रहेको छ ।

**२३. विष्णु ( चित्र नं. २३ )**

यस विष्णु मूर्ति फलकको किनारमा बुट्टाहरू कुँदिएको छ । माथिको केही भाग खण्डित छ । यस विष्णु मूर्तिको शीरमा मुकुट लगाएको छ । मुख खिइएको हुनाले प्रष्ट देखिदैन् । कानमा फू बुट्टे कुण्डल लगाएको छ । घाँटीमा दुई प्रकारको माला लगाइएको छ । छाटो नेकलेस बुट्टेदार छ भएको अर्को दानेदार माला अलि लामो छ । यस मूर्तिमा यज्ञोपवित पनि लगाइएको छ । विष्णुको वनमाला घुँडा भन्दा माथिसम्म लचकेको छ । कम्मरमा बुट्टेदार पेटी पनि कुँदेको छ। यस मूर्तिमा घोतीको फेरा पनि राम्रोसँग बनाइएको छ । जुन मूर्तिको पाठपिठबाट लहरा सहित बनाइएको छ । मूर्तिको दायाँतिर पादपिठमा गुरुडको सानो मूर्ति बनाइएको छ । जुन पंक्षीरुपमा छ । यसको हात अञ्जुली मुद्रामा छ । तल पादपीठमा साधारण केही बुट्टाहरू कुँदिएको छ ।

यो विष्णुको मूर्तिलाई १७ औं शताब्दीको मानिएको छ । यसको इन्भेन्टरी सि.नं. ३३० रहेको छ । यसको नाप १५×९ से.मी. रहेको छ। वि.सं. २०४८।१०।१३ मा काठमाडौंमा पाइएको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको स्टोर शाखामा रहेको छ । यसको अनुमानित मूल्य १,००,०००।- राखिएको छ ।

**२४. विष्णु ( चित्र नं. २४ )**

यस मूर्ति फलकको किनारामा ज्वालावली युक्त घेराभित्र विन्दुयुक्त घेरा बनाइएको छ । त्यसभित्र नारायणको मूर्ति पलेंटी मारेर कमलको फूलमाथि बसेको छ । नारायणको टाउको पछाडि प्रभा मण्डल पनि बनाएको छ । शीरमा लगाएको मुकुट केही खडित भएकोले यसको बुट्टाहरू प्रष्ट देखिदैन । यस मूर्तिको मुख पनि केही खिइएको छ । कानमा गोलो पुष्प कुण्डल लगाइएको छ । घाँटीमा नेकलेस र दानेदार दुई प्रकारको माला लगाइएको छ । यस मूर्तिमा यज्ञोपवित पनि धारण गरिएको छ । बुट्टेदार वनमाला नारायणको मूर्तिको काख भन्दा तलसम्म पुगेको छ । चार हात भएको यस विष्णुको हातहरूमा चुरा तथा बाजुबन्द लगाइएको छ । दायाँको दुई हात मध्ये माथिको हातले चक्र समातेको छ भने तलको हातले पद्म समातेको छ भने बायांका दुई हात मध्ये माथिको

हातले गदा समातेको छ भने तलको हातले शंख समातेको छ । यस मूर्तिको कम्मरमा लगाएको पेटीमा राम्रो बुट्टा बनाइएको छ । विष्णु बसेको कमलको फूलको तल गरुडको मूर्ति बनाइएको छ । गरुडका मुख मानावाकारको छ । टाउकोमा कपालको गुजुल्टोको बनाएर माथि जुरो बनाइएको छ। कानमा सर्पको कुण्डल लगाएको छ। हातमा बाजुबन्द र चुरा पनि बनाइएको छ । हात पछाडि पखेटाको बुट्टा कुँदेको छ । गरुडको खुट्टा चराको जस्तो बनाइएको छ । गरुडको मूर्ति भन्दा तल कमलको फूलको पादपीद बनाइएको छ । गरुडको दायांबायां पनि अनेक लहरायुक्त बुट्टाहरू कुँदेको छ।

यो विष्णुको मूर्तिलाई १४ औं शताब्दीको मानिएको छ। यसको इन्भेन्टरी सि.नं. ३८७ रहेको छ यसको नाप ५४×३४ से.मि. रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौंमा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा रहेको छ।

## २५. विष्णु ( चित्र नं. २५)

यस मूर्तिको फलकको दाहिने भाग खण्डित भएको छ। यस मूर्तिको फलक हावादारी बनाइएको छ। यसमा विष्णु र गरुडको मूर्ति रहेको छ। मूर्तिको बनौट हेर्दा विष्णुको दायाँ तिर लक्ष्मीको मूर्ति हुनुपर्ने जस्तो देखिन्छ तर मूर्ति खण्डित भएको हुनाले यकिनसँग भन्न सकिदैन । यसमा नारायणको मूर्ति एकदम राम्रोसँग बनाइएको छ । शीरमा लगाइएको मुकुटमा अनेक बुट्टाहरूले सिंगारिएको छ । कानमा पुष्प कुण्डल लगाइएको छ । घाँटीमा दानेदार दुई तहको माला लगाइएको छ। यस मूर्तिमा यज्ञोपवितको पनि प्रयोग भएको छ। पेटमाथि गोलो तीन तहको पटुका जस्तो बाँधेको छ । जसको फेर मूर्तिको तिघ्रा सम्म पुगेको छ। कम्मरमा लगाएको पेटीमा पनि अनेक बुट्टाहरू कुँदेको छ। त्यस्तै धोतीमा पनि बुट्टाहरू बनाइएको छ। धोतीको मुजा दुई खुट्टाको बीचमा लचकेको पनि एकदम राम्रोसँग बनाइएको छ। यस मूर्तिमा नारायणले वनमाला लगाएको छैन। नारायणको चारहात मध्ये दायाँ दुई हातमा तलको हात कुहिना देखि तलको भाग खण्डित छ। भने माथिको हातले चक्र समातेको छ। बायाँको दुई हात मध्ये माथिको हातले गदा समातेको छ भने तलको हातले शंख समातेको छ। हातहरूमा बेरुवा बाजुबन्द र गोलो चुरा लगाइएको छ। शीर पछाडि बनाएको प्रभामण्डल पनि टुक्रिएको छ।

नारायणको बाँया तिर गरुडको मूर्ति रहेको छ । यसको शीर पछाडि पनि प्रभा मण्डल बनाइएको छ । कपाललाई लाई माथि लगि मुकुट जस्तो बनाइएको छ । कानमा पुष्प कुण्डल लगाएको छ । बायाँ कानदेखि तल कम्मर सम्मको भाग टुक्रिएको हुनाले हातको मुद्रा देखिदैन । धोती लगाएको मानवाकारको गरुडको मूर्तिमा यज्ञोपवित पनि लगाएको देखिन्छ । यस मूर्तिको पाठपीठ पनि टुक्रिएको अवस्थामा छ ।

यो मूर्तिलाई बाह्रौं शताब्दीको मानिएको छ । यसको इन्भेन्टरी सि.नं. ३५२ रहेको छ । यसको नाप ४३×६० से.मी. रहेको छ । वि.सं. २०५२।१२।२९ मा काठमाडौंमा पाइएको यो मूर्ति पुरातत्व विभागबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति सग्रहालयको भण्डार शाखामा रहेको छ । यसको अनुमानित मूल्य १०,००,००० राखिएको छ ।

## २६. लक्ष्मी नारायण ( चित्र नं. २६)

यस लक्ष्मी नारायण मूर्तिको फलकको छेऊ किनारमा ज्वाला जस्तो बुट्टा बनाइएको छ । जसको केही भाग टुक्रिएको छ । यस मूर्तिमा नारायणको शीर पछाडि प्रभामण्डल बनाइएको छ। मुकुट अलि चुच्चो परेको बुट्टाहरू कुँदेको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेस लगाएको छ । त्यस्तै अर्को दानेदार माला पेटसम्म लचकेको छ । यसमा वनमाला पनि लगाएको छ ,जुन नारायणको काखसम्म पुगेको छ । नारायणको चार हात रहेका छन् । जसमा दायाँतिर माथिको हातले चक्र समातको छ भने तलको हातले शंख समातेको छ । बायाँतिरको हात लक्ष्मीको बायाँतिरसम्म पुगेको छ । हातमा चुरा लगाएको देखिन्छ ।

नारायणको काखमा रहेको लक्ष्मीको शिरमा पनि मुकुट लगाएको छ । लक्ष्मीले पनि वनमाला लगाएको छ , जसमा बुट्टा कुँदेको छ । कम्मरमा पेटी पनि लगाएको देखिन्छ । लक्ष्मीले बायाँ खुट्टा मोडेको र दायाँ खुट्टा तल झारेर बसेको छ । दुईहात मध्ये बायाँ हात अभय मुद्रामा र दायाँ हात वरद मुद्रामा रहेको छ । हातमा चुराहरू भए नभएको प्रष्ट दैखिदैन । लक्ष्मीनारायण बसेको आसन भन्दा तल पादपीठमा गरुड र कछुवाको मूर्ति कुँदेको छ । दायाँतिर रहेको गरुड अञ्जली मुद्रामा छ । गरुडको पछाडि पखेटा पनि बनाएको छ । एउटा घुँडाले टेकेर बसेको गरुडको टाउकोमा कपालको गुजुल्टो देखिन्छ । अरु गहनाहरू प्रस्ट देखिंदैन । बायाँतिर बनाएको कछुवाको चाँही प्राकृतिक रुपमा नै प्रस्तुत गरिएको छ ।

यो लक्ष्मी नारायणको मूर्तिलाई सत्रौं शताब्दीको मानिएको छ । यसको इन्भेन्टरी सि.नं. ३१५ रहेको छ । यस मूर्तिको नाप १७×११ से.मी. रहेको छ । वि.सं. २०४८/८/११ मा संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. १,००,०००।- राखिएको छ ।

**२७. लक्ष्मी नारायण ( चित्र नं. २७ )**

यस मूर्ति फलकको बीचमा नारायण र दायाँबाया श्री लक्षी र भूलक्ष्मी रहेको छ । मूर्ति फलकको पछाडी तोरण जस्तो बनाएर त्यसमा बुट्टाहरू बनाइएको छ। नारायणको मूर्ति छुट्टिने गरी मूर्ति फलक हावादारी बनाइएको छ । नारायणको मूर्तिको शीर पछाडी लाम्चो प्रभा मण्डल बनाइएको छ । शीरमा लगाइएको मुकुटमा अनेक बुट्टाहरू कुँदेको छ । कानमो गोलो पुष्प  कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेस र एउटा दानेदार लामो माला तलसम्म लचकेको छ । चारहात भएको नारायणको कम्मरमा लगाएको पेटीमा पनि बुट्टाहरू कुँदेको छ। दायाँ तिरको दुई हात मधये माथिको हातले शंख समातेको छ भने तलको हातले कमलको फूल समातेको छ । त्यस्तै बाँयातिर माथिको हातले चक्र समातेको छ भने तलको हातले गदा समातेको छ । नारायण उठेको आसन तल गरुडको सानो मूर्ति कुदिएको छ । दुई हात पखेटा फैलाएर टुक्रुक्क बसेको गरुड पंक्षी रुपमा बनाइएको छ । नारायणको दायाँ रहेको लक्ष्मी फक्रेको कमलको फूल माथि उभिएकी छिन । लक्ष्मीको मूर्ति पछाडी पनि लाम्चो प्रभामण्डल रहेको छ। शीरमा लगाएको मुकुटमा कलात्मक बुट्टाहरू कुँदिएको छ । कानमा पुष्प कुण्डल लगाएकी छिन् । घाँटीमा कलात्मक बुट्टा भएको नेकलेस लगाएकी छिन । यस लक्ष्मीको मूर्तिमा वनमाला पनि लगाएकी छिन् । लक्ष्मीको दुई हात मध्ये दायाँ हात बरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ । कम्मरमा लगाइएको पेटीमा पनि कलात्मक बुट्टाहरू कुँदिएको छ भने धोतीको बुट्टा तथा फेरा निकै राम्रोसँग बनाइएको छ। लक्षीले बायाँ खुट्टा मोडेर दायाँतिर ल्याई पञ्जाले मात्र टेकेकी छिन् । यस्तै नारायणको बायाँतिर लक्ष्मीको मूर्ति रहेको छ । यस मूर्तिको हात पनि बरद र अभय मुद्रामा नै रहेको छ । यसमा चाहीं दायाँ खुट्टा मोडेर बायाँतिर लगेर पञ्जाले टेकेकी छिन र अलि नारायणको दायाँ तिर ढल्केको छ ।

यस लक्ष्मी नारायणको मूर्तिलाई १७ औं शताब्दीको मानिएको छ । यसको पादपीठमा तल छेउमा नेवारी लिपीको अभिलेख रहेको छ । यसको इन्भेन्टरी सि.नं. १४९ रहेको छ । यसको नाप १४×२३ से.मी. रहेको छ । वि.सं. २०२७ मा काठमाडौंमा पाइएको हो । राष्ट्रिय संग्रहालय छाउनीले यो मूर्ति रु. ३०।- मा किनेको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. १,५०,०००।- राखिएको छ ।

**२८. लक्ष्मीनारायण** ( **चित्र नं. २८** )

कालो ढुंगाबाट निर्मित यस मूर्ति फलकको छेऊमा ज्वालावली बुट्टा कुँदिएको छ । यस मूर्तिमा नारायण कमलको आसनमा बसेको छ र दायाँ खुट्टाले गरुड माथि टेकेको छ । शीर पछाडि रहेको प्रभा मण्डलको किनारामा बुट्टाहरू बनाइएको छ । शीरमा तीन चोसो परेको मुकुट लगाइएको छ जसमा कलात्मक बुट्टा बनाइएको छ । कानमो ठूलो पुष्प कुण्डल लगाइएको छ । यस मूर्तिको अनुहारमा उर्णा पनि बनाएको छ । घाँटीमा छोटो कलात्मक नेकलेस र लामो दानेदार माला लगाइएको छ । त्यस्तै वनमाला खुट्टासम्म चलकेको छ। कम्मरमा लगाइएको पेटीमा पनि कलात्मक बुट्टाहरू बनाइएको छ । चार हात भएको नारायणको दायाँको दुई हातमा क्रमशः माथि शंख र तल कमलको फूल (पद्म) लिएको छ । त्यस्तै बायाँतिरको हातहरूमा क्रमशः माथि गदा र तल चक्र लिएको छ । यी हातहरू लक्ष्मीको पछाडिबाट निस्केको छ । हातहरूमा चुरा पनि लगाएको छ । खुट्टामा कल्ली पनि लगाएको छ ।

नारायणको बायाँ काखमा लक्ष्मी बसेकी छिन् । लक्ष्मीको बायाँ खुट्टा झारेर कछुवा माथि टेकेकी छिन् । लक्ष्मीको शीरमा कलात्मक मुकुट लगाएको छ भने पछाडि प्रभामण्डल पनि बनाइएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेस र वनमाला लगाइएको छ ।

नारायणको दायाँ तिर रहेको गरुड पंक्षी रुपमा अञ्जली मुद्रामा बनाइएको छ। मूर्तिको सबभन्दा तल पादपिठमा कमलको फूल बनाइएको छ ।

अठारौं शताब्दीको मानिएको यो मूर्तिको इन्भेन्टरी सि.नं. १५१ रहेको छ । यसको नाप २१×१६ से.मी. रहेको छ । वि.सं. २०२७ सालमा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति राष्ट्रिय संग्रहालयले यो मूर्ति ५ रुपियामा किनेको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा रहेको छ । यस मूर्तिको अनुमानित मूल्य रु. २,००,०००।- राखिएको छ ।

## २९. विष्णु ( चित्र नं. २९ )

यस मूर्तिमा तल साधा पादपीठ माथि कमलको फूल बनाई त्यसमाथि नारायणको मूर्ति उभिएको बनाइएको छ । फलकको किनारामा ज्वालावली बुट्टा र त्यसभित्र विन्दुयुक्त घेरा बनाइएको छ । शिरमा कलात्मक मुकुट लगाइएको यस नारायणको मूर्तिको कानमा पुष्प कुण्डल लगाईएको छ । घाँटीमा गोलो दाना जस्तो नेकलेस लगाइएको छ । कम्मरमा पेटी पनि घाँटीको माला जस्तै छ । यस मूर्तिमा यज्ञोपवित पनि लगाएको छ । चार हातमा क्रमशः दायाँतिर माथि शंख र तल पद्म लिएको छ । त्यस्तै बायांतिरको माथिको हात पूरै खण्डित छ भने तलको हातले चक्र लिएको छ । हातको बाजुबन्दमा फूल बुट्टा कुँदेको छ भने चुरा साधा गोलो लगाइएको छ । धोतीको मुजा देखाउने धर्कोहरू पनि बनाइएको छ । धोतीको फेरामा पनि बुट्टाहरू कुँदेको छ । यस मूर्ति फलकको दायाँ किनार भन्दा बायाँ किनार बढी भाँचिएको छ । पादपीठ भन्दा तल ढुंगाको लामो भाग निकालेको छ जुन मूर्ति गाड्न वा अडाउन बनाएको हुन सक्छ ।

सोह्रौ शताब्दीको मानिएको यस मूर्तिको इन्भेन्टरी सि.नं. ४२१ रहेको छ । यसको नाप ६०×२६ से.मी रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. ५,००,०००।- राखिएको छ ।

## ३०. लक्ष्मी नारायण ( चित्र नं. ३० )

यस मूर्तिको फलकको किनारामा धेरै कलातमक बुट्टा कुँदेको छैन । यस मूर्तिमा लक्ष्मी र नारायण कमलको फूल माथि उभिएको छ । शीरमा कलात्मक मुकुट लगाएको छ भने पछाडी प्रभामण्डल पनि बनाइएको छ । निधारमा उर्णा पनि बनाइएको छ । कानमा गोलो पुष्प कुण्डल लगाइएको छ । वनमाला घुँडासम्म लचकिने गरी लगाइएको छ । कम्मरमा लगाइएको पेटीमा पनि कलात्मक बुट्टा कुँदेको छ । नारायणको चार हातहरूमा दायाँतिर क्रमशः माथि पद्म र तल शंख लिएको र त्यस्तै बायाँतिर माथि गदा र तल चक्र लिएको छ । हातमा बाजुबन्द र चुरा लगाइको छ । नारायणको बायाँ खुट्टा मोडेर अगाडिबाट दायाँतिर लगेर पञ्जाले टेकेको छ ।

नारायणको बायाँतिरको लक्ष्मीको मूर्तिको शीरमा कलात्मक मुकुट लगाइएको छ भने पछाडि प्रभामण्डल बनाइएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा कलात्मक नेकलेस लगाएको छ । लक्ष्मीले वनमाला पनि लगाएको छ । जुन घुँडासम्म लचकेको छ । कम्मरमा लगाएको पेटी पनि कलात्मक बुट्टाले भरिएको छ । लक्ष्मीले लगाएको जामाको मुजा देखिने गरी कुँदेको छ । लक्ष्मीको दुई हातमा दायाँ हात बरद र बायाँ हात अभय मुद्रामा रहेको छ । हातमा चुरा र बाजुबन्द पनि लगाइएको छ । दायाँ खुट्टा मोडेर पछाडितिरबाट बायाँतिर ल्याई पञ्जाले टेकेको छ । नारायणको दायाँतिर तल छेउमा गरुडको सानो मूर्ति बनाइएको छ । पंक्षी रुपमा बनाएको गरुड अञ्जली मुद्रामा दायाँ खुट्टाले टेकी बायाँ खुट्टाको घुँडाले टेकेको छ ।

सत्रौं शताब्दीको मानिएको यस मूर्तिको इन्भेन्टरी सि.नं. १५० रहेको छ । यसको नाप १४×२३ से.मी. रहेको छ । वि.सं. २०२७ सालमा काठमाडौंमा पाइएको यो मूर्ति राष्ट्रिय संग्रहालयले रु. ३० मा किनेको थियो मूर्ति राष्ट्रिय संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. ३,००,०००।- राखिएको छ ।

**३१. लक्ष्मी नारायण** ( चित्र नं. ३१ )

यस लक्ष्मी नारायण मूर्तिको फलक हावादारी बनाइएको छ । तल पादपीठमा कमलको पत्र दल जस्तो बुट्टा कुँदेको छ । नारायणको शीरमा मुकुट लगाएको छ जसमा कलात्मक बुट्टाहरू कुँदेको छ । शीर पछाडि प्रभा मण्डल पनि रहेको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा अलि मोटो नेकलेस लगाएको छ । यस मूर्तिमा यज्ञोपवित पनि लगाइएको छ । कम्मरमा लगाइएको पेटीमा पनि कलात्मक बुट्टाहरू कुँदेको छ । यस मूर्तिमा वनमाला घुँडासम्म चलकेको छ । चार हात भएको नारायणको दायाँतिर माथिको हातले चक्र र तलको हातले कमलको फूल समातेको छ । त्यस्तै बायाँतिर माथिको हातले गदा समातेको छ भने तलको हात खण्डित भएको छ । नारायण दुई खुट्टा फटाएर भिमसेन जस्तो गरी उभिएको छ । हातमा चुरा लगाएको छ भने बाजुबन्द भए नभएको देखिदैन । दायाँतिरको हात पनि माथि सबै खिइएको छ ।

खुट्टामा कल्ली पनि लगाएको छ । धोतीको फेराको मुजा पनि एकदम राम्रोसँग कुँदेको छ । दायाँ खुट्टाको तल मूर्तिको फलकको छेउमा गरुडको मूर्ति बनाएको छ । जसको माथिको सम्पूर्ण भाग खण्डित छ ।

नारायणको बायाँतिर काँधसम्म आउने लक्ष्मीको मूर्ति रहेको छ । लक्ष्मीको शीरमा कलात्मक बुट्टा भएको मुकुट लगाएको छ । कानमा गोलो कुण्डल र घाँटीमा नेकलेस लगाएको छ । घुँडासम्म लचकिने गरी वनमाला पनि लगाएको छ। जसमा फूल बुट्टा कुँदेको छ । त्यस्तै कम्मरमा पनि बुट्टेदार पेटी लगाएको छ । लक्ष्मीको दुवै हात खण्डित भएको हुँदा यसको मुद्राहरू देख्न सकिँदैन । लक्ष्मीले बायाँ खुट्टाले कछुवामाथि टेकी दायाँ खुट्टा मोडेर बायाँतिर लगेको छ । तर तल खण्डित भएकोले खुट्टाको भाग र कछुवा प्रष्ट देखिदैन ।

सत्रौं शताब्दीको मानिएको यस लक्ष्मी नारायणको मूर्तिको इन्भेन्टरी सि.नं. ४२३ रहेको छ । यसको नाप २८×१९ से.मी. रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा फेला परेको यो मूर्ति जिल्ला प्रहरी कार्यालय, काठमाडौंबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. ३,००,०००।- राखिएको छ ।

### ३२. विष्णु ( चित्र नं. ३२ )

यो विष्णु मूर्ति फलक एकदम खिइसकेको अवस्थामा रहेको छ । यसकारण यसमा कुँदिएका बुट्टा, चिन्हरू प्रष्टसँग देखिदैन । यस मूर्ति फलकको किनारामा ज्वालावली बुट्टा कुँदिएको जस्तो देखिन्छ तर प्रष्ट देखिदैन यसमा चार हात भएको नारायण उभिएको छ । पादपीठमा पनि कुनै प्रकारको बुट्टा कुदेको देखिदैन । नारायणको शीर पछाडि प्रभामण्डल रहेको छ भने शीरमा मुकुट पनि लगाएको छ । कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा माला लगाएको छ तर प्रष्ट छैन । त्यस्तै वनमाला घुँडासम्म लचकेको देखिन्छ । कम्मरमा पेटी बाँधेको छ भने धोतीको फेरा पनि देखिन्छ तर प्रष्ट छैन । चारहात रहेको नारायणको दायाँतिर माथिको हातले चक्र र तलको हातले कमलको फूल समातेको छ । त्यस्तै बायाँ तिर माथिको हातले गदा र तलको हातले शंख समातेको छ । तलका दुई हात पछाडि गोलो फूल जस्तो बनाइएको छ र त्यसभन्दा तलबाट कुनै लहरा जस्तो उडेर गएको जस्तो गरी मूर्ति फलकको किनारसम्म पुगेको छ । नारायणको मूर्तिको तल छेऊमा गरुडको

मूर्ति बनाइएको छ । जुन पंक्षी रुपको गरुड जस्तो देखिन्छ यसको बाहिरी आकार मात्र देखिन्छ । अरु कुँदेका बुट्टाहरू देखिदैंन । शायद यो मूर्ति बनेको ढुंगाको प्रकारले गर्दा चाडै बुट्टाहरू  खिइएर गएको हुनुपर्छ ।

पन्ध्रौं शताब्दीको मानिएको यस मूर्तिको इन्भेन्टरी सि.नं. ३९६ रहेको छ । यसको नाप २९×१८ से.मी. रहेको छ । वि.सं. २०५९।११।१९ गते काठमाडौं उपत्यकामा पाइएको हो । यो मूर्ति जिल्ला प्रहरी कार्यालय, काठमाडौंबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. २,००,०००।- राखिएको छ ।

**३३. विष्णु ( चित्र नं. ३३ )**

यस मूर्ति फलकको किनारामा कलात्मक बुट्टाहरू कुँदेको छ । त्यसभन्दा भित्र विन्दुयुक्त घेरा रहेको छ । विष्णुको शीर पछाडि प्रभामण्डल रहेको छ । प्रभामण्डलको किनारमा ज्वालावली बुट्टा कुँदेको छ । प्रभाको माथि फूलको लहरा जस्तो बुट्टा कुँदेको छ । शीरमा मुकुट लगाएको छ । जसमा बुट्टाहरू कुँदेको छ । कानमा पुष्प कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र दानेदार अलि लामो माला लगाएको छ । यस मूर्तिमा यज्ञोपवित पनि लगाएको छ । कम्मरमा पेटीको प्रयोग भएको छ । घुँडासम्म लचकिने गरी वनमाला पनि लगाएको

छ । धोतीको फेरा देखिने गरी कुँदेको छ । चार हात भएको यस विष्णुको हातहरूमा बाजुबन्द र चुरा लगाएको छ । दायाँतिर माथिको हातले चक्र र तलको हातले शंख समातेको छ । त्यस्तै बायाँ तिर माथिको हातले गदा र तलको हातले कमलको फूल समातेको छ । जसको डाँठ पादपिठसम्म गएको छ। पादपीठको सबभन्दा तल कमलको फूल बनाइएको छ । त्यसमाथि लहरा जस्तो बुट्टा बनाइएको छ । त्यसमाथि विष्णु उभिएको छ ।

विष्णु मूर्तिको तल दायाँ छेउमा सानो पंक्षी रुपको गरुडको मूर्ति बनाइएको छ । जुन पखेटा फिजाएर अञ्जली मुद्रामा एउटा घुँडा टेकेर बसेको छ ।

अठारौं शताब्दी मानिएको यस विष्णु मूर्तिको इन्भेन्टरी सि.नं. ४११ रहेको छ । यसको नाप ४६×२३ से.मी. छ । वि.सं. २०५९।११।१९ मा काठमाडौंमा भेटिएको यो मूर्ति जिल्ला प्रहरी कार्यालय काठमाडौंबाट यस संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको

भण्डार शाखामा राखिएको छ । यस मूर्तिको अनुमानित मूल्य रु. ३,००,०००।- राखिएको छ ।

**३४. नारायण ( चित्र नं.३४ )**

यस नारायणको मूर्ति फलकको किनारामा बुट्टा कुँदिएको छ । छेऊमा केही भाग टुक्रिएको अवस्थामा रहेको छ । नारायणले शीरमा मुकुट लगाएको छ । शीर पछाडि प्रभामण्डल बनाएको छैन । तर पछाडि केही बुट्टाहरू कुँदिएको छ । कानमा गोलो पष्प कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र दानेदार अलि लामो माला लगाएको छाती भन्दा अलि तल तीन तहको गोलो पटुका जस्तो बाँधेको छ । यस मूर्तिमा यज्ञोपवित पनि बनाइएको छ । त्यस्तै घुँडासम्म चलकिने गरी वनमाला पनि पहिरिएको छ । जसमा बुट्टाहरू कुँदेको छ । कम्मरमा लगाएको पेटीको बुट्टा प्रष्ट देखिदैंन । धोतीको मुजा र फेरा फैलिएको देखाइएको छ ।

चार हात भएको यस नारायणको मूर्तिको दायाँतिर माथिको हातले चक्र र तलको हातले शंख समातेको छ । त्यस्तै बायाँतिर माथिको हातले गदा र तलको हातले डाँठ सहितको कमलको फूल समातेको छ । हातहरूमा बाजुबन्द र चुरा पनि लगाइएको छ । नारायण उभिएको पादपीठ मूर्तिको घुँडा देखि तल खिइएको हुनाले यसमा बुट्टा कुँदेको छ छैन देखिदैन । यसमा गरुडको मूर्ति पनि कुँदेको देखिदैन ।

अठारौं शताब्दीको मानिएको यस नारायणको इन्भेन्टरी नं. ४६९ रहेको छ । यसको नाप १६ × १० से.मी.रहेको छ । २०२७५।२ गते काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति पुरातत्व विभागबाट यस राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यस मूर्तिको अनुमानित मूल्य रु. ५०,०००।- राखिएको छ ।

**३५ लक्ष्मीनारायण ( चित्र नं.३५ )**

यो लक्ष्मी नारायण मूर्तिको फलक निकै कलात्मक बुट्टाहरूले भरिएको छ । मूर्तिको किनारामा फूलको लहरा कुँदेर तोरण जस्तो बनाएको छ । माथि बीचमा छत्र पनि बनाएको छ। बीचमा दोहोरा दलको कमलको फूल माथि लक्ष्मी नारायण बसेको छ । नारायणको

दाहिने खुट्टाले टेकी बायाँ खुट्टा मोडेर बसेको छ र त्यसमाथि लक्ष्मी बसेकी छिन् । नारायणको शिर पछाडि गोलो प्रभामण्डल बनाएको छ । शीरमा कलात्मक बुट्टाले भरिएको मुकुट लगाएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा बुट्टेदार नेकलेस लगाएको छ । यस मूर्तिमा यज्ञोपवित पनि लगाएको छ भने बुट्टेदार वनमाला काखसम्म लचकेको छ । कम्मरमा लगाएको पेटी पनि कलात्मक छ । नारायणको चार हात मध्ये दायाँ तिर माथिको हातले चक्र र तलको हातले डाँठ सहितको कमलको फूल समातेको छ । भने बायातिर माथिको हात लक्ष्मीको काध माथि गएर गदा समातेको छ । तलको हात लक्ष्मीको कम्मरमा र शंख समातेको छ । हातहरूमा बाजुबन्द र चुरा पनि लगाएको छ । नारायणले लगाएको धोती र धोतीको किनारमा पनि बुट्टा कुँदेको छ ।

नारायणको बायाँ जाँघमा बसेकी लक्ष्मीले बायाँ खुट्टा झारेर टेकेको छ । लक्ष्मीको शीर पछाडि लाम्चो प्रभामण्डल बनाएको छ । शीरमा लगाएको मुकुट कलात्मक बुट्टाले भरिएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा लगाएको नेकलेस बुट्टेदार छ । कम्मरमा लगाएको पेटीमा पनि कलात्मक छ । धोती र धोतीको किनारमा पनि बुट्टा कुँदेको छ । लक्ष्मीको दुई हात मध्ये दायाँ हात बरद मुद्रामा र बायाँ हात अभय मुद्रामा रहेको छ । हातहरूमा बाजुबन्द र चुरा पनि लगाएको छ ।

लक्ष्मी नारायाण बसेको कमलको आसन मुनी गरुडको मूर्ति बनाइएको छ । मूर्तिको पादपीठ भन्दा माथि ढुंगा जस्तो देखिने गरी कुँदेको छ र त्यसमाथि गरुड बायाँ खुट्टाको घुँडा र दायाँ खुट्टाको पैतालाले टेकी अञ्जली मुद्रामा बसेको छ । गरुडले पखेटा फिंजाएको छ । गरुडको शीरमा कपालको मुकुट जस्तो बनाएको छ ॥ कानमा गोलो कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र हातहरूमा बाजुबन्द र चुरा पनि लगाएको छ ।

उन्नाइसौं शताब्दीको मानिएको यस मूर्तिको इन्भेन्टरी नं. १९३ रहेको छ । यसको नाप ४४× २८ से.मी. र तौल १५ के.जी. रहेको छ । वि.सं. २०२७।११।२३ मा काठमाडौंमा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट यस संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. ५,००,०००।- राखिएको छ ।

### ३६. लक्ष्मी नारायण - चित्र नं. ३६ )

यस लक्ष्मी नारायणको मूर्ति फलकको पादपीठमा कमलको फूल बनाएको छ । त्यसमाथि दायाँ छेउमा पंक्षीरुपको गरुड अञ्जली मुद्रामा बना

को छ । बायाँ छेउमा सानो कछुवा बनाएको छ । बीचमा साधारण बुट्टा कुँदेर बनाएको भागमा नारायण उभिएको छ भने लक्ष्मीको एउटा खुट्टा नारायण उभिएकै ठाउँमा र एउटा खुट्टा कछुवा माथि छ । मूर्ति पलकको किनारमा बुट्टा कुँदेको छ । नारायणको शिर पछाडी प्रभामण्डल बनाइएको छ । शिरमा लगाएको मुकुट निकै कलात्मक बुट्टाहरूले भरिएको छ । नारायणको निधारमा उर्णा पनि बनाइएको छ । भने अनुहार अलि खिइएको छ । कानमा गोलो पुष्प कुण्डल लगााइएको छ । घाँटीमा बुट्टेदार नेकलेस र दानेदार अलि लामो माला लगाइएको छ । त्यस्तै घुँडासम्म लचकिएको वनमालामा पनि एकदम राम्रो पातको लहरा जस्तो बुट्टाहरू कुँदेको छ । नारायणका चारहात मध्ये दायाँतिर माथिको हातले कमलको फूल र तलको हातले शंख समातेको छ । त्यस्तै बायाँतिर माथिको हातले गदा र तलको हातले चक्र समातेको छ तर बायाँतिरको भाग देखिदैन । हातमा बाजुबन्द र चुरा लगाएको छ । चुरामा फूल बुट्टा पनि बनाएको छ । नारायणले बायाँ खुट्टा मोडेर अगाडिबाट ल्याई दायाँतिर लगि पञ्जाले मात्र टेकेको छ । खुट्टामा लगाएको कल्लीमा पनि फूलबुट्टा कुँदेको छ ।

नारायणको बायाँतिर उभिएकी लक्ष्मीको शीर पछाडि पनि प्रभा मण्डल बनाएको छ । शिरमा लगाएको मुकुटमा निकै कलात्मक बुट्टाहरू कुँदेको छ । कानमा गोलो पुष्प कुण्डल लगाइएको छ । घाँटीमा नेकलेस लगाएको छ । घुँडासम्म लचकेको वनमालामा विन्दुयुक्त बुट्टा बनाइएको छ । कम्मरको पेटीमा र धोती किनारमा पनि बुट्टाहरू कुँदेको छ । लक्ष्मीको दायाँ हातमा चुरा पनि लगाएको छ ।

सत्रौं शताब्दीको मानिएको यस लक्ष्मी नारायणको मूर्तिको इन्भेन्टरी सि.नं. ११४ रहेको छ । यसको नाप २६×१८ से.मी. र तौल ७ के.जी. रहेको छ। वि.सं. २०२७ सालमा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति राष्ट्रिय संग्रहालयले एक रुपियाँ ७५ पैसामा किनेको थियो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य रु. १,००,०००।- राखिएको छ ।

**३७. लक्ष्मी नारायण ( चित्र नं. ३७ )**

यस लक्ष्मी नारायण मूर्ति फलकको किनारामा बुट्टा कुँदेको छ । त्यसभित्र विन्दुयुक्त घेरा बनाइएको छ । त्यसभित्र लक्ष्मी नारायणको मूर्ति कुँदिएको छ । नारायणको शीर पछाडि गोलो ज्वालावली भित्र विन्दु युक्त घेरा भएको प्रभामण्डल रहेको छ । शीरमा कलात्मक बुट्टा भएको मुकुट लगाएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र दानेदार अलि लामो माला लगाएको छ । त्यस्तै घुँडासम्म आउने गरी वनमाला लगाएको छ । कम्मरमा लगाएको पेटीमा पनि कलात्मक बुट्टाहरू कुँदेको छ । तर अलि खिइएको अवस्थामा रहेको हुँदा प्रष्ट देखिंदैन । धोतीको किनारमा पनि बुट्टाहरू कुँदेको छ । चारहात भएको नारायणको दायाँतिर माथिको हातले चक्र र तलको हातले अगाडि ल्याएर बाण समातेको जस्तो देखिन्छ । त्यस्तै बायाँतिर माथिको हातले गदा र तलको हातले लक्ष्मीको कम्मर सम्म पुऱ्याई धनुष समातेको छ । लक्ष्मी र नारायण कमलको फूल माथि उभिएको छ । नारायणले दुवै खुट्टा फाटेर भिमसेन उभिए जस्तो गरी उभिएको छ ।

नारायणको बायाँतिर लक्ष्मी बायाँ खुट्टा अगाडि ल्याएर टेकेको छ भने दायाँ खुट्टाको पञ्जाले मात्र टेकेको छ । लक्ष्मीको शिर पछाडि पनि नारायणको जस्तै प्रभामण्डल रहेको छ । शिरमा कपालको मुकुट जस्तो बनाएर सिंगारेको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटीमा नेकलेस र वनमाला घुँडासम्म लचकिने गरी लगाएको छ । कम्मरमा लगाएको पेटी पनि कलात्मक बुट्टा कुँदेको छ । लक्ष्मीले लगाएको जामाको मुजा निकै राम्रोसँग देखिने गरी बनाइएको छ । लक्ष्मीका दुई हात मध्ये दायाँ हात बरद मुद्रा र बायाँ हात अभय मुद्रामा रहेको छ ।

अठारौं शताब्दीको मानिएको यो लक्ष्मी नारायणको मूर्तिको इन्भेन्टरी सि.नं. ४१४ रहेको छ । यसको नाप ३८×२५ से.मी. रहेको छ भने तौल ९ के.जी. रहेको छ । वि.सं. २०५९।११।१९ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति जिल्ला प्रहरी कार्यालयबाट राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा रहेको छ । यसको अनुमानित मूल्य रु. ३,००,०००।- राखिएको छ ।

**३८. विष्णु ( चित्र नं. ३८)**

यस विष्णुको मूर्ति फलकको किनारमा बुट्टा कुँदेको छ । पादपीठमा कमलको फूल बनाइएको छ । त्यस माथि विष्णु उभिएको छ । विष्णुको शीर पछाडि लाम्चो प्रभामण्डल बनाइएको छ । जसको किनारमा बुट्टा कुँदेको छ । शिरमा कलात्मक बुट्टा कुँदेको मुकुट लगाएको छ । कानमा गोलो पुष्प कुण्डल लगाएको छ । घाँटी दानेदार नेकलेस र त्यस्तै अलि लामो माला लगाइएको छ । कम्मरमा लगाइएको पेटी पनि विन्दु युक्त बनाइएको छ । विष्णुले लगाएको धोतीको फेरा अनि किनारमा कलात्मक बुट्टाहरू कुँदेको छ । चार हात भएको यस विष्णुको मूर्तिको दायाँतिर माथिको हातले चक्र समातेको छ , भने तलको हातले समातेको वस्तु प्रष्ट देखिदैन । त्यस्तै बायाँतिर माथिको हातले गदा समातको छ भने तलको हातले समातेको वस्तु प्रष्ट नदेखिने गरी खिइएको छ । हातहरूमा चुरा लगाइएको छ भने बेरुवा बाजुबन्द लगाइएको छ । तलका दुई हात मुनि फूल कुँदेको छ जसको लहरा पादपीठ सम्म गएको छ ।

बीसौं शताब्दीको मानिएको यस विष्णु मूर्तिको इन्भेन्टरी सि.नं. १९१ रहेको छ । यसको नाप ३९×२३ से.मी. रहेको छ भने तौल १२ के.जी. रहेको छ । वि.सं. २०२७।११।२३ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति डि.एस.पि. कार्यालयबाट यस राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यस मूर्तिको अनुमानित मूल्य २,००,०००।- राखिएको छ ।

**३९. विष्णु ( चित्र नं. ३९ )**

यस विष्णु मूर्तिको फलकको किनारमा बुट्टा कुँदिएको छ । माथिको किनारा भाग खण्डित भएको छ । पादपीठमा कमलको फूल बनाइएको छ । त्यसमाथि विष्णु उभिएको छ । विष्णुको शिर पछाडि किनारमा बुट्टा कुँदेको प्रभामण्डल बनाएको छ । शिरमा कलात्मक बुट्टा कुँदेको मुकुट लगाइएको छ । अनुहराम उर्जा पनि कुँदेको छ । कानमा लाम्चो पात जस्तो कुण्डल लगाएको छ । धाँटीमा नेकलेस र दानेदार माला लगाइएको । यस मूर्तिमा यज्ञोपवित पनि लगाएको छ । विष्णु मूर्तिको चार हातमध्ये दायाँतिर माथिको हातले चक्र र तलको

हातले कमलको फूल समातेको छ । त्यस्तै बायाँतिर माथिको हातले गदा र तलको हातले शंख समातेको छ । हातहरूमा चुरा पनि लगाएको छ । तलका दुई हात मुनि लहरा जस्तो बुट्टा कुँदेको छ जुन पादपीठ सम्म भएको छ । विष्णको् खुट्टामा कल्ली पनि लगाएको छ । दायाँतिर तल पादपीठको कमलको फूल माथि सानो गरुडको मूर्ति बनाइएको छ । पंक्षी रुपमा रहेको गरुडले दायाँ खुट्टाले टेकेको र बायाँ खुट्टाको घुँडाले टेकेर अञ्जली मुद्रामा बसेको छ ।

उन्नाइसौं शताब्दीको मानिएको यस विष्णु मूर्तिको इन्भेन्टरी सि.नं. १८८ रहेको छ । यसको नाप २३×१६ से.मी. र तौल २ के.जी. रहेको छ । वि.सं. २०२७।११।२३ मा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति डि.एस.पि. कार्यालयबाट यस राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यस मूर्तिको अनुमानित मूल्य रु. १,००,०००।- राखिएको छ ।

## ४०. विष्णु ( चित्र नं. ४० )

यस विष्णु मूर्तिको फलकको किनारमा अग्नी ज्वालाको बुट्टा कुँदेको छ । बीचमा रहेको विष्णुको मूर्ति कमलको फूल माथि उभिएको छ । शीर पछाडी तल सानो र माथि ठूलो हुँदै चुच्चो परेको प्रभा मण्डल रहेको छ । प्रभा भित्र शिर माथि पाँच टाउको भएको नागको फणा बनाइएको छ । नागको शरीर नारायणको काँधसम्म पुगेको छ । शिरमा लगाएको मुकुटमा कलात्मक बुट्टाहरू कुँदेको छ । शिर पछाडि अरु बुट्टाहरू पनि कुँदेको छ । निधारमा गोलो टिका पनि बनाइएको छ । कानमा पत्र कुण्डल लगाइएको छ । घाँटीमा मोटो नेकलेस र दानेदार माला लगाइएको छ । त्यस्तै यज्ञोपवित धारण गरेको यस मूर्तिमा लगाइएको वनमाला घुँडा भन्दा तलसम्म लचकेको छ । कम्मर बुट्टेदार पेटीलगाइएको छ भने धोतीमा सामान्य बुट्टा कुँदेको छ । चार हात भएको यस विष्णु मूर्तिमा क्रमश: दायाँतिर माथिको हातले पद्म र तलको हातले चक्र लिएको छ त्यस्तै बायाँतिर माथिको हातले शंख र तलको हातले गदा लिएको छ तर यो भागको टुक्रा खिइएको छ । हातहरूमा गोलो चुरा लगाइएको छ भने खुट्टामा पनि गोलो कल्ली लगाइएको छ । तलका हातहरू पछाडि फूलको आकृति बनाइएको छ जसको डाँठ पादपीठ सम्म गएको छ ।

पादपीठको दायां छेउमा सानो पंक्षी रुपको गरुड मूर्ति बनाइएको छ । यसमा गरुडको हात अञ्जली मुद्रामा रहेको छ ।

सत्रौं शताब्दीको मानिएको यस विष्णु मूर्तिको इन्भेन्टरी सि.नं. ३६८ रहेको । यसको नाप ४०×२५ से.मी. र तौल १० के.जी. रहेको छ । वि.सं. २०५८ सालमा काठमाडौं उपत्यकामा पाइएको यो मूर्ति पुरातत्व विभागबाट यस राष्ट्रिय संग्रहालयमा ल्याइएको हो । हाल यो मूर्ति संग्रहालयको भण्डार शाखामा राखिएको छ । यसको अनुमानित मूल्य ५,००,०००।- राखिएको छ ।

# उपसंहार

राष्ट्रिय संग्रहालयभित्र मात्र सिमित रहेर यो शोध ग्रन्थ तयार भएको छ । संग्रहालय भित्र विभिन्न समप्रदायका थुप्रै मूर्तिकलाहरू रहेका छन् । ती सबैको अध्ययन अनुसन्धान अझै बाँकी छन् । वैष्णव धर्म उपत्यकामा निकै लोकप्रिय धर्मको रुपमा रहेको कुरा यस संग्रहालय भित्र थुप्रै मूर्तिहरू भएबाट थाहा हुन्छ । मानदेव अघिका कुनै पनि शिलालेखहरू प्राप्त नभएकोले नेपाली मूर्तिकलाको काल निर्धारण गर्न अप्ठेरो परेको छ । तर भारतीय मूर्तिहरूसँगको तुलनात्मक अध्ययनबाट नेपाली मूर्तिकलाको प्राचीनतालाई पुरातात्विक प्रमाणको आधारमा ईशाको प्रथम शताब्दीसम्म पुऱ्याउन सकिएको छ । हालसम्म प्राप्त उपत्यकाको वैष्णव धर्मसँग सम्बन्धित सर्व प्राचीन मूर्ति पाटन च्यासल हिटीको गजलक्ष्मीको मूर्तिलाई लिन सकिन्छ । त्यस पछिका कतिपय मूर्तिहरूमा मथुरा, कुषाण शैलीको प्रभाव परेको देखिन्छ । मानदेवको समय र त्यसपछिको नेपाली मूर्तिकलामा चरम विकास भयो । मानदेवका विष्णु विक्रान्त मूर्तिहरू, बाङ्गेमुढाको बुद्ध मूर्ति, धुमबाराहीको बराह मूर्ति, चाँगुको विश्वरुप , त्रिविक्रम, गरुडासन विष्णु, बुढानिलकण्ठको जलाशयन विष्णु, हनुमानढोकाको जलाशयन, कालियदमन मूर्ति, अमरकान्तेश्वरको उमामहेश्वर आदि मूर्तिहरू बने जुन मूर्तिहरू नेपाली मूर्तिकला क्षेत्रमा उत्कृष्ट मूर्तिहरूमा गणना गरिन्छ । यी लिच्छवीकालीन मूर्तिहरूमा कुनैमा तिथिमिति समेत उल्लेख भएकोले अन्य मूर्तिहरूसँग तुलनात्मक अध्ययन गर्न पनि सकिएको छ ।

त्यसपछि मध्यकालमा आएर मूर्तिकला क्षेत्रमा शैलीगत रुपमा व्यापक परिवर्तन भयो । व्यावसायिक रुपमा धातु, काष्ठ, चित्रकला आदि समेतको विकासबाट प्रस्तर मूर्तिकला क्षेत्रमा, कलाकारितामा ह्रास आयो । यसबाट लिच्छवीकालीन कलाकारहरू मध्यकालीन कलाकारहरू भन्दा दक्ष थिए भन्ने मत देखियो । तर गहिरिएर विचार गर्दा मध्यकालमा पनि दक्ष कलाकारको अभाव भने थिएन ।

लिच्छवीकालमा थोरै मात्र मूर्ति बने जुन सबै उत्कृष्ट नै थिए । मध्यकालमा व्यावसायिक रुपमा मूर्तिहरू निर्माण हुन थाले । त्यसकारण मूर्तिहरूमा कलाकारको अदक्षता देखिन थाल्यो । तर राज्यले शासकवर्गले चाहेमा सुन्दर कलाकृति निर्माण हुन्थ्यो भन्ने कुरा हनुमानढोकामा प्राप्त नरसिंह मूर्ति, भक्तपुर दरबार अगाडि राखिएका उग्रचण्डी र भैरवका मूर्तिहरू, त्यही कै हनुमान र नरसिंह, भक्तपुर कला संग्रहालयको हरिहर आदिबाट प्रष्ट हुन्छ । यी उल्लेखित मूर्तिहरूमा शासक वर्गको प्रत्यक्ष संलग्नता भएको हुँदा र ती

कलाकृतिमा प्रशस्त धन खर्च गरिएको हुँदा कलाकृति पनि भव्य बने । यी कृतिहरू कुनै पनि लिच्छवीकालीन मूर्तिहरू भन्दा कम छैनन् । जनस्तरमै निर्माण भएका कतिपय मूर्तिहरू पनि कलाकारिताको दृष्टिले उत्कृष्ट बनेका छन् जस्तै जयवागेश्वरीको महागौरीको मूर्ति, हाँडीगाउँको सरस्वती आदि मूर्तिहरूलाई लिन सकिन्छ । यसबाट के बुझिन्छ भने मध्यकालमा पनि दक्ष कलाकारहरूको कमी थिएन ।

विष्णुका विभिन्न स्वरुपका मूर्तिहरू प्राचीनकालदेखि नै निर्माण हुन थालेको पाइन्छ । उपत्यकामा यस्ता मूर्तिहरूमा पर स्वरुपका विष्णु स्थानक मूर्तिहरू नै ज्यादा पाइएका छन् । प्राचीनकालमा केवल विष्णुको मात्र मूर्ति निर्माण हुन्थ्यो भने समय परिवर्तन क्रमसँगै विष्णुका मूर्तिहरूमा लक्ष्मी र गरुड मूर्तिहरू बने तर यस कालमा बनेका कतिपय मूर्तिहरू कलाकारिताको दृष्टिले निम्न स्तरीय देखिन्छ । मध्यकालमा आएर विष्णुको साथमा लक्ष्मी र भूदेवी साथै गरुड पनि अंकित गरिएका मूर्तिहरू बने । साथै विष्णुका स्थानक, आसन, शयन, अवतार सम्बन्धी, विश्वरुप, परिवार मूर्तिहरू आदि समेत बने ।

विभिन्न ठाउँहरूमा छरिएर रहेका मूर्तिहरू बाहेक राष्ट्रिय संग्रहालयमा समेत वैष्णव धर्म सम्बन्धी विष्णु, श्रीधर विष्णु, विश्वरुप विष्णुका मूर्तिहरू थुप्रै मात्रामा रहेका छन् ।

राष्ट्रिय संग्रहालयको प्रदर्शनको कक्षमा रहेका भन्दा बढी मूर्तिहरू भण्डारमा रहेका छन् । ती मध्ये कति मूर्तिहरू अधिल्लो शताब्दीका पनि रहेका छन् । यी मूर्तिहरू स्थान अभावका कारण, जिम्मेवारीपनको कमीले प्रदर्शन गर्न सकेका छैन । स्वस्थ्य अनुकुल वातावरण रहित ठाउँमा भण्डार रहे अनुरुप मूर्तिहरू नष्ट हुने सम्भावना बढी हुन्छ । यी अमूल्य कृतिहरू संरक्षण, सम्भारको कमीले गर्दा नष्ट हुने अवस्थामा पुग्न सकिने हुनाले सम्बन्धित निकायको ध्यानाकर्षण गर्न अत्यन्त जरुरी भएको छ ।

हाम्रा पुर्खाले छोडेर गएका अमूल्य कृतिहरू हराउने सम्भावना भई रहने हुनाले असुरक्षित स्थानमा भएका कलाकृतिहरू उठाएर ल्याई पुरातत्व विभागको जिम्मा संग्रहालयमा राख्ने व्यवस्था रहेको छ । तर संग्रहालयमा राखेर मात्र त्यस्ता कृतिहरू सुरक्षित हुन्छ भन्ने कुरामा हामी ढुक्क हुनु हुँदैन । कलाकृतिहरूको उचित मर्मत सम्भार नहुने हुँदा संग्रहालयमा ल्याएको कुनै औचित्य रहँदैन । त्यसैले संग्रहालयले अहिले भएका कलाकृति, मूर्तिहरू र अव ल्याइने वा आउने कलाकृतिको उचित भण्डारको व्यवस्था गर्नु अत्यन्त जरुरी भइसकेको छ ।

# सन्दर्भ ग्रन्थसूची


**नेपाली (Nepali)**

१) रेग्मी जगदीशचन्द्र, नेपालको धार्मिक इतिहास, काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३० ।

२) बज्राचार्य मनबज्र, नेपालका मध्यकालीन कला, श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालय, सूचना विभाग नो.डि.।

३) जोशी, सत्यमोहन, नेपाली मूर्तिकलाको विकासक्रम, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२ ।

४) खनाल मोहनप्रसाद, नेपाली कला, साझा प्रकाशन, २०५२ ।

५) खनाल मोहनप्रसाद, चाँगुनारायणको एतिहासिक सामग्री,काठमाण्डौं :नेपाल र एशियाली अनुसन्धान केन्द्र,२०४० ।

६) बाङ्देल लैनसिंह, काठमाडौं : प्राचीन नेपाली मूर्तिकलाको इतिहास, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९,।

७) भट्टराई, गोविन्दप्रसाद, नेपाली मूर्तिकला, इल्या भट्टराई ।

८) पौड्याल, वीणा, नेपाली मूर्तिकला र चित्रकला, नेपाल इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि.वि. कीर्तिपुर, २०५७ ।

९) पौड्याल वीणा, काठमाडौं : उपत्यकाका विष्णु विभवमूर्तिहरू, काठमाण्डौं :नेपाल एशियाली अनुसन्धान केन्द्र, २०६० ।

१०) जोशी हरिराम, नेपाली प्राचीन अभिलेख, ने.रा.प्र.प्र., २०३० ।

११) शर्मा कुलचन्द्र, अमरकोष, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं. २०२६ ।

**हिन्दी :**

१. डा.श्रीवास्तव वृजभूषण,प्राचीन भारतीय पतिमा विज्ञानएवं मूर्तिकला,भारत : विश्वविद्यालय प्रकाशनल चौक, वाराणसी २२१००१,सन् २००१ ।

२. डा.गिरीचन्द्र शुक्ल,डा. विमलेश कुमार पाण्डेय,भारत : मोतीलाल वनारसीदास, सन् २००२

**अंग्रेजी :**

1. P.Pal Vaisava iconology in Nepal, Asiatic societ, Calcutta, 1985.
2. P. Pal 'Art of Nepal.
3. T.A. Gopinath Rao, Elements of Hindu Iconography, volume 1, part I, Motilal B. Delhi.
4. J.N. Banerjea, The Development of Hindu Iconography, M.M. 1985.
5. Krishna Deva Images of Nepal, Archeo-logical survey of India, New Delhi, 1984.
6. Kalpana Desal - Iconography of Vishnu.
7. Lain Sing Bangdel - Stolen Image of Nepal.
8. D.R. Regmi, Ancient Nepal, Calcutta, 1960.
9. Steva Kramrich, The Art of Nepal, Newyork, 1964.
10. Albertc.moor, Iconography of Religions, London, S.C.S., 1977 A.D.

**शोधग्रन्थ :अप्रकाशित**

१) वीणा पौड्याल :राष्ट्रिय संग्रहालयका केही मूर्तिहरू (स्नातकोत्तर त्रि.वि.वि., २०३८)

२) शंकर श्रेष्ठ : काठमाडौं उपत्यकाका वैष्णव मूर्तिकला (स्नातकोत्तर त्रि.वि.वि., २०५२)